अध्याय - एक

# परिचय

# (Introduction)

## १. पृष्ठभूमि

आमसञ्चार माध्यम लोकतान्त्रिक व्यवस्थाको एक अभिन्न अङ्ग मानिन्छ । लोकतान्त्रिक व्यवस्थामा आमसञ्चार क्षेत्रले आमजनताका दबिएर रहेका आवाजलाई उजागर गरी "आवाजविहिनहरूको आवाज" को भूमिका निभाउँछ भन्ने आदर्श पनि स्थापित छ । त्यसैले जनताको माया, लोकप्रियतासँगसँगै आमसञ्चार माध्यमप्रति आमजनताका आस्था र अपेक्षा उत्तिकै प्रबल रुपमा रहेको हुन्छ । त्यसैले राज्यको चौथो अंगको सम्मान वा मान्यता पनि सँगसँगै जोडिएर आउँछ भने आमसञ्चार क्षेत्रको पनि यो दायित्व हो कि आमजनताका जनजीवनका विभिन्न पक्षका मुद्दाहरूलाई प्रकाशमा ल्याई समाधानको मार्ग पहिल्याउन सहजकर्ताको रुपमा कार्य गर्नु । यही आशा वि.सं. २०४६ सालको क्रान्तिपछि थप बढेको पाइन्छ ।

## १.१ नेपाली आमसञ्चारमा जनजातिका कुरा

नेपालमा आमसञ्चारको विकासक्रमलाई नियाल्दा २०४६ सालको जनआन्दोलनले प्रजातन्त्र स्थापना गरेपछि मात्रै नेपाली जनसमुदायका विविध आवाजले अभिव्यक्ति पाउने अवसर मिलेको पाइन्छ । जनआन्दोलनपछि बनेको प्रजातान्त्रिक संविधान *नेपाल अधिराज्यको संविधान २०४७* ले मौलिक हकका रुपमा समानताको हक (धारा ११), स्वतन्त्रताको हक (धारा १२) र छापाखाना तथा पत्रपत्रिका सम्बन्धी हक (धारा १३) को व्यवस्थाले निरंकुशताको शिकार हुँदै आएको नेपाली समाजलाई खुला वातावरण मात्र प्रदान गरेन जनमतको पनि कदर हुने परिपाटी वा संस्कार विकासको माहौल तयार गरिदियो ।

२००७ सालअघिसम्म राणासत्ताको पकडमा रहेको नेपालको आमसञ्चार २००७ देखि २०१७ सालबीच केही खुल्ने मौका पाएको थियो । यद्यपि मिडियाले तत्कालीन अवस्थामा समग्र नेपाली जनताका आकांक्षालाई नेतृत्व दिई राजनीतिक दलका मत अभिव्यक्त गर्ने कसरतमा केन्द्रित रह्यो, नेपाली समाजमा जेलिएर रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी लगायत विभिन्न वर्ग समुदायका मुद्दाहरूपट्टि ध्यान दिइएको

थिएन । झन् पञ्चायतकालमा त दलगत मिसन पत्रकारिता र पञ्चकारिताको बोलवाला रह्‌यो । यस विकासक्रममा २०४७ को संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेपछि अधिराज्यभर विविध खाले आमसञ्चार माध्यमहरूको अभ्यास, व्यावसायिक तथा प्रतिस्पर्धात्मक वातावरण विकास भयो  र महिला, दलित, आदिवासी जनजाति, मधेशी लगायतका कुराहरू पनि कमै भएपनि मूलधारका तथा अन्य वैकल्पिक माध्यमबाट प्रकाशनमा आउन थालेको छ ।

२०४७ सालको संविधानकै आधारमा विभिन्न जातीय, पेशागत तथा सामाजिक सङ्घ सङ्गठनहरूको स्थापना र तिनका सक्रिय गतिविधिले विभिन्न वर्ग समुदायका पीर मर्काहरूलाई अभिव्यक्त गर्न मद्दत गर्‍यो । यसैबीच नेपालका आदिवासी जनजाति बुद्धिजीवी र जनजाति सङ्गठनहरूको अगुवाईमा अगाडि बढाइएको जनजाति आन्दोलनको विकासक्रमा मिडियामा आदिवासी जनजातिका आवाज प्रतिध्वनित हुन थालेको देखिन्छ ।

प्रजातन्त्रिक व्यवस्थामा सबै वर्ग समुदाय, अल्पसंख्यकसमेतका अभिमतको कदर हुन्छ । बहुलवादमा विश्वास गरिन्छ । त्यस्तै पत्रकारिताको व्यावसायिक मूल्य मान्यता, सामाजिक उत्तरदायित्व एवं समानताको अवधारणा अनुसार मिडियाले  सूचना सम्प्रेषणमा निष्पक्ष, पूर्वाग्रहरहित र सन्तुलन (प्रस्तुति, 'कभरेज', प्राथमिकतामा पनि) को पालना गर्ने विश्वास गरिन्छ । यस हिसाबले चाहिँ नेपाली आमसञ्चार क्षेत्रले विविध कारणले आदिवासी जनजातिलाई सन्तुलित व्यवहार नगरेको तथ्य अध्ययनहरूले देखाएका छन् । (वन्त र पराजुली (२०५८) सन् २००१, उप्रेतीः सन् २००३, यात्रुः सन् २००४ र गुरुङः सन् २००५) ।

मूलधारका आमसञ्चारका माध्यमहरूले उचित स्थान नदिएकाले जनजाति स्वयं आफ्नै व्यक्तिगत तथा सामुदायिक पहलमा पत्रपत्रिका प्रकाशन गर्ने[१], पेशागत रुपमा पत्रकारितामा सक्रिय जनजाति समुदायका पत्रकारहरू संगठित हुने (२०५६ असार २६ गते **नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ,** २०६३ मा **नेवाः सञ्चार सञ्जाल**को स्थापना), जनजाति पत्रकारको सङ्ख्या तथा सीप विकासका कार्यक्रमहरू चलाउने आदि विभिन्न तरिकाले आफ्ना मुद्दाहरूको प्रचारप्रसारका लागि प्रयास गरिरहेको पाइन्छ ।

नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) ले आफ्ना उद्देश्यहरूमा आदिवासी जनजाति पत्रकारहरूलाई सङ्गठित बनाएर व्यावसायिक नेतृत्व प्रदान गर्ने,

---

[१] पत्रकार चुनबहादुर गुरुङले आदिवासी जनजाति समुदायद्वारा सञ्चालन गरिएका पत्रपत्रिकाका विविध पक्षबारे २०६३ को अन्त्यतिर एक छुट्टै अध्ययन पूरा गर्नुभएको छ । गुरुङका अनुसार आदिवासी जनजातिहरूले आफै सामुदायिक पत्रपत्रिका प्रकाशन गर्दा वार्षिक करोडौं लगानी भइरहेको देखिन्छ । अहिलेसम्म समग्रमा झण्डै एक अर्बको हाराहारीमा खर्च गरे होलान् । (घलेः २०६३ः २००)

पेशागत हितमा काम गर्ने, आदिवासी जनजातिकाहरूलाई संस्थागत रुपमा सञ्चार माध्यममा लाग्न प्ररित गर्ने, आदिवासी जनजातिका सवालहरूलाई सञ्चारमाध्यमहरूमा पेरवी गर्ने आदि कुराहरू समेटेको छ । त्यस्तै अनिजको तेश्रो महाधिवेशनले 'वैकल्पिक धार, समान सहभागिता आजको आवश्यकता' भन्ने नारा पारित गरेको छ । यसमा मूलधारे पत्रकारिताले आदिवासी जनजातिका सवाललाई सही ढंगले नउठाएका कारण त्यसलाई वैकल्पिक धारको रुपमा विकास गर्नुपर्ने तथा मूलधारे पत्रकारितामा सहभागिता बढोउनुपर्नेमा जोड रहेको छ । अनिजको अध्यक्ष खिम घलेले यसैलाई अनिजको मूल कार्यक्रमका रुपमा उल्लेख गर्नुभएको छ । उहाँ लेख्नुहुन्छ -"अनिजले गर्ने कामको दुई पाटो छ । एउटा, मूलधारे पत्रकारितामा सहभागिता बढाउने र आदिवासी जनजातिको माग, समस्या र समग्र सवाललाई समाचारयोग्य विषयको रुपमा स्थापित गराउने । दोश्रो आदिवासी जनजातिहरूमा आफ्नै ढंगले प्रभावकारी वैकल्पिक सञ्चार संस्थानहरूको विकासका लागि सहयोग गर्ने । यसलाई अनिजले मूलधारे पत्रकारिता र वैकल्पिक पत्रकारिता भनेर नामाकरण गरेको छ" (घले २०६३: २००-२०२) ।

## १.२ नेपालमा आमसञ्चार[२]को विकासक्रम

विश्वमा पहिलो आधुनिक छापाखानाको अविष्कार भएको करीब चार सय वर्षपछि नेपालमा पहिलो आमसञ्चारको साधन प्रेस भित्रिएको हो । नेपालमा आजभन्दा १५६ वर्षअघि वि.सं. १९०८ सालमा जंगबहादुर राणा बेलायत भ्रमणबाट फर्कदा उनलेसँगै एउटा *हाते प्रेस* ल्याएका थिए भन्ने विश्वास गरिँदै आएको छ । आधुनिक आमसञ्चार माध्यमको पहिलो प्रेस भित्र्याएको विश्वास गरिँदै आएको छ ।[३] जंगबहादुरले बेलायतमा भएको प्रकाशन क्षेत्रको विकासबाट प्रभावित भई नेपालमा पनि यस क्षेत्रको विकास अगाडि बढाउन सो प्रेस ल्याएको हुन सक्ने अनुमान पनि गरिन्छ । तर उक्त प्रेसले केवल सरकारी सनद सवाल र फाइलहरू छाप्न प्रयोग गरियो । पत्रपत्रिकाको प्रकाशनतर्फ सोचाइ भएको पाइँदैन (खनाल र अरु २०५४: ७४) । त्यसैले उनको त्यो कदमलाई नेपालमा आधुनिक प्रकाशन यात्राको पहिलो पाइला मान्न सकिएपनि जंगबहादुरको मनसाय प्रकाशन क्षेत्रको

[२] यहाँ आमसञ्चार भन्नाले पत्रपत्रिका, रेडियो र टेलिभिजन प्रसारणको सञ्चारलाई मात्र सम्झिएको छ ।

[३] यसको कुनै प्रमाण भेटिएको छैन (देवकोटा २०२३: १९) ।

विकास गर्ने रहेको भन्न नसकिने देखिन्छ (शिल्पकार २०६२) । जंगबहादुरले भित्र्याएको सो छाप्ने मेसिनमा गिद्दको आकृति रहेकोले त्यसलाई *गिद्दे प्रेस* पनि भनिन्थ्यो ।

सो प्रेसपछि नेपालमा क्रमशः सरकारी हाते छापाखानाहरू स्थापना हुन थाले । वि.सं. १९५० सालमा गैरसरकारी क्षेत्रमा पनि प्रेसको स्थापना भयो । नेपालमा प्रेस भित्रिएको चार दशकपछि गैरसरकारी स्तरमा मोतिराम भट्ट र पण्डित नरदेव पाण्डेको पहलमा ठँहिटीमा स्थापना गरिएको सोही प्रेसले नेपालमा नेपाली भाषामा पहिलो पत्रिका प्रकाशन गऱ्यो । वि.सं. १९५५ सालमा छापिएको सो पत्रिका *सुधासागर* नामक साहित्यिक पत्रिका थियो । यसरी नेपालको आमसञ्चारको विकासक्रममा पत्रिका प्रकाशनको सुरुवात निजी क्षेत्रबाट साहित्यिक पत्रकारिताबाट भएको देखिन्छ । *सुधासागर* छापिन थालेको लगभग तीन वर्षपछि वि.सं. १९५८ साल वैशाख २४ गतेदेखि तत्कालीन राणा प्रधानमन्त्री देवशमशेरले सरकारी पत्रिकाको रुपमा *गोर्खापत्र* प्रकाशन सुरु गराए । यो नेपालमै प्रकाशित दोस्रो पत्रिका भएपनि समाचारपत्रको स्वरुपको दृष्टिकोणले *गोर्खापत्र* नेपालको पहिलो नेपाली भाषाको समाचारपत्र थियो (शर्मा, लामिछाने र भुसाल २०५३: २५) । तर *गोर्खापत्र* राणाशासनको अवधिभर नै पूर्णतः राणाहरूको मुखपत्रको रुपमा सीमित गराइयो ।

> नेपालमा पत्रपत्रिकाको इतिहास १९५० को दशकमा सुरु भएको भएतापनि पनि वास्तविक पत्रकारिताको सुरुवात २००७ सालको जनक्रान्ति पनि नै हो । २००८ अघिको गोर्खापत्र एक प्रकारले राणा सरकारको मुखपत्रको रुपमा प्रकाशित हुन्थ्यो । त्यत्तिखेर गोर्खापत्रमा सरकारी सूचना, ऐन, सनद, सवाल तथा इस्तिहार प्रकाशित हुन्थ्यो  भने राणा खलकले हिन्दुस्तान आवतजावत गरेको समाचार र नगन्य रुपका स्थानीय समाचारहरू छापिन्थे । भीरबाट गोरु लड्यो, पानी नपरेर खडेरी पऱ्यो, रोपाइ हुन सकेन , बञ्चरोले बाघ खुत्रुक्कै आदि आदि जस्ता खबरहरू प्रकाशित हुने गर्दथे । यस्तै खबरहरू प्रकाशित हुने गर्दथे । यस्तै कहिलेकाँही नेपाललाई अनुकुल हुने खालका तर बासी अन्तर्राष्ट्रिय समाचारहरू प्रकाशित हुन्थे । (रेग्मी र खरेल २०५८: २८)

तत्कालीन राणासत्ताले गोर्खापत्र माथि नियन्त्रण राख्न गोर्खापत्रले के छाप्ने र के नछाप्ने सम्बन्धी सनद पनि जारी गरिएको थियो । वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको कुनै गुञ्जायस नरहेको राणाकालमा नेपालभित्र छापिएका पत्रिकाहरू प्रायः राणासत्ताको

मुखपत्रका रुपमा रह्यो । जनताका आवाजको कदर त कल्पना पनि गर्न सकिँदैनथ्यो भने व्यावसायिक पत्रकारिताको चेतना झन् टाढाको विषय थियो ।

वि.सं. २००७ सालअघिको नेपाली पत्रकारितालाई सरसर्ती हेर्ने हो भने नेपालको भूमिबाट प्रायः प्रकाशन गरिएका अधिकांश समाचापत्रहरू भने श्री ३ को रोलक्रममा आउने राणाहरूको खिलाफमा प्रकाशन हुने गर्दथे । त्यसैले त्यो समयको पत्रकारिताले व्यावसायिकताको कुनै गुञ्जायस देखाउन सकेको थिएन  तर विरोध वा समर्थन गर्नु नै पत्रकारिता हो भन्ने भ्रमको सुरुवात गरिसकेको थियो ।

यसरी वि.सं. २००७ सालअघि समाचारपत्रको थालनी भएपनि जनआवाजलाई प्रतिनिधित्व गर्ने पत्रकारिताको सुरुवात भएको थिएन । राणासत्ताको पर्चाकारिता हावी देखिन्छ । नेपाली पत्रकारिता २००७ सालपूर्व खास फस्टाउन सकेन । झन् मोहनशमशेरको पालामा पहिलोपटक *छापाखाना र प्रकाशन सम्बन्धी ऐन २००५* जारी गरी तत्कालीन समयमा बढ्दै गएको जनचेतनालाई नियन्त्रण गर्ने प्रयत्न पनि गरिएको थियो (शर्मा, लामिछाने र भुसाल २०५३: २८-२९) । वि.सं. २००७ सालको राजनीतिक परिवर्तनपछि नेपाली प्रेस जगत्ले केही खुला र स्वतन्त्र वातावरण पायो । सोही क्रममा निजी क्षेत्रबाट वि.सं. २००७ साल फागुन ४ गते *जागरण* साप्ताहिक तथा फागुन ८ गते *आवाज* दैनिक नेपाली पत्रकारिता इतिहासमा पहिलो साप्ताहिक र पहिलो दैनिकका रुपमा प्रकाशित भए ( रेग्मी र खरेल २०५८: २९) । यसपछिको समयमा नेपाली पत्रपत्रिकाको सङ्ख्यात्मक वृद्धि एवं पत्रकारिता अभ्यास उल्लेख्य रह्यो । तर पत्रकारिता अभ्यास स्वतन्त्र र व्यावसायिक मूल्यमान्यतामा नभई राजनीतिक पार्टीसँग प्रत्यक्ष सम्बन्धित हुन पुग्यो । प्रकाशनहरू कुनै न कुनै राजनीतिक दलका मुखपत्रका रुपमा बजारमा देखिए । खासगरी २००७ देखि २०१७ सालको अवधिमा विविध खाले प्रकाशनहरूको प्रचुरता देखिएको भएपनि एकलवादी राजनीतिक धारणामा नै प्रकाशनहरू सीमित थिए तर बहुलवादी प्रकाशनको सोचाइसम्म भएको पाइँदैन । त्यसैगरी वि.सं. २००७ सालको राजनीतिक परिवर्तनको ७ वर्षभित्र खासगरेर काठमाडौंबाट मात्र अनगिन्ती दैनिक, साप्ताहिक तथा पाक्षिक नेपाली, नेवारी, हिन्दी र अंग्रेजी लगायतका भाषामा पत्रपत्रिका निस्कन थालेका थिए तर ती अधिकांश एक दुई वर्षभित्र धरासायी हुन्थे (रेग्मी र खरेल २०५८: २९) ।

वि.सं.२०१७ मा राजा महेन्द्रद्वारा पञ्चायती व्यवस्था लादियो । जसको प्रत्यक्ष प्रभाव नेपालको प्रेस जगत्मा पनि पऱ्यो । सो क्रममा प्रेस स्वतन्त्रताको घाँटी निमोठियो र पञ्चायती व्यवस्थाको समर्थन नगर्ने प्रकाशनहरू बन्द गराइए । राजनीतिक विविधताको

बोली अब पञ्चशासनको एक बोली वा एक मात्र आवाज प्रसारमा सीमित हुन पुग्यो । ( खनाल र अरु २०५४: ८०) । वि.सं. २०१९ सालमा *छापाखना र प्रकाशन सम्बन्धी ऐन* ल्याई समाचारपत्र, समाचारपत्रिका र किताब वा अरु लिखत प्रकाशन सामग्रीहरू स्वदेशमा छापिएका वा विदेशबाट पठाइएका भएपनि पञ्च प्रशासनलाई शङ्का लागे जाँच्न तथा जफतसमेत गर्न सक्ने गरी कडा नियन्त्रणको व्यवस्था गरिएको थियो । खासगरी २०४६ सालसम्म नेपालको पत्रकारिता क्षेत्र पञ्चकारिता मौलाएको अवस्था थियो भन्न सकिन्छ । पत्रकार कपिल काफ्ले मा तत्कालीन समयको मूल्याङ्कन गर्दै यसरी लेख्नुभएको छ -

> पञ्चायतकालमा पत्रपत्रिकाको सङ्ख्यात्मक वृद्धि भएपनि व्यावसायिक चरित्रका साथ अघि बढ्ने अवसर पत्रपत्रिकाले पाएनन् । यस समयमा जत्ति पनि अखबारहरू प्रकाशित भए, राजनीतिक विचार सम्प्रेषणका लागि समर्पित भए । त्यो विचार मूलतः दुई भागमा विभाजित थियो - पञ्चायती व्यवस्थालाई फाल्ने एकापट्टि थिए भने राख्ने सानो जमात अर्कातिर उभिएको थियो । पञ्चायतकालमा राजनीतिक लक्ष्यका साथ पत्रकारिता हुने गरेकाले त्यस पत्रकारितालाई व्यावसायिक नभनी राजनीतिक पत्रकारिता भन्नु स्वाभाविक हुन जान्छ । पञ्चायती व्यवस्था फाल्ने लक्ष्य (Mission) का लागि पत्रकारिता गरिएकाले त्यसलाई सजिलोका लागि **मिसन पत्रकारिता** भनेर नामाकरण पनि गर्ने गरिएको छ । (काफ्ले, २०६३: २३)

त्यस्तै *बहुलवादी नेपाली समाजमा आमसञ्चार* पुस्तकमा भनिएको छः-

> जनमत संग्रहपछि नेपालका प्रकाशनहरू स्पष्टतः दुई खेमामा विभाजन भएका थिए । पहिलो खेमा जो पञ्चायतको पक्षमा वकालत गर्दथे । पञ्चायत व्यवस्थाका नकारात्मक पक्ष तथा यस व्यवस्थाभित्र सिर्जना भएका र गरिएका विकृतिका विषयहरू पनि यी प्रकाशनहरूले निर्दोष चश्मा पहिरिएर हेर्ने गर्दथे ताकि पञ्चायती व्यवस्था दोषरहित सम्प्रत्ति रहोस् । अर्को दोस्रो खेमामा विभाजित बनेका प्रकाशनहरू जनमत संग्रहको समयमा खुलेर अभ्यास गर्न पाएको अवसर चुकाउन चाहँदैन थिए । साथै पञ्चायतको कडा शब्दमा विरोध गरी गल्ती कमजोरी देखाउनु र पञ्चायती प्रणालीभित्र देखिएका विकृतिहरूलाई उजागर गर्नु पाउनु मात्र आफ्नो दायित्व सम्झने प्रकाशनहरू थिए । हुन त प्रतिबन्धित

> राजनीतिक पार्टी नजिक रहेका प्रकाशनहरू भने पञ्चायतका विरोधी खेमामा नदेखिएका होइनन् तर व्यावसायिक रुपमा ती प्रकाशनहरूपनि अगाडि बढ्न सकिरहेका थिएनन् । (खनाल र अरु २०५४: ८२)

नेपालमा वास्तविक व्यावसायिक पत्रकारिताको विकास २०४६ सालको जनआन्दोलनले प्रजातन्त्र स्थापना गरेपछि (पुनःबहाली होइन)[४] मात्र भएको हो । जनआन्दोलनपछिका समयमा मुलुकमा सबभन्दा बढी विकास भएको क्षेत्र आमसञ्चार नै हो भनेर ठोकुवा गरिन्छ । "जनआन्दोलनपछिका वर्षमा कुन क्षेत्रका सबभन्दा बढी विकास भएको छ भनेर कसैले सोधेमा उत्तर हुनेछ - मिडियामा ।" भनी प्रत्युष वन्त पटकपटक मिडियासम्बन्धी पुस्तकको परिचय खण्डको प्रथम अनुच्छेदको प्रथम हरफमै लेख्नुहुन्छ ( वन्तः २०५८) ।

प्रजातन्त्र स्थापनापछिका वर्षहरूमा खासगरी निजी क्षेत्रका प्रकाशनहरू (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक)को सङ्ख्या अभूतपूर्व रुपमा वृद्धि भयो । जसले नेपालको मिडिया क्षेत्रमा आपसी व्यावसायिक प्रतिस्पर्धा, व्यावसायिताकाप्रति प्रतिबद्धता, विशिष्टिकृत पत्रकारिता (Specialization), विविधता, लगानीमा वृद्धि, पत्रकारिता अभ्यासमा गुणात्मक प्रगति र अध्ययन अनुसन्धानको सुरुवातबाहेक स्वतन्त्र रुपमा विभिन्न वर्ग समुदायका विचार, आवाज वा अभिमत प्रकाशमा आउन सक्ने वैकल्पिक वातावरणसमेत निर्माण गर्‍यो । नेपालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना हुनुपूर्व अधिराज्यभर पत्रपत्रिकाको कुल दर्तामा ४८१ रहेको थियो भने बितेको १७ वर्षयता आएर आर्थिक वर्ष २०६२/६३ सम्ममा जम्मा २२५३ पत्रपत्रिका दर्ता पुगेको छ । दर्ता भएका पत्रिकाहरूमध्ये ३२४ दैनिक, २३ अर्ध-साप्ताहिक, १६१९ साप्ताहिक र २९० पाक्षिक रहेका छन् । त्यसमध्ये ५८२ (कुल दर्ता सङ्ख्याको २५.८३ प्रतिशत) पत्रिकाहरू प्रकाशित रहेका छन् । अप्रकाशित पत्रपत्रिका १६७१ (कुल दर्ताको ७४.१६ प्रतिशत) रहेका छन् । प्रकाशितमध्ये पनि २७४ पत्रपत्रिकामात्र नियमित छन् भने बाँकी ३०८ पत्रपत्रिकाहरू

[४] नेपालको राजनीतिक इतिहासमा २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएको र २०१७ सालमा राजा महेन्द्रबाट निर्दलीय पञ्चायती व्यवस्था लादिएको थियो भने २०सालको जनआन्दोलनबाट प्रजातन्त्र पुनर्बहाली भएको मानिंदै आएको थियो । तर वास्तवमा २००७ सालमा राणाको हातमा रहेको नेपालको राज्यसत्ताको बागडोर राजामा सरेको मात्र थियो, नेपाली जनताका लागि प्रजातन्त्र आएको थिएन । (हेनुहोस् पत्रकार सूर्य थापाद्वारा "लिखित पुस्तक नेपालमा दलहरू र राजतन्त्रको सङ्घर्ष" , २०६३ )

अनियमित रहेका छन् । नेपाल अधिराज्यभर नियमित[५] देखिएका पत्रपत्रिकाहरूमध्ये दैनिक ५०, अर्ध-साप्ताहिक २, साप्ताहिक २१७ र पाक्षिक ५ रहेका छन् भने अनियमिततर्फ दैनिक ४२, अर्ध-साप्ताहिक ४२, साप्ताहिक २३१ र पाक्षिक ३४ वटा रहेका छन् ।

दर्ता भएका पत्रपत्रिकाहरूमा लगभग आधा जति (१११४ वटा) काठमाडौं उपत्यकामा रहेका छन् । अधिराज्यका १० जिल्लाहरू (सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, रोल्पा, दैलेख, जाजरकोट, मुगु, हुम्ला र बैतडी)मा समाचारमूलक पत्रपत्रिका प्रकाशनका लागि अनुमति माग नै भएको छैन भने १३ जिल्लाहरू (पाँचथर, ताप्लेजुङ, ओखलढुङ्गा, खोटाङ, दोलखा, धादिङ, गोरखा, कपिलवस्तु, बझाङ, अछाम, दार्चुला, भोजपुर र डडेल्धुरा) मा पत्रपत्रिका प्रकाशनसमेत सुरु भएको छैन ।

भाषागत हिसाबले दर्ता भएका पत्रपत्रिकाहरू मध्ये अधिकांश अर्थात् १९०८ ( ८४.५७ प्रतिशत) पत्रिकाहरू नेपाली भाषा प्रकाशन हुने छन् । यसैगरी अंग्रेजी भाषामा ८१ (३.५९ प्रतिशत), नेवारी भाषा (नेपालभाषा) मा १६ (०.७० प्रतिशत), हिन्दी भाषामा ५ ( ०.२२ प्रतिशत), थारु भाषामा ८ (०.३५ प्रतिशत) , भोजपुरीमा २ ( , मैथलीमा ४ र अन्य मिश्रित भाषामा प्रकाशित हुने २३२ (०.१०४ प्रतिशत) रहेका छन् (प्रेस काउन्सिल नेपाल २०६३: १०९-१११) ।

नेपालमा प्रसारण माध्यमको विकासक्रम हेर्ने हो भने पनि जनआवाजलाई महत्त्व दिने सन्दर्भमा छापा माध्यमकै जस्तो प्रवृत्ति देखिन्छ । अझ भन्ने हो भने प्रसारण माध्यम छापाभन्दा पाँच दशकपछि मात्रै सुरु भएको हो । वि.सं. १९८० को दशकतिर नेपालमा रेडियो सेट भित्रिएको अनुमान गरिएको छ (रेग्मी र खरेल २०५८: ४१) । वि.सं. १९९७ सालको मध्यतिर (सन् १९४१) काठमाडौंमा चारसयभन्दा बढी रेडियो सेटहरू भित्रिसकेको थियो (वन्त २०६१: ४०) तर जुद्धशमेशेरको शासन रहेको त्यसताका सर्वसाधारणले रेडियो सेट राख्ने अनुमति थिएन । दोस्रो विश्व युद्ध चलिरहेको त्यस समयमा विश्वभर रेडियो ज्यादै लोकप्रिय भएको थियो । त्यसैले जुद्धशमशेरले राणा परिवारका सदस्यहरूलाई मात्र रेडियो सेट भित्र्याउने र विदेशी रेडियो प्रसारण सुन्ने छुट दिइएको थियो । पछि वि.सं. २००३ मा केही उदारवादी मानिएका पद्मशमशेरले सर्वसाधारणलाई पनि रेडियो राख्न र सुन्न पाउने स्वतन्त्रता दिनुका साथै तत्कालीन टुँडिखेलको उत्तरपूर्वी छेऊमा रहेको बिजुली

[५] छापाखाना तथा प्रकाशनसम्बन्धी नियमावली अनुसार कुनै पनि पत्रिका नियमित हुनका लागि एक आर्थिक वर्षमा दैनिक भए कम्तीमा ३०० अङ्क, साप्ताहिक भए कम्तीमा ४० अङ्क, अर्ध-साप्ताहिक भए कम्तीमा ८० अङ्क र पाक्षिक भए कम्तीमा २० अंक प्रकाशित हुनपर्ने व्यवस्था छ ।

अड्डाबाट लाउडस्पिकर प्रयोग गरी दैनिक डेढ घण्टा भजन प्रसारण पनि सुरु गराएका थिए । यसैलाई नेपालमा भएको पहिलो सार्वजनिक प्रसारण  मानिएको छ । त्यसपछि भोजपुर र २००७ मंसिरमा प्रजातान्त्रिक क्रान्तिका उद्देश्यले विराटनगरबाट *प्रजातन्त्र नेपाल रेडियो* भूमिगत रुपमा प्रसारण गरिएको पाइन्छ । तर औपचारिक र संस्थागत रेडियो प्रसारणको सुरुवात २००७ सालको राजनीतिक परिवर्तनपछि २००७ चैत २० गते *नेपाल रेडियो* बाट भएको थियो । यसलाई पछि *रेडियो नेपाल* बनाइएको हो (वन्त, पराजुली, हुमागाईं अधिकारी र कोमल भट्ट २०६१: १०) ।

रेडियो नेपाल नेपालको सबभन्दा वृहत् पहुँच भएको सरकारी सञ्चारमाध्यमका रुपमा चलिआएको छ । स्थापनाको सुरुका दिनहरूमा यसले प्रजातान्त्रिक व्यवस्थाबारे नेपाली जनसमुदायलाई सुसूचित गराउने तथा प्रजातन्त्रको प्रत्याभूति हुने खालका कार्यक्रमहरू प्रसारण गर्ने चेष्टा गरेको थियो । सो अनुरुप प्रगति पनि देखिएको थियो ( पौड्याल २०५४: ९७) । तर २०१७ सालको राजा महेनद्रको अप्रजातान्त्रिक हमलाले यस विकासक्रममा अवरोध सिर्जना गऱ्यो र रेडियो नेपाललाई पञ्च सत्ताले जनतालाई पञ्चकारिता पढाउने , पञ्चायत विरोधी राजनीतिक दलहरूको खेदो खन्ने, पञ्चायतको बढाइचढाइ गर्ने सरकारी ढ्वाङका रुपमा चरम दुरुपयोग गरियो भनिन्छ । २०२२ सालमा आएर  नेवारी र हिन्दी भाषाका समाचार प्रसारण पनि बन्द गराइयो । यसको विरोधमा नेवार समुदायबाट चर्का आन्दोलन अगाडि बढाए । जसमा विविध भाषा समुदायकाले पनि साथ दिएका थिए । फलस्वरुप २०२५ सालमा एक *रेडियो कार्यक्रम सुधार सुझाव समिति गठन* भयो । सो समितिले ग्रामीणमुखी कार्यक्रम, वर्गीय हितसम्बन्धी कार्यक्रम र धार्मिक कार्यक्रमको समय विस्तार गरिनुपर्ने र कृषि कार्यक्रमको मुख्य माध्यम राष्ट्रभाषा राखेर अन्य केही बढी बोलिने भाषामा पनि कार्यक्रम सञ्चालन गर्नुपर्ने लगायतका सुझावहरू दिएको थियो । तर ती सुझावहरू कार्यान्वयन भने भएन (यात्रु २०६१: ३२६) ।

२०१३ सालमै पनि रेडियो नेपालको प्रभावलाई मनन गर्दै २०१३ मंसिर १३ गते पल्लो किरात लिम्बुवानबाट आएका प्रतिनिधिमण्डलले आफ्नो मातृभाषामा पनि समाचार र कार्यक्रम प्रसारित गरियोस् भनी तत्कालीन सरकारसमक्ष माग पेश गरेका थिए । प्रस्तुत मागमा भनिएको छ - “रेडियो नेपालबाट विभिन्न भाषामा प्रसारित हुने दैनिक समाचार र कार्यक्रमहरूमा किरात प्रदेशको १० लाख जनतामा बोलिने मातृभाषा लिम्बु किराती भाषामा पनि समाचार र प्रोग्राम प्रसारित गर्ने प्रबन्ध होस् ।” सोही टोली त्यसको एक वर्षपछि २०१४ कात्तिक १३ गते पुनः मागपत्र पेश गरेका थिए (लिम्बु २०६१: २) ।

वि.सं. २०२८ सालमा आएर रेडियो नेपालका कार्यक्रमहरूमा विविधिकरण ल्याउने, तिनलाई बढी मात्रामा विभिन्न वर्ग, समूह र विषयहरूमा लक्षित गर्ने र विकासमुखी बनाउने उद्देश्यले *विकासका लागि सञ्चार* भन्ने नाराका साथ राष्ट्रिय सञ्चार योजना घोषणा गरियो । यो योजनाको प्रमुख ध्येय तत्कालीन पञ्चायती व्यवस्थालाई विकासप्रमी देखाउन राष्ट्रिय सञ्चार माध्यमहरूको व्यापक उपयोग गर्नु थियो । (पौड्यालः २०५४: ९९) तैपनि कार्यक्रम उत्पादनमा विविधता ल्याउने सन्दर्भमा ३० को दशकलाई सिर्जनात्मक रहेको मानिन्छ । ( पौड्याल २०५४: ९९ र यात्रु २०६१: ३२७ )

> पञ्चायतकालमा रेडियो नेपालमा संस्कृति केन्द्रित कार्यक्रमहरूमा जनजातिका वैभव थोरबहुत झल्किएपनि विचार र अभिव्यक्तिको स्वतन्त्रता नरहेको त्यस समयमा जनजातीय सवालहरू उठ्न पाएनन् मात्र होइन कि सामाजिक बहुलतालाई दबाउने काम भयो । धार्मिक कार्यक्रम पूर्णतः हिन्दू धर्मविशेषको बनाइयो । समाचार प्रसारणमा पञ्चहरू र अन्य ओहोदावालाको पदीय मर्यादाक्रमको आधारमा गरियो । सूचनाको पहुँच नागरिकसम्म पुऱ्याउने दायित्वबाट विमुख गरेर 'एक जाति एक भाषा' विशेषको राष्ट्र बनाउने पञ्चायती व्यवस्थाको अभियानमा रेडियो नेपालको स्रोत, साधन र क्षमतालाई अधिकतम दुरुपयोग गरियो । २०४१ सालमा रडियो नेपालको सुधार र सुदृढीकरणसम्बन्धी अध्ययन गर्न गठित समितिले समाचार, कार्यक्रम एवं नीतिगत विषयमा विभिन्न सिफारिसहरू गरेको थियो । तिनै सिफारिसको आधारमा विज्ञापनमा हिन्दू र बौद्ध धर्मबाहेकका सन्देश प्रतिबन्ध लगाएको थियो (यात्रु २०६१: ३२७) ।

२०४६ सालको जनआन्दोलनताका उठेका जातीय मुद्दा, भाषिक अधिकार र समानताका आवाजलाई पनि *रेडियो नेपाल*ले स्थान दिएन ।

वि.सं.२०४६ मा प्रजातन्त्र स्थापनापछि प्राप्त वाक् तथा अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको प्रत्याभूतिसँगै २०४९ सालमा *राष्ट्रिय सञ्चार नीतिले* रेडियो नेपालका कार्यक्रमहरूलाई प्रभावकारी बनाउँदै लैजाने तथा निजी क्षेत्रका प्रसारणलाई प्रवर्द्धन गर्ने नीति लियो । त्यसपछि २०५४ सालमा पहिलो स्वतन्त्र सामुदायिक रेडियो स्टेसनका रुपमा *रेडियो सगरमाथा* स्थापना र क्रमशः गैरसरकारी लगानीका एफ.एम.रेडियो स्टेसनहरू खुल्न

थाले । रेडियो नेपालले पनि प्रजातान्त्रिक व्यवस्था अनुरुप कार्यक्रमहरूमा परिमार्जन गर्दै समयसापेक्ष बनाउन कर लाग्यो । २०५१ सालदेखि नेपालको कुल जनसङ्ख्याको कम्तीमा एक प्रतिशत जनताले बोल्ने राष्ट्रिय भाषाहरूमा नियमित रुपमा समाचार प्रसारण प्रारम्भ भयो (रेग्मी र खरेल २०५८: ४३) । रेडियो नेपालले नेपाली र अंग्रेजीबाहेक हिन्दी, नेपालभाषा, मैथिली, मगर, गुरुङ, भोजपुरी, अवधि, थारु, राई, लिम्बु, तामाङ र शेर्पा भाषामा समाचार प्रसारण हुन थाले (पौड्याल २०५४: १०२) । तर रेडियो नेपालमा सधैं सत्ताधारी राजनीतिक दलको हस्तक्षेपबाट भने मुक्त हुनसकेन । त्यसैले रेडियो नेपाललाई सरकारी ढ्वाङ भन्ने टिप्पणी अझै पनि गरिन्छ । नेपाल अधिराज्यभर सामुदायिक प्रसारणहरूको विस्तारले आज वैकल्पिक आवाज अभिव्यक्त हुनसक्ने वातावरण बनेको छ । सूचना तथा सञ्चार मन्त्रालयका अनुसार नेपाल अधिराज्यभर अहिलेसम्म १८६ एफ.एम. स्टेसनहरू दर्ता भएका छन् ।

नेपालमा वि.सं. २०३० को दशकमा टेलिभिजन सेटहरू भित्रिन थालेको हो । नेपालमा टेलिभिजन प्रसारणको प्रारम्भ चाहिँ २०४२ पुस १४ गतेदेखि सरकारी टेलिभिजन प्रसारणबाट भएको हो । राष्ट्रिय एकता, अखण्डता र साँस्कृतिक सम्पदाको संरक्षण एवं राष्ट्रिय हितको विकास गर्ने उद्देश्यले सरकार लगानीमा *नेपाल टेलिभिजन* सुरु भएको थियो । पञ्चायत शासन सक्रिय रहेको बेला सुरु भएको *नेपाल टेलिभिजन* २०५३ सालअघिसम्म नेपालको एक मात्र टेलिभिजन प्रसारणका रुपमा रहेको थियो । सरकारी रेडियो नेपाल जस्तै सङ्गठनात्मक रुपमा सरकारी नियन्त्रणमा रहेको *नेपाल टेलिभिजन*मा पनि प्रारम्भिक दिनदेखि नै सत्ताधारी नेतृत्व हाबी हुँदै आएको पाइन्छ ।

> पञ्चायतकालमा सुरु भएकोले प्रजातान्त्रिक र प्रगतिशील आँखाले हेर्दा यसले पूरा गर्नुपर्ने भूमिका प्रारम्भकालमा पूरा गर्न नसकेको देखिन्छ, तर २०४६ सालमा प्रजातन्त्रको पुनरागमन भएपछि पनि यसले सत्ताधारी दलको परिसरभन्दा बाहिर जान नसकेकाले प्रारम्भिकालीन आलोचना दर्शकले दोहोऱ्याउन छोडिसकेका छन् । सरकारी लगानीको सञ्चार माध्यम भएकोले राजनीतिक शासनको केन्द्रीय नेतृत्वको ठाडो निर्देशनमा बाँच्न यसले बाध्य हुनु परेको छ । (काफ्ले: २०६३: ३३-३४)

वि.सं. २०५८ असारदेखि भूउपग्रहमार्फत् पनि प्रसारण हुन थालेपछि यसले कुल जनसङ्ख्याको ६२ प्रशित र भूक्षेत्रका आधारमा ४१ प्रतिशतमा नेपाल टेलिभिजनको प्रभाव रहेको दाबी व्यवस्थापन पक्षको छ ।

वि.सं. २०५३ सालदेखि *इमेज च्यानल* र *साँग्रिला च्यानल*ले निजी क्षेत्रबाट टेलिभिजन कार्यक्रम उत्पादन गर्न थाले भने २०५८ असार २९ गते निजी च्यानलको रुपमा प्रसारण सुरु गरेको *स्पेशटाइम नेटवर्क*ले नेपाल टेलिभिजनको एकाधिकारलाई तोड्यो । *राष्ट्रिय प्रसारण ऐन २०४९* ले प्रसारण क्षेत्रमा निजी क्षेत्रलाई ढोका खोलिदिएको हो । त्यस्तै क्रमशः २०६० सालमा *कान्तिपुर टेलिभिजन* र *इमेज च्यानल* सञ्चालनमा आयो । अहिले नेपालमा सरकारी *नेपाल टेलिभिजन* र *एनटिभी-२* र निजी क्षेत्रको तीन गरी पाँच टेलिभिजन च्यानल सञ्चालित छन् भने भारतबाट प्रसारित *नेपाल वान* ले पनि नेपाली दर्शकमा प्रभाव जमाएको छ । त्यस्तै *ऐभेन्युज, सगरमाथा* लगायतका च्यानलहरू पनि प्रसारण सुरु गर्ने तयारी छन् ।

२०६१ माघ १९ पछिको शाही शासनकालमा नेपालका सबै आमसञ्चार माध्यमहरूले कठोर नियन्त्रण बेहोर्नुपर्‍यो । यद्यपि लोकतन्त्रप्रति आमसञ्चार जगत्को प्रतिबद्धतालाई कमजोर हुन दिएनन् र लोकतन्त्र स्थापनाको सङ्घर्षमा यथासक्य योगदान पुर्‍याएका थिए । फलस्वस्प आज लोकतन्त्र स्थापना भएको छ । फेरि आमसञ्चार क्षेत्र मौलाउने र जनआवाजले कदर पाउने आशा बढेको छ ।

वन्तका अनुसार प्रजातन्त्र स्थापनापछि यसरी मिडिया क्षेत्रको विकासमा मूलभूत रुपमा चारवटा कारण पाइन्छन्:-

१. अनुकुल कानुनी वातावरण-संवैधानिक रुपमा प्रेस स्वतन्त्रताको प्रत्याभूति

२. नयाँ सहभागीहरू (निजी लगानीकर्ता तथा गैर सरकारी संस्थाको) प्रवेश

३. विज्ञापन बजारको वृद्धि

४. उपभोक्ताहरूको सङ्ख्यामा वृद्धि ।

आजभन्दा पाँच वर्ष अघि नै देशको झण्डै ३० प्रतिशत जनताका लागि छापा, रेडियो र टेलिभिजन दैनिक जीवनको अभिन्न अंग भइसकेको अनुमान गरिन थालिएको थियो । (वन्त: २०५४: १३)

## १.३ नेपालको जनसङ्ख्यात्मक संरचना

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक राष्ट्र हो । सन् २००१ को जनगणना अनुसार -

- नेपालमा १०३ जातजाति रहेका छन् ।

- नेपालको कुल जनसङ्ख्याको सबभन्दा बढी ३७ प्रतिशत आदिवासी जनजनति जनसङ्ख्या र त्यसपछि खस ब्राम्हण, मधेसी, दलित र अल्पसङ्ख्यक समुदाय रहेका छन् ।
- नेपालमा ६१ थरी आदिवासी जनजाति पहिचान गरिएका छन् ।[६]
- नेपालमा हिन्दू, बौद्ध, ईस्लाम, जैन, ईसाइ, किराँती, सिख, बहाई र अन्य धार्मिक समुदाय पनि रहेका छन् । जसमध्ये हिन्दू ८०.६२ प्रतिशत, बौद्ध १०.७४ प्रतिशत, ईस्लाम ४.२० प्रतिशत, ईसाइ ०.४५ प्रतिशत, जैन ०.०२ प्रतिशत, सिख ०.०२ प्रतिशत र बहाई ०.०१ प्रतिशत रहेका छन् ।
- भाषिक दृष्टिले नेपालभित्र नेपालीलाई मातृभाषाका रुपमा बोल्नेहरूको जनसङ्ख्या ४८.६ प्रतिशत छ भने त्यसपछि मैथिली मातृभाषी १२.३ प्रतिशत, भोजपुरी ७.५ प्रतिशत, थारु ५.४ प्रतिशत, तामाङ ४.५ प्रतिशत, नेपालभाषा (नेवारी) ३.७ प्रतिशत, राई किराँत २.४ प्रतिशत, मगर २.३ प्रतिशत, अवधि २ प्रतिशत, लिम्बु १.४ प्रतिशत र गुरुङ मातृभाषाका रुपमा बोल्ने १.२ प्रतिशत रहेका छन् ।
- यसबाहेक पनि ९३ बढी अल्पसङ्ख्यक भाषाभाषिकाहरू रहेको जनाइएको छ ।

आदिवासी जनजाति[७] भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदाय हुन् । भौगोलिक क्षेत्रफलका दृष्टिले सानो मुलुकको समूहमा पर्ने नेपाललाई विविधतापूर्ण बनाउन यहाँको ३७ प्रतिशत जनघनत्व ओगट्ने आदिवासी जनजातिहरूको भूमिका प्रष्ट देखिन्छ । जो नेपालको सबभन्दा ठूलो समुदाय हो भने यस समुदायभित्र रहेको जातीय, भाषिक तथा साँस्कृतिक विविधताले नेपाललाई साँस्कृतिक सम्पदा सम्पन्न तुल्याएको छ ।

त्यस्तै राज्यको स्रोतसाधन तथा सामाजिक, राजनीतिक, आर्थिक लगायत हरेक क्षेत्रमा प्रत्येक समुदायको समान हक स्वभाविक रुपमा रहन्छ । यही अधिकार प्रत्याभूति हुन नसकेको गुनासो नेपालका आदिवासी जनजाति समुदायको छ , जसको प्राप्तिका लागि विभिन्न आन्दोलका कार्यक्रम चलाउँदै आएका छन् । यसै आफ्नो हक हासिल गर्ने अभियानमा आफ्ना मुद्दाहरूलाई प्रसार गर्ने तथा सरकारलाई दबाब दिन आदिवासी

[६] हेर्नुहोस् परिशिष्ट - ३

[७] आदिवासी जनजातिको विस्तृत परिभाषाका लागि हेर्नुहोस् पृष्ठ ३३ - ३६


जनजाति समुदायले आमसञ्चार क्षेत्रको सहयोगको अपेक्षा गरेका हुन् । तर व्यवहारमा व्यावसायिक पत्रकारिताको ढोल पिट्ने अनि बहुलवाद र समावेशीकरणको वकालत गर्ने मूलधारमा प्रभाव जमाएका मिडियाहरूले आदिवासी जनजातिका आवाजहरूलाई यथोचित स्थान नदिएको प्रतिक्रिया व्यक्त हुँदै आएको छ । त्यसैले नेपाली आमसञ्चार जगत्को लोकतान्त्रिकरणका सन्दर्भमा यो तथ्य खट्किएको विषय बनेको छ ।

## १.४ मूलधारका सञ्चारमाध्यममा स्वामित्वको स्थिति

फ्रिडम फोरमका लागि मोहनसिंह लामाले हालै *सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था* विषयमा एक अध्ययन गर्नुभएको छ । मूलधारका १६ वटा सञ्चारमाध्यममा गरिएको उक्त अध्ययन अनुसार सञ्चारमाध्यमको स्वामित्वको संरचनामा ४९ दशमलव १८ प्रतिशत ब्राम्हण/क्षेत्रीको सहभागिता रहेको छ । यस्तै २१ दशमलव ३१ प्रतिशत आदिवासी जनजातिको सहभागिता छ । आदिवासी जनजातिको सहभागितालाई नेवार र गैरनेवारमा छुट्याउने हो भने नेवारको सहभागिता १९ दशमलब ६७ प्रतिशत र अन्य जनजातिको सहभागिता १ दशमलब ६३ प्रतिशत मात्र रहेको छ ।

चार्ट नं. १

मूलधारका सञ्चारमाध्यममा स्वामित्वको स्थिति




*स्रोतः सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था । मोहनसिंह लामा । अप्रकाशित प्रतिवेदन । २०६३ । पृ. १२ ।*

यसैगरी, महिलाको प्रतिनिधित्व ९ दशमलव ८३ प्रतिशत र मधेशीको सहभागिता ४ दशमलव ९४ प्रतिशत छ । त्यस्तै दलितको प्रतिनिधित्व १ दशमलव ६३ प्रतिशत छ भने

माडवारीको प्रतिनिधित्व १३ दशमलव ११ प्रतिशत रहेको छ । उक्त तथ्याङ्क अनुसार सञ्चार स्वामित्वमा नेवार बाहेकका अन्य आदिवासी जनजाति र दलितको सहभागिता अत्यन्त न्यून रहेको छ ।


सो अध्ययनमा कान्तिपुर दैनिक (कान्तिपुर पब्लिकेशन), नेपाल समाचारपत्र दैनिक ( कामना प्रकाशन समूह), काठमाण्डु पोष्ट (कान्तिपुर पब्लिकेसन), राजधानी दैनिक (उत्सर्ग प्रकाशन), गोरखापत्र दैनिक (गोरखापत्र संस्थान), नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति, कान्तिपुर टेलिभिजन, इमेज च्यानल, रेडियो नेपाल, कान्तिपुर एफएम, एचबीसी एफएम, नेपाल एफएम, मेट्रो एफएम, समय साप्ताहिक र हिमाल पाक्षिक लगायतलाई समावेश गरिएको थियो ।

## १.५ सम्पादकीय समूहमा जातीय सहभागिताको स्थिति

लामाको अध्ययनले मूलधारका आमसञ्चार माध्यममा समाचारमूलक सामग्री उत्पादनको केन्द्र सम्पादन कक्षमा ब्राम्हण/क्षेत्री समुदायको बाहुल्यता रहेको देखाएको छ । तुलनात्मक रुपमा सम्पादकीय समूहमा आदिवासी जनजाति, महिला, मधेशी र दलितको सहभागिता न्यून रहेको छ । सर्वेक्षण गरिएका १६ वटा सञ्चारमाध्यममा कार्यरत कुल ३ सय ९८ सञ्चारकर्मीमध्ये २ सय ४६ जना अर्थात् ७१ दशमलव ६० प्रतिशत ब्राम्हण/क्षेत्री

चार्ट नं. २

सम्पादकीय समूहमा सहभागिताको स्थिति




*स्रोतः सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था । मोहनसिंह लामा । अप्रकाशित प्रतिवेदन । २०६३ । पृ. १४ ।*

समुदायका रहेका छन् ।

आदिवासी जनजातिको सहभागिता ४८ जना अर्थात् १२ दशमलव ०६ प्रतिशत रहेको छ । आदिवासी जनजातिको सहभागितामा नेवार र गैरनेवार जनजातिमा विभाजन गर्ने हो भने नेवारको सहभागिता ३२ अर्थात ८ दशमलव ०४ प्रतिशत र नेवार बाहेक अन्य आदिवासी जनाजतिको सहभागिता १६ अर्थात ४ दशमलव ०२ प्रतिशत रहेको पाइन्छ । यसैगरी महिलाको प्रतिनिधित्व ४७ जना अर्थात् ११ दशमलव ८० प्रतिशत रहेको छ भने मधेशीको प्रतिनिधित्व १४ जना अर्थात ३ दशमलव ५१ प्रतिशत रहेको छ र दलितको प्रतिनिधित्व ४ जना अर्थात १ प्रतिशत रहेको पाइएको छ ।

## १.६ समस्याको कथन

एक सय चार वर्षअघि निरंकुश राणाकालमा गोरखापत्रको प्रकाशनबाट नेपाली पत्रकारिता तथा आमसञ्चारको अभ्यास शुरु भएको थियो । राणाकालमा पत्रकारिता सिद्धान्तमा आधारित पत्रकारिता भने थिएन, राणाशासकको मुखपत्रका रुपमा मात्रै सीमित रहेको थियो । राणाकालमै साहित्यिक पत्रकारिता पनि नेपालमा शुरु भएको हो । तत्कालीन समयमा केही सचेत नेपालीहरूले निरंकुश राणाशासनका विरुद्ध जनचेतना प्रसार गर्न पर्चा छापेर छर्ने तथा २००७ सालको आन्दोलनपछि नेपाली पत्रकारिताले केही हदसम्म फस्टाउने वातावरण पनि पाएको थियो । जसपछि नेपालमा पत्रकारिता अभ्यासमा सक्रियता देखिएको थियो । तर २०१७ सालमा राजा महेन्द्रद्वारा पञ्चायत शासन लादिएपछि पुनः नेपाली पत्रकारिता तथा आमसञ्चार क्षेत्र खुम्चिएर रह्यो । तर पञ्चायतकालमा पनि पत्रकारिताको चहलपहल सेलाएको भने थिएन । तत्कालीन सत्ताले पञ्चायतको समर्थनमा लेख्ने पत्रपत्रिकालाई पोस्ने र केही आलोचनात्मक तथ्य अघि सार्ने पत्रिकालाई निमोठ्ने वातवरणबीच खासगरी पञ्चायत शासनलाई ढाल्ने उद्देश्यले अभिप्रेरित 'मिसन पत्रकारिता'को अभ्यास रह्यो । त्यसपछि २०४७ सालको जनआन्दोलनले प्रजातन्त्र पुनःस्थापना गरेपछि मात्रै नेपाली पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा खुला वातावरणको महसुस गरिएको थियो । प्रजातन्त्र पुनःस्थापनापछिको समयावधिमा नेपालको आमसञ्चार क्षेत्रमा सिद्धान्त अनुरुपको व्यावसायिक तथा प्रतिस्पर्धात्मक पत्रकारिताको द्रुत विकास अघि बढेको हो । साथै प्रजातन्त्र पुनःस्थापनापछि नै आम जनताका आवाज र मुद्दाहरूलाई नेपाली आमसञ्चार माध्यमहरूले प्रकाशमा ल्याउन थालेका हुन्, जबकि २०४७ अघि

नेपालको आमसञ्चार क्षेत्रमा जनआवाजभन्दा राजनीति केन्द्रित पत्रकारिताको बोलवाला थियो ।

२०४७ साल यताको समयावधिमा नेपाली समाजका विभिन्न क्षेत्रमा रहेका कयौन खाले समस्या सवालहरू प्रकाशमा आए । प्रायः कुनै क्षेत्र बाँकी रहेन । प्रतिस्पर्धात्मक वातावरण र प्रेस स्वतन्त्रताको उपभोगका कारण पत्रकारिताका स्थापित आदर्शप्रति सम्मान बढेपनि व्यावसायिकता (Professionalism) भन्दा व्यापारीकरण (Commercialization) मा झुकाव बढेको अनुभूत गरिएको छ । त्यसकारण राज्यका पिछडिएका, दलित, आदिवासी जनजातिका अहम् मुद्दाहरूले आमसञ्चार माध्यमहरूमा न्यायोचित स्थान वा महत्त्व दिइएको छैन । नेपालका आमसञ्चार माध्यमहरूमा पहिलो राजनीति, त्यसपछि आर्थिक क्षेत्र, अपराध , मनोरञ्जन, मानवीय चाखका कुरा र अन्तिम पंक्तिमा मात्रै जनजाति , संस्कृतिका सवाललाई महत्त्व दिने अभ्यास चलिआएको देखिन्छ , जबकि आदिवासी जनजातिले उठाएका मुद्दा पनि राजनीतिक, आर्थिक तथा साँस्कृतिक सवाल हुन् । यसरी आमसञ्चार माध्यमले आमजनताका मर्काहरूलाई समान रुपले वा निष्पक्ष (Impartial) तवरले समेट्नुपर्छ भन्ने  पत्रकारिताको व्यावसायिकताको सिद्धान्त अनुरुप मात्रै पनि नेपालका मिडियाले यहाँ आदिवासी जनजातिका मुद्दाहरूलाई न्यायोचित स्थान दिइरहेको छैन ।

यस पृष्ठभूमिमा यो अध्ययनले मूल रुपमा निम्न प्रश्नहरूको हल खोज्नेछ-

(क) सञ्चारकर्मीहरूले जनजातिका मुद्दाहरूलाई कसरी हेरेको छ ?

(ख) आमसञ्चार माध्यममा आदिवासी जनजातिका मुद्दालाई किन महत्त्व दिइएको छैन ?

(ग) आमसञ्चार माध्यमका लागि के जनजातिका सवाल संवेदनशील विषय हौइनन् ?

(घ) आदिवासी जनजातिहरूले आफ्नो अधिकार प्राप्तिको अभियानमा मिडियाको साथ कसरी  हासिल गर्न सक्ला ?

## १.७ अध्ययनको उद्देश्य

आमसञ्चार माध्यम लोकतान्त्रिक व्यवस्थाको अभिन्न अंग हो भने लोकतान्त्रिक व्यवस्थामा आम जनसमुदायका स्वरहरूलाई प्रकाशमा ल्याउने भूमिका आमसञ्चार माध्यमले गर्दछ । लोकतान्त्रिक व्यवस्थामा राज्यका सबै वर्ग, समुदाय र सम्प्रदायको आवाजको कदर हुनुपर्दछ, चाहे त्यो अल्पसंख्यक होस् या बहुसंख्यक । यस कार्यमा मिडियाले आम जनसमुदायको हितको पक्षमा वकालत गर्ने क्रममा सधैं सत्य तथ्यमा

आधारित भई निष्पक्ष र सन्तुलित (Impartial and Balance) रहनुपर्दछ । यो आधुनिक पत्रकारिताको सर्वत्र स्वीकारिएको अवधारणा हो । तर नेपालको पत्रकारिता क्षेत्रमा यो व्यवहारमा अझै खट्किएको विषयका रुपमा रहेको छ । त्यसैले नेपाली मिडिया सीमित वर्ग, समूहको पक्षपाती रहेको गुनासा तथा आरोप लगाइने गरिन्छ । नेपालका आदिवासी जनजाति समुदायको यही टिप्पणी रहेको छ कि-राज्यसत्ताको पहरेदारी गर्ने अनि जनआवाजलाई सरकारसम्म पुऱ्याउने जनपक्षीय मिडियाले हामीलाई न्यायोचित व्यवहार गरेको छैन ।

यिनै पृष्ठभूमिमा निम्न उद्देश्यले यो अध्ययन गरिएको हो-

(क) आदिवासी जनजातिका मुद्दाका सम्बन्धमा सञ्चारकर्मीहरूको सचेतना बुझ्ने ।

(ख) आदिवासी जनजातिका मागहरूबारे सञ्चारकर्मीहरूको अभिमत बुझ्ने ।

(ग) आमसञ्चार माध्यममा आदिवासी जनजातिका मुद्दाले पाएको प्राथमिकता अध्ययन गर्ने।

(घ) सञ्चारमाध्यममा आदिवासी जनजातिका विषयको समस्या निराकरणका उपाय पहिल्याउने ।

## १.८ अध्ययनको महत्त्व

नेपालको आमसञ्चार जगत् उच्च व्यावसायिक प्रतिस्पर्धाको पथमा अगाडि बढ्ने कसरत गरिरहेको छ । हालै सम्पन्न जनआन्दोलन-२ ले ल्याएको परिवर्तनले यसमा थप टेवा पुऱ्याउने विश्वास पनि गरिएको छ । यसैबीच देशको हरेक क्षेत्रमा लोकतान्त्रिकरण र समावेशीकरणको आवश्यकता महसुस गरिएको छ । यस परिप्रेक्ष्यमा यस अध्ययनले मुलुकका विभिन्न क्षेत्रको लोकतान्त्रिकरणका प्रक्रियामा आदिवासी जनजातिको समावेशीकरणका लागि आमसञ्चार क्षेत्रमा पूरा गर्नुपर्ने दायित्वबारे मार्गनिर्देश गर्ने विश्वास गरिएको छ । त्यसैगरी मिडियाले आदिवासी जनजातिका मुद्दाहरूलाई दिएको प्राथमिकताको यथार्थ चित्रण तथा आमसञ्चार क्षेत्रमा आदिवासी जनजाति समुदायका सञ्चारकर्मीको सहभागिता र उनीहरूले गरिरहेको कार्यको तथ्य विवरणका आधारमा जनजाति समुदायका मुद्दाहरूलाई मिडियामार्फत् अगाडि बढाउने प्रक्रियामा रहेको त्रुटि कमजोरीको निदान पहिल्याउन यो अध्ययन उपयोगी हुनेछ । यसरी एकातिर बदलिंदो मुलुकको व्यवस्था अनुरुप आमसञ्चार क्षेत्र लोकतान्त्रिक बाटोमा व्यवहारिक तरिकाले अगाडि बढ्ने, व्यावसायिकताको सिद्धान्तमा लाग्न सञ्चार क्षेत्रको लागि निर्देशिकाको रुपमा

सहयोगी हुनेछ भने अर्कातिर आदिवासी जनजातिका हकका लागि क्रियाशील अधिकारकर्मी, आन्दोलनकर्मी र जनजाति सङ्घसङ्गठनहरूका लागि आफ्ना जायज अधिकारहरू प्राप्तिका पक्षमा आमसञ्चारको सही ढंगले उपयोग गर्न सञ्चार रणनीति तयार गर्न महत्त्वपूर्ण रहनेछ ।

## १.९ अध्ययनको सीमा

सयौं जातजातिको साझा फूलबारी र अनेकतामा एकता रहेको नेपालमा लोकतन्त्र र समावेशी राज्य व्यवस्थाका पक्षधर मिडियाले नै आदिवासी जनजातिका मुद्दालाई समानुपातिक ठाउँ नदिनको पछाडि रहेका समस्या र कारण पत्ता लगाई समाधान पहिल्याउने उद्देश्यले गरिएको यो अध्ययन मूलतः आमसञ्चार माध्यममा आदिवासी जनजातिका मुद्दालाई दिइएको स्थानको तथ्यपरक विश्लेषणमा केन्द्रित रहेको छ । यहाँ आदिवासी जनजाति समुदायले उठाएका मुद्दाहरूको अध्ययन तथा प्रस्तुति रहेपनि ती मागहरूबारे कुनै बहस गरिएको छैन । लोकतान्त्रिक व्यवस्थामा जिम्मेवार मिडियाको व्यावसायिक तथा सामाजिक दायित्व र आदिवासी जनजातिका मर्काको समानुपातिक सुनुवाई हुनुपर्ने सैद्धान्तिक मान्यतामा आधारित भई गरिएको यो अध्ययन राजधानीमा रहेर गरिएको हो । भात पकाउँदा पाके नपाकेको हेर्न दुई चार सितो चामल लिएर जाँचेझैं यो अध्ययनका लागि आवश्यक सम्पूर्ण सूचना स्रोत सामग्री राजधानीमा उपलब्ध हुन सक्ने परिस्थिति भएकोले राजधानीमा रहेर गरिएकोले यस अध्ययनले मिडियामा आदिवासी जनजातिका कुराले महत्त्व नपाउनुका पछाडि रहेका समस्या र समाधानका उपाय पहिल्याउने सन्दर्भमा लागि निश्चित रुपमा उपलब्धिपूर्ण रहेको विश्वास गरिएको छ ।

## १.१० शोधको सङ्गठन

यस अध्ययनलाई व्यवस्थित रुपमा गर्न छ अध्यायमा प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा परिचय वा पृष्ठभूमिमा खण्डका रुपमा रहेको छ । यस खण्डमा नेपालमा आमसञ्चारको विकासक्रम, नेपाली आमसञ्चारमा जनजातिका कुरा, नेपालको जनसङ्ख्यात्मक संरचना, मूलधारका सञ्चारमाध्यममा स्वामित्वको स्थिति, सम्पादकीय

समूहमा जातीय सहभागिताको स्थिति, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व र अध्ययन सीमालाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा सन्दर्भ सामग्रीको पुनरावलोकन र तेस्रो अध्यायमा चाहिं अध्ययन पद्दतिबारे उल्लेख गरिएको छ । त्यस्तै चौथो अध्यायमा सर्वेक्षणको नतिजालाई प्रस्तुत गरिएको छ । यसअन्तर्गत मूलधारका छापा माध्यममा पत्रकारहरूको सहभागिता विवरण, पत्रकारहरूको जातीय विवरण, धार्मिक हिसाबले पत्रकारहरूको विवरण, आदिवासी जनजातिका विषयमा सञ्चारकर्मीहरूको चेतना स्थिति, आदिवासी जनजातिका समस्याबारे सञ्चारकर्मीहरूको दृष्टिकोण, आदिवासी जनजातिका विषयलाई सञ्चार संस्थाले दिएको महत्त्व, सञ्चार संस्थामा समाचार सम्बन्धी कार्यमा जातीयताको प्रभाव, आदिवासी जनजातिका सूचना सम्प्रेषणमा सञ्चारकर्मीको सक्रियता, सञ्चार संस्थामा जातीय सहभागिताको महत्त्व, आदिवासी जनजातिका मिडियामा नउठेका मुद्दा, आदिवासी जनजातिका विषयमा सूचना सङ्कलन/सम्प्रेषणमा सञ्चारकर्मीले अनुभव गरेका समस्या, आमसञ्चार माध्यममा आदिवासी जनजातिका समस्याले उचित स्थान पाउने उपायबारे रहेका छन् । साथै जनजाति सम्बन्धी रिपोर्टिङमा जनजाति तथा गैर जनजाति पत्रकारका अनुभवमा आधारित घटना अध्ययन पनि समावेश छन् । पाँचौ अध्यायमा विषयवस्तु विश्लेषणको नतिजा रहेको छ । यसमा आदिवासी जनजातिसँग सम्बन्धित समाचार, लेख, सम्पादकीय लगायतका छापामा प्रकाशित सबै सामग्रीको अनुगमन र विश्लेषणलाई राखिएको छ । यसैगरी छैटौ अध्यायमा चाहिं अध्ययनको निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ । साथै अध्ययनको विषयसँग सम्बन्धित सन्दर्भ सामग्री र परिशिष्टहरू पनि समावेश गरिएको छ ।

अध्याय - दुई

# सन्दर्भ सामग्रीको पुनरावलोकन

(Literature Review)

## २.१ नेपाली आमसञ्चार माध्यम र आदिवासी जनजाति

नेपालका आमसञ्चारकर्मी तथा जनजाति सङ्गठनहरूकावृत्तमा यदाकदा नेपाली मिडिया जगत्ले आदिवासी जनजातिको मुद्दालाई प्रचारप्रसारमा सहयोग नगरेको चर्चा, गुनासो चल्दै आएको हो । यस विषयमा चाहिँ नेपालमा हालसम्म एकाध छलफल, कार्यपत्र र लेख लेखन तथा केही अध्ययन पनि भएका छन् । त्यसैगरी नेपालका विविध आदिवासी जनजातिका इतिहास, राजनीतिक, सामाजिक, आर्थिक, भाषिक तथा साँस्कृतिक लगायतका मुद्दा, समस्या र उठाउँदै आएका मागहरूबारे जानकारी दिने पुस्तक-पुस्तिकाको फेहरिस्त पनि लामै हुनसक्छ । पत्रपत्रिका, रेडियो तथा टेलिभिजनमा धेरथोर जनजातिका पहिचान र समस्याहरूसम्बन्धी कुराहरू प्रकाशमा आएका छन् तर मिडियाले जनजातिका कुरालाई कत्तिको महत्त्व दिएको, कसरी कुन रुपमा स्थान दिने गरेको तथा किन जनजातिका कुरालाई दिन आनाकानी गर्दैआएको छ भन्ने किसिमको गुणात्मक पक्षको सन्दर्भमा अध्ययन विश्लेषणको अभाव खट्किरहेको छ । केही वर्षयता नेपाली मिडियामा जनजातिको सहभागितालाई लिएर केही औंलामै गन्न सकिने सङ्ख्यामा अध्ययन भएका छन्, जसले केही हदसम्म यो कमीलाई भर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

वि.सं. २०५७ सालमा सामाजिक विकास तथा अनुसन्धान केन्द्रले *नेपाली मिडियामा दलित र जनजाति* शीर्षकको पुस्तक प्रकाशित गरेको थियो । नेपाल अधिराज्यभरका जम्मा १ सय १४ प्रकाशन गृह र तीनवटा रेडियो स्टेसन (रेडियो नेपाल, रेडियो सगरमाथा र मेट्रो एफ.एम) मा दलित र जनजातिको उपस्थितिबारेको सर्वेक्षणमा आधारित सो पुस्तक मिडिया र जनजातिका विषयमा नेपालको हालसम्मको प्रमुख अध्ययनका रुपमा रहेको छ । सञ्चार क्षेत्रमा दलित तथा जनजाति प्रतिनिधित्व प्रतिशतलाई न्यून स्थितिबाट उनीहरू जनसङ्ख्याको प्रतिशतको अनुपातमा पुऱ्याउन तथा उनीहरूका विभिन्न सवालहरूलाई मिडियाले बढी स्थान दिनका लागि भविष्यमा गर्नुपर्ने कार्यहरूबारे उक्त अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ । सो अध्ययनले निम्न निष्कर्ष प्रस्तुत गरेको पाइन्छ -

(क) प्रकाशन संस्थामा गरिएको सर्वेक्षणले सम्पादक समूह, स्तम्भकार समूह र प्रकाशकीय समूह सबैमा जनजातिको सहभागिता न्यून देखाएको छ । पत्रकारहरूका सङ्घ-संस्थाहरूमा र पत्रकार उत्पादन गर्ने संस्थाहरूमा पनि जनजातिको सहभागिता सङ्ख्या अत्यन्तै न्यून छ ।

(ख) पत्रपत्रिकामा जनजातिका सवालहरूको रिपोर्टिङ्ग, वैचारिक लेख र खोजमूलक लेख निश्चित रुपमा पञ्चायत कालको भन्दा बढी नै आउने गरेका छन् । तर जुन गतिमा जनजातिको जातीय उत्थानको आन्दोलन अगाडि बढिरहेको छ त्यो गतिमा र त्यो स्तरमा पत्रपत्रिकाले यसबारेमा समाचार र लेखलाई समेटेका छैनन् । लोपोन्मुख जाति, भाषा, कला, संस्कृति आदिका बारेमा जनकारी दिने समाचारहरूदेखि लिएर जनजातिका सङ्घसंस्थाका गतिविधि र क्रियाकलापहरूको लेखाजोखा गरिएका लेखहरूले जातीय अस्तित्व र समानताको हक-अधिकारसम्बन्धी उनीहरूको आन्दोलनलाई सहयोग पुऱ्याएका छन् । तर यसमा सन्तोष मान्न सकिने अवस्था भने छैन । जनजातिका सवालले छापामा प्राथमिकता पाएका छैनन् । उनीहरूका समाचार प्रायः भित्री पेजमा खुम्चिएर रहेको पाइन्छ भने वैचारिक लेखहरू निकै कम आएका छन् । सम्पादकीयमा यिनीहरूको मुद्दा बिरलै अटाउने गरेको छ । खोजमूलक लेख निकै कम छन् र विषयको गाम्भीर्यताको बोध गराउनेतर्फभन्दा फुर्सदमा मनोरञ्जन गराउने ढंगले प्रस्तुत गरिएका छन् । यी सबै परिदृश्यले जनजातिको सवाललाई प्रकाशन संस्थाले गम्भीरतापूर्वक नलिएको देखाउँछ ।

(ग) रेडियोमा पनि पत्रपत्रिकामा जस्तै जनजातिको सवाल पञ्चायत कालको दाँजोमा त बढी नै उठ्ने गरेको छ तर सन्तोष मान्न सकिने स्थिति छैन । जनजातिको सवालले रेडियोमा प्राथमिकता पाएको छैन । रेडियो नेपाल र एफएम स्टेसनमा जनजातिको न्यून सहभागिता छ । एकातिर रेडियो नेपालको नीति निर्माण तहमा जनजाति मानिसहरू पुग्न सकेका छैनन् भने अर्कातिर रेडियो प्रसारणमा जनजातिको कार्यक्रम उत्पादन गर्ने दक्ष जनशक्तिको अभाव रहेको छ । अहिले (वि.सं. २०५७-५८) सञ्चालन भइरहेका कार्यक्रमको विषयवस्तु चयन र प्रस्तुतीकरणमा प्रभावकारिता भेटिंदैन । विषयगत पहुँच भएका केही व्यक्तिहरूलाई रेडियो नेपाल लगायत

अन्य एफएम स्टेसनहरूले प्रयोग गर्न सकिरहेका छैनन् । अर्कोतर्फ जनजातिलाई उपेक्षा गरिएका गीत र कार्यक्रमहरू अझै प्रसारित हुँदै छन् ।

यसर्थ बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक नेपाली समाजको प्रतिबिम्ब समस्त मिडिया जगत्मा उतार्नका लागि यी दुई कुराहरू आवश्यक देखिन्छन् :

१. रेडियो, टेलिभिजन र पत्रपत्रिकामा जनजातिको प्रतिनिधत्व प्रतिशतलाई उनीहरूको जनसङ्ख्याको प्रतिशतको हाराहारीमा पुऱ्याउने काशिस गर्नुपर्छ ।

२. पत्रपत्रिका तथा विद्युतीय तरङ्गका माध्यमहरू (रेडियो र टेलिभिजन) मा जनजातिका विषयमा हुने रिपोर्टिङ्ग, खोजमूलक लेख, कार्यक्रम र वैचारिक लेख/कार्यक्रमका दुर्बल पक्षलाई हटाउँदै सबल पक्षलाई उकास्दै लैजानुपर्छ ।

सो पुस्तकमा सम्पादक प्रत्युष वन्तले **नेपाली मिडियाको वर्तमान स्थिति** शीर्षकको पहिलो लेखमा नेपाली मिडियाको लैंङ्गिक र जातीय समानताबारे लेख्नुभएको छ-

"नेपाली मिडिया जगत्मा बाहुन, छेत्री र केही नेवार पुरुषहरू हाबी छन् । यसकारणले समाजको बहुलता र विविधताको नेपाली मिडियाले प्रतिनिधित्व गर्न सकिरहेको छैन । यसले गर्दा नेपाली मिडियाको विश्वसनीयता र प्रजातन्त्रिक संरचनामा प्रश्न चिह्न उठाउने ठाउँ छ ।" (वन्त र पराजुली २०५८: १५)

सञ्चार जगत्मा हाल थोरै सङ्ख्यामा उपस्थित महिला, जनजाति र दलित सञ्चारकर्मीहरूको सङ्ख्यामा वृद्धि नभएसम्म सञ्चार जगत् स्वयंभित्र प्रजातान्त्रिकरण नहुने मत वन्तले राख्नुभएको छ ।

त्यसैगरी प्रजातन्त्र, **नेपाली मिडिया र जातीय प्रतिनिधित्वको** शीर्षकको लेखमा सी.के.लालले भन्नुभएको छ- "जातीय समूहहरूका पीडा वेदना र सङ्कट तथा तिनका खुसी, चाहना एवं विश्वासका कुराहरू राष्ट्रिय परिदृश्यमा आउने समानुपातिक प्रतिनिधित्व हुनैपर्छ राष्ट्रिय मिडियामा । जतिसुकै सहानुभूति भए पनि खुकुरीले अचानोको चोट बोल्न सक्दैन । अचानो स्वयं रुन, बोल्न र नाच्न पाउनुपर्छ । " (लाल २०५८: १९)

सो अध्ययन अन्तर्गत प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताबारे राष्ट्रिय सर्वेक्षण पनि गरिएको थियो । काठमाडौं उपत्पकाभित्र र उपत्यका बाहिरका प्रमुख सहरहरू महेन्द्रनगर, धनगढी, नेपालगञ्ज, सुर्खेत, दाङ, बुटवल, भैरहवा, तानसेन, बागलुङ्ग, पोखरा,दमौली, नारायणगढ, हेटौडा, वीरगञ्ज, जनकपुर, राजविराज, इटहरी, विराटनगर,

धरान, पथरी, बिर्तामोड र भद्रपुरमा प्रकाशन गृहमा संलग्नलाई सम्पादक समूह[८], स्तम्भकार समूह र प्रकाशकीय समूह गरी तीन भागमा वर्गीकरण गरी विश्लेषण गरिएको थियो । सर्वेक्षण गरिएका ७३ प्रकाशनमा ९५६ जना सम्पादक समूहमा पर्नेमध्ये १६४ जना (१७.१५ प्रतिशत) जनजाति रहेका छन् ( तिनमा ५७ जना अर्थात् ५.९६ प्रतिशत) नेवार जातिका छन् )। स्तम्भकार समूहमा चाहिँ ७३ पत्रिकामा संलग्न २९८ जना स्तम्भकारमध्ये २५ जना जनजाति प्रतिनिधित्व रहेको छ (तिनमा १३ जना अथात् ४.३६ प्रतिशत नेवार जातिका छन् )। प्रकाशकीय समूह[९]काबारेमा यस्तो तथ्य प्रस्तुत गरिएको छ -

> उपत्यकाबाहिरका अधिकांश प्रकाशन गृहहरू व्यक्तिगत प्रयासमा सञ्चालित छन् । प्रकाशकहरू संस्थागत अवधारणा र अप्ठेरादेखि निन्तित अनि ग्रसित पनि छन् यही कारणले गर्दा प्रकाशक स्वयंले सम्पूर्ण जिम्मेवारी बहन गर्नै वितरक, व्यवस्थापक र निर्देशकका रुपमा कार्य गरेको पाइन्छ । अनि संस्थागत स्वरुप नअँगालेका यी प्रकाशन गृहहरूमा कोही छुट्टै अध्यक्ष हुने कुरै भएन ।
>
> ७३ वटा प्रकाशन गृहमा प्रकाशकीय समूहमा जम्मा २५ जना जनजातिको प्रतिनिधित्व छ , जसमा प्रत्येक तीनवटा प्रकाशन समूहमा जम्मा १ जना जनजाति पाइन्छ । उपत्यकाभित्र पनि यही स्थिति पाइएको छ (पराजुली र गौतम २०५८: ३९) ।

अध्ययनका क्रममा नेपाली पत्रकारिता जगत्मा दलित/जनजातिको न्यून उपस्थितिलाई सबैजसोले समस्याको रुपमा स्वीकारेका छन्, साथै जातीय प्रतिनिधित्व गौण कुरा हो भन्ने मत पनि पाइयो । नेपाल पत्रकार महासङ्घका तत्कालीन सभापति सुरेश आचार्यको भनाई यस्तो पाइया - “पेसागत पत्रकारितामा जानि, धर्म, वर्ग आदि कुराहरू गौण हुन्छन् । त्यसैले यस क्षेत्रलाई जातीय या साम्प्रदायिक दृष्टिले हेरिनु उचित हुँदैन । साथै सबै जातिको सहभागिता राम्रै कुरा भएको स्वीकार्दै उहाँ थप्नुहुन्छ - तर कुनै सम्प्रदायको विकास गर्न त्यही

[८] सम्पादक समूहमा संवाददाता, सम्पादक मण्डल र लेआउटतर्फका मानिसहरूको समूहलाई पनि मेटिएको छ ।

[९] प्रकाशकीय समूहमा वितरण प्रमुख, बजार प्रमुख, निर्देशक, प्रबन्ध निर्देशक र अध्यक्ष गरी ५ पदलाई मात्र समेटिएको छ ।

समप्रदायकै मानिस नै चाहिन्छ भन्ने जरुरी छैन" (पराजुली र गौतम २०५८: ४९) ।

यता महिला पत्रकारहरूको सङ्गठन सञ्चारिका समूहका अध्यक्ष बन्दना राणाको यस्तो भनाइ उद्धृत गरिएको छ - "हाम्रो संस्थामा यो जात त्यो जातभन्दा पनि को कति सक्षम भन्ने प्रमुख कुरा हुन्छ ।"

मिडियामा दलित र जनजातिहरूको न्यून उपस्थितिको कारणबारे विभिन्न सम्बद्ध व्यक्तित्वहरूले पहुँचको कमी, चेतनाको कमी, अनभिज्ञता, पेशागत असुरक्षा , शिक्षा र भाषा लगायतका कारण दिँदै यस्तो प्रतिक्रिया दिएको उल्लेख गरिएको छ (पराजुली र गौतम २०५८: ४९-५५) ।

जनजातिहरू मिडियाको पहुँचभन्दा टाढा रहेको जनजनाउँदै राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घका अध्यक्ष डा. चुन्दा बज्राचार्य भन्नुहुन्छ -"अधिकांश जनजातिहरू ग्रामीण बस्तीमा बसोबास गर्ने हुँदा आमसञ्चारका साधनबाटै उनीहरू विमुख बन्न पुगेका छन् । जोसँग पत्रकारिताको रुचि र सीप छ उनीहरूलाई मिडियासम्म पुऱ्याइदिने च्यानलको अभाव छ किनभने बाहुन-क्षेत्रीहरू आफ्नै जातका मानिस पाएसम्म अरुलाई वास्ता गर्दैनन् ।"

यसै विषयमा राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घका महासचिव बमकुमारी बुढामगरको यस्तो पाइन्छ-"सरकारी सुविधा र भत्ता पाइने ठाउँमा जनजातिलाई कहीं नराख्ने र निजी क्षेत्रका प्रकाशनमा पनि पहुँच नपुगेकाले प्रतिभा भएर पनि उनीहरू यसै खुम्चिएर बस्न बाध्य भएका छन् ।"

राष्ट्रिय जनजाति विकास समितिका निर्देशक डा. चैतन्य सुब्बाले यस्तो मत राख्नुभएको छ -"नेपालको मिडिया प्रभुत्वशाली समुदाय (Dominant Community) को हातमा रहेको छ । उनीहरू नेपाली समाज बहुलवादी समाज (Plural Society) भएको र यसमा विभिन्नता (Diversity) रहेको कुरो नस्वीकारेसम्म यो समस्या सुल्झाउन गाह्रो पर्दछ ।"

आदिवासी जनजाति पत्रकार सङ्घ एवं नागरिक मासिकका सम्पादक अध्यक्ष चन्द्रसिंह राईले जनजाति समुदायले पत्रकारितामा रुचि नलिएकाले मिडिया सहभागिता न्यून भएकोतर्फ औंल्याउनुहुन्छ -"जनजाति मानिसको झुकाव परम्परागत पेसातर्फ नै रहेको छ । त्यसो नगर्नेले कि त विदेशिन्छन् कि यहीं ज्याला मजदुरी गर्छन् । केही पैसावालहरू बन्द व्यापारमा लाग्छन् । थोरैमा पत्रकारिताको रुचि र सीप दुवै छ तर

त्यस्तालाई पनि राज्यले उपेक्षा गरिरहेको छ ।" त्यस्तै , हिमाल एसोसियसन निर्देशक तथा *हिमाल* पत्रिकाका पूर्व सम्पादक बसन्त थापाको मत पनि उहाँसँग मिल्दो पाइन्छ - "पत्रकारिता क्षेत्र जनजातिका लागि नौलो नै रहेको र यसमा लागेर पनि कुनै प्रतिफल पाउन सकिन्छ भन्ने चेतना उनीहरूमा रहेको छैन ।"

यता नेपाल प्रेस इन्स्टिच्युटका अध्यक्ष गोकुल पोखरेल शैक्षिकस्तरमा जोड दिनुहुन्छ- "वर्तमान युगमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिको पेसामा उसको शैक्षिक स्तरमा पनि भर पदर्शछ । दलित र जनजातिलाई पत्रकारितामा ल्याउनका लागि सर्वप्रथम शिक्षामा जोड दिनु जरुरी छ ।"

*अपरान्ह दैनिक* सम्पादक टीकाराम राई जनजातिहरूमा रहेको नेपाली भाषाप्रतिको कमजोरीले पनि पत्रकारितामा आउन समस्या रहेको बताउनुहुन्छ-"नेपाली भाषाको व्याकरण र उनीहरूको मातृभाषाको व्याकरणम धेरै भिन्नता भएकाले प्रायजसो जनजातिका मानिसहरूको नेपाली लेखाइमा शुद्धता भेटिँदैन । त्यसैले पत्रकारिता गर्न सकिने स्थिति छैन ।"

मिडियामा जनजातिको उपस्थिति बढाउन जनजाति आफैंले पत्रिका चलाउने जसकामार्फत् पत्रकारिताको अभ्यास गरी पत्रकारिताको सीप विकास गर्ने र पछि मूलप्रवाहका प्रकाशनमा प्रवेश गर्ने[१०], उनीहरूलाई प्रशिक्षण दिने तथा सञ्चारमाध्यममा आरक्षणको व्यवस्था गरिनुपर्ने सुझाव पनि सो अध्ययनले दिएको छ । यद्यपि यी विषयहरूमा मतान्तर पाइन्छन् ।[११] (पराजुली र गौतम : २०५८ : ५३-५५)

[१०]"प्रजातन्त्रको पुर्स्थापनापछि नेपाली पत्रकारिताले ठूलो फड्को मारेको छ । तैपनि दलित आदोलनका गतिविति सूचनाको प्रवाह उचित तरिकाले र उचित मात्रामा हुन नसकेको महसुस गरी हामीले *जनउत्थान*को प्रकाशन सुरु गरेका हौं । अहिलेसम्म यसमार्फत् थुप्रै दलित साथीहरूले आफ्नो पत्रकारिताको सीपलाई खार्ने अवसर पाइसक्नुभएको छ।"

-अध्यक्ष, जनउत्थान प्रतिष्ठा तथा *जनउत्थना* मासिकका सम्पादक

(पराजुली र गौतम : २०५८ : ५३)

[११]"लङ्गडा र सद्दे मानिसलाई सँगै दौडाएर खेलमा न्याय हुन सक्दैन । आरक्षण हरेक क्षेत्रमा आवश्यक छ । सरकार स्वामित्वका सञ्चार माध्यममा आरक्षण गर्ने र निजी क्षेत्रका सञ्चार माध्यममा जनजातिका सङ्घ संस्थाहरूले जनजातिलाई पनि समावेश गर्नुपर्ने माग राख्दै अनुरोध गर्ने, दबाब दिने गरेमा जनजातिका पत्रकारको सङ्ख्या बढ्नेछ ।"

-बसन्त थापा, निर्देशक, हिमाल एसोसियसन

"अध्ययनको क्रममा राज्यले सबैलाई समान अवसर दिनुपर्छ । सबैलाई पढ्न सक्ने बनाउनुपर्छ । त्यसपछि प्रतिस्पर्धाबाटै नियुक्ति गर्ने परिपाटी हुनुपर्छ । आरक्षण राजनीतिको क्षेत्रमा गरे हुन्छ । "

-चिरञ्जीवी खनाल, प्राध्यापक, पत्रकाति तथा आमसञ्चार (रत्नराज्यलक्ष्मी क्याम्पस)

नेपालको रेडियो पत्रकारिताले पनि जनजातिले उठाइआएका मुद्दाहरूबारे बहस, छलफल चलाउने, औचित्य वा अनौचित्य विषयमा सुसूतिच गराउने प्रयत्न गरेको छैन । रेडियो प्रसारणको इतिहासमा नै यससम्बन्धी सरकारी हस्तक्षेपबाहेक आदिवासी जनजातिहरूको नकारात्मक छवि प्रस्तुत गराउन पनि यी सञ्चार माध्यम उत्तिकै जिम्मेवार छन् । (यात्रु : २०५८ : १३१)

यस अध्ययन प्रतिवेदनबारे आफ्नो मन्तव्य राख्दै डा. कृष्णबहादुर भट्टचन लेख्नुहुन्छ-"दलित र जनजाति आन्दोलनका आन्दोलनकारीहरूले सधैंजसो नेपाली मिडिया बाहुनवादी वा ब्राम्हणवादी सोच, नीति र व्यवहारबाट आक्रान्त छ भन्ने भनाइलाइृ बाहुवादीहरूले मिथ्या आरोप भन्ने गरेकोमा  त्यस्ता बाहुनवादीहरूलाई यो प्रतिवेदनले अगाडि सारेको अनुसन्धानबाट प्राप्त वस्तुगत तथ्यले एक चड्कन दिएको महसुस गरेको छु ।"

२०५८ सालमै सामाजिक विकास तथा अनुसन्धान केन्द्रले नेपाली मिडियामा दलित तथा जनजातिको सहभागिता सम्बन्धी यो अनुसन्धानको क्रममा अर्को पुस्तक पनि तयार गरेको थियो-***छापामा जनजाति*** । विभिन्न राष्ट्रिय तथा क्षेत्रीयस्तरका पत्रपत्रिकामा छापिएका नेपालका जनजाति र उनीहरूका मुद्दाहरू सम्बन्धी समाचार, लेख, फिचर, स्तम्भ लगायतका सङ्ग्रहको रुपमा यो पुस्तक प्रकाशन गरिएको छ । पुस्तकमा आदिवासी जनजातिको परिभाषा र पहिचानको सवालदेखि विभिन्न १५ अध्यायहरूमा  जनजातिका विषयलाई वर्गीकरण गरी प्रस्तुत गरिएको छ । अन्य अध्यायहरूमा जनजातिको शिक्षाबाट विमुख हुनु परेको अवस्था, जाति र बाहुनवाद, नेपालको संविधान र जनजाति, धर्म र संस्कृति, भाषा, मिडिया, सरकारी नीति र विकास, राजनीति विकेन्द्रिकरण र स्वायत्त शासन, आत्मनिर्णयको अधिकार र जनजाति आन्दोलनबारे गरी ९६ वटा लेखहरू सङ्कलित छन् भने अन्त्यमा पाँच विभिन्न दस्तावेज र सन्दर्भ सामग्रीमा २०४६ सालपछि जनजातिका विषयमा प्रकाशित पुस्तकहरू दिइएको छ ।

मिडिया र जनजाति अध्यायमा मिडियामा जनजातिको सहभागिता, मुद्दा, विषयवस्तु, जनजाति पत्रकारहरूको सङ्गठन, चलचित्र आदि सम्बन्धी जम्मा १० वटा लेख रहेका छन् । सन्दर्भ सामग्रीमा चाहि आदिवासी जनजाति आन्दोलन सम्बन्धी नेपालीमा लेखिएका ११० वटा पुस्तक र ४० वटा अङ्ग्रेजीमा लेखित पुस्तकहरूको सूची दिइएको छ । यस पुस्तकमा संकलित सामग्रीहरू नियाल्दा नेपालको छापा माध्यममा नेपालका आदिवासी जनजातिका मुद्दाहरूले बाक्लै महत्त्व पाएको देखिन्छ (मूलधारका सञ्चरमाध्यमा मात्र भने यो परिणाम छैन) । यो विशेष गरेर २०४७ को संवैधानिक परिवर्तनले प्रत्याभूत गरेको प्रेस

तथा अभिव्यक्ति स्वतन्त्रताले समाजमा रहेको विभिन्न पक्षका समाचारलाई उजागर गर्न सरलीकृत गरेको प्रतिफल हो । (वन्त, यात्रु र गौतम २०५८) यस पुस्तकले बहुलवाद उन्मुख पत्रकारितालाई सबल बनाउन सहयोग गर्ने विश्वास यसका सम्पादकहरूले राखेका छन् ।

सन् २००५, जुन १८ मा नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) ले राजधानीमा *सञ्चार माध्यममा आदिवासी जनजातिका सवाल, समस्या र समाधानका उपाय* विषयक एक छलफल आयोजना गरेको थियो । सो कार्यक्रममा पत्रकार चुनबहादुर गुरुङद्वारा प्रस्तुत गरिएको छलफलको विषय सम्बन्धी अवधारणा कार्यपत्रमा मूलधारे सञ्चार माध्यममा अल्पसंख्यक, विपन्न र आदिवासी जनजातिका सवाल अक्सर नसमेटिनुका कारणबारे चर्चा गर्दै भनिएको छ :-

> मूलधारे सञ्चार माध्यममा अल्पसङ्ख्यक, विपन्न र आदिवासी जनजातिका सवाल अक्सर समेटिदैनन् । किनकि ती सञ्चार माध्यम मूलतः व्यावसायिक तर व्यापारीक उद्देश्यले प्ररित हुने गर्दछ । लेखिएका समाचार र लेखिनुपर्ने खबर उनीहरूका निम्ति बिक्री योग्य वस्तु हुन् । खरो शब्दमा भन्नु पर्दा मिडिया टाइकुनहरू त्यही समाचार र विचारका व्यापारी हुन् । आदिवासी जनजाति समुदायलगायत अन्य उपेक्षित समुदायले हेक्का राख्नुपर्ने कुरा के हो भने मिडिया मालिकहरूले आदिवासी जनजाति, दलित, मधेशी, महिला तथा दूरदराजका गरीब समुदायका निम्ति लगानी गरेका होइनन् । पत्रकारिता आचारसंहिता लगायत यससम्बन्धी सिद्धान्तले समाचार लेखनी र सम्पादन कार्यलाई व्यापारभन्दा पृथक पकिल्पना गरेपनि पत्रकारितामा हाबी भएको व्यापारीकरणले स्वरविहिनहरूका स्वर बुलन्द हुन नसकेको हो । दुर्भाग्य हामी विश्वभर यस्तै दृश्य देख्छौं । चाहे त्यो कान्तिपुर दैनिकमा घटेको डा. रसेन्द्र भट्टराई प्रकरण हो वा ह्वाइट हाउस वरपर झुम्मिने टेलिभिजन च्यानलहरू होस् । यद्यपि कमर्सियल जर्नालिजम प्राक्टिस अर्थात् व्यापारले कुल्चेको पत्रकारिता र पब्लिक जर्नालिजम प्राक्टिस अर्थात् जनउत्तरदायी पत्रकारिता अभ्यासबारे बहस चर्कंदै गएको छ । यसबाट हामी धेरै अपेक्षा राख्न सक्दछौं (गुरुङ सन् २००५) ।

वि.सं. २०६१ सालमा मार्टिन चौतारीद्वारा प्रकाशित ***रेडियो नेपालको सामाजिक इतिहास*** नामक पुस्तक रेडियो नेपालको संस्थागत पक्ष, कार्यक्रम र उत्पादन तथा रेडियो नेपालसँग समाजका विभिन्न पक्षहरूको सम्बन्धबारे अध्ययन गरी तयार गरिएको छ। कुल २३ वटा अनुसन्धानमा आधारित लेख सङ्ग्रहित सो पुस्तकको भाग ३, अध्याय २० मा पत्रकार कुमार यात्रुको **रेडियो नेपाल र जनजाति**बारे तथ्यगत विश्लेषणमा आधारित लेख पनि रहेको छ। रेडियो नेपाललाई जनजातीय दृष्टिकोणबाट अध्ययन गरी तयार गरिएको उक्त लेखमा रेडियो नेपालको स्थापनाकालदेखि प्रजातन्त्र पुनर्स्थापनापछिको समयसम्मको रेडियो नेपालको कार्यक्रम विश्लेषण र जनजाति सहभागिताको मूल्याङ्कन गरिएको छ। यसमा यात्रुले रेडियो नेपाल बहुलवादी समाजको आवश्यकता अनुसार परिवर्तन हुनसकेको ठहर गर्दै रेडियो कार्यक्रममा जनजातिहरू उपेक्षाका सिकार बन्नुमा निम्न ३ कारण उल्लेख गरेका छन् (यात्रु २०६१: ३३६-३४२) -

(क) हिन्दू राष्ट्रवादको अवधारणा

(ख) जनजाति सहभागिताको अभाव

(ग) जनजातिहरूकै अग्रसरताको अभाव

त्यस्तै त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभाग र फ्रेडरिक इबर्ट स्टिफ्टुङद्वारा प्रकाशित *बहुलवादी नेपाली समाजमा आमसञ्चार* (२०५४) नामक पुस्तकमा जनजाति सम्बन्धी छुट्टै अध्ययन नगरिएको भएपनि नेपाली समाजको बहुलतालाई ख्याल गरेर मिडियाले सामग्री पस्कनुपर्ने पक्षमा जोड दिएको छ।

सन् २००३ मा टङ्क उप्रतीले गर्नुभएको *नेपाल टेलिभिजनमा जनजाति अल्पसङ्ख्यकहरूको प्रतिनिधित्व सम्बन्धी अध्ययन* (Ethinicity and Media: Representation of Ethinic Minorities in Nepal Television)ले पहिचान गरिएका नेपालका ६१ मध्ये ५३ जनजातिको नेपाल टेलिभिजनमा प्रतिधित्व नभएको जनाउँदै टेलिभिजनका कार्यक्रमहरूमा बहुजातीय, बहुभाषिक र बहुसाँकृतिकभन्दा हिन्दू खस समाजका कुरालाई बढावा दिएको उल्लेख गरेको छ। त्यसैले प्रसारण मिडिया उत्पादनलाई गुणात्मक बनाउन जनजाति अल्पसंख्यकको उपस्थिति बढाउनुपर्ने सुझाव दिइएको छ।

जनआन्दोल-२ पछि नेपालको संस्थागत पत्रकारिताको विकासको सन्दर्भमा भोग्नुपरेका समस्याहरूको पहिचान गरी त्यसको समाधानका लागि आवश्यक सुझाव दिन नेपाल सरकारद्वारा गठित *उच्चस्तरीय मिडिया सुझाव आयोग, २०६३* ले अध्ययन गरी गत

भदौ ३० गते प्रतिवेदनम बुझाएको थियो । सो प्रतिवेदनमा लोकतान्त्रिक राज्य व्यवस्थालाई संस्थागत गर्न आमसञ्चार क्षेत्रमा गरिनुपर्ने कार्यहरूसम्बन्धी सुझावहरूमध्येमा आमसञ्चारको क्षेत्रमा महिला, पिछडिएका वर्ग, आदिवासी, जनजाति, दलित, मधेशी, अपाङ्गहरूको न्यायोचित प्रतिनिधित्वका लागि विशेष संरक्षणको व्यवस्था हुनुपर्ने पनि एक रहेको छ ।

पत्रकार चुनबहादुर गुरुङले नेपालका जनजातिहरूद्वारा सञ्चालन गरिएका मिडियाको अवस्था मूल्याङ्कन गरी अध्ययन गरिएको प्रतिवेदन (An Assessment & Analysis of Ethnic Media in Nepal) यही २००७ मार्च १५ मा नेपाल आदिवासी जनजाति महासङ्घ जनजाति सशक्तिकरण परियोजनालाई बुझाएको छ । सो प्रतिवेदन अनुसार नेपालमा जनजाति समुदायहरूद्वारा सञ्चालन भइरहेका पत्रपत्रिकाहरू सामुदायिक प्रकाशनका रुपमा मात्र रहेका छन् जुन पूर्णतः जनजाति समुदायप्रति समर्पित छन् । तर संस्थागत विकास, व्यावसायिकता, मानवीय जनशक्ति तथा आर्थिक कमजोरीका कारण जनजाति समुदायले चलेका पत्रिका निरन्तरता पाउन सकिरहेका छैनन् । जनजातिले सञ्चालन गरेका पत्रिकाले जनजातिका विषयलाई प्राथमिकता दिएपनि ती पत्रिका मूलधारका पत्रिका जत्तिको शक्तिशाली भने छैनन् । त्यसैले यस्ता मिडिया सञ्चालनमा सरकारी सहयागको नीति लिनुपर्ने, जनजाति समुदाय एकताबद्ध तथा जनजाति पत्रकारहरूले चासो लिनुपर्ने र दातृ निकायले पनि सहयोग गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ (गुरुङ सन् २००७) ।

## २.२ अन्तर्राष्ट्रिय परिदृश्य

सन् १९९३, २९ फ्रेब्रुअरीमा घोषित संयुक्त राष्ट्र सङ्घको आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी मस्यौदा घोषणापत्रमा भनिएको छ - "आदिवासीहरूलाई आफ्नै भाषामा आफ्नै सञ्चारमाध्यम स्थापना गर्ने अधिकार हुनेछ । उनीहरूलाई सबै प्रकारका गैरआदिवासी सञ्चारमाधयममा पनि समान अधिकार हुनेछ । राज्यको स्वामित्वमा रहेका सञ्चारमाध्यममा आदिवासीहरूका साँस्कृतिक विविधता प्रतिनिधित्व हुने कार्य सुनिश्चित गर्नका लागि राज्यले प्रभावकारी उपायहरू अवलम्बन गर्नेछ ।"

संसारका विभिन्न विकसित मुलुकहरूमा पनि आदिवासी अल्पसङ्ख्यकका मुद्दाहरूले मूलधारका सञ्चारमाध्यममा स्थान हासिल गर्ने क्रममा आफैं पत्रिका चलाउने तथा सञ्चार

माध्यममा जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्वका लागि पैरवी गर्ने अभियानहरू सञ्चालन गरिएका पाइन्छन् । विश्वमै आदिवासी जनजाति, अल्पसङ्ख्यक, दलितका मुद्दाहरूलाई मूलधारका सञ्चारमाध्यमहरूले उपेक्षा गर्ने गरेको तथा उनीहरूको प्रतिनिधित्व/पहुँच मिडियासम्म कमै हुने गरेको देखिन्छ । जसमा मिडिया व्यापारोन्मुख हुनु, आदिवासी जनजाति समुदायको आर्थिक, शैक्षिक अवस्था सबल नहुनु र सहर केन्द्रित विकासका स्रोतसाधनसम्म पहुँचको अभावले नकारात्मक भूमिका खेलेको छ ।

सन् १९९५ मा बेलायतको मूलधारका मिडियाका लागि काम गर्ने ४००० जनशक्तिमध्ये जम्मा २० जना मात्र काला जाति (Black)का रहेको पाइएको थियो । त्यस्तै ७५ वटा राष्ट्रियस्तरको ट्याब्लोइड (Tabloid) पत्रिकाका सम्पादकहरूमध्ये एकजना पनि काला जातिका थिएनन् । प्रसारण माध्यममा चाहिँ ३७०० सम्पादन समूहका कर्मचारीमध्ये १०० जना एसियाली र काला जातिका थिए, जुन कुल कर्मचारीको २.७ प्रतिशत थियो । यसमा बीबीसी (BBC) को समान समान अवसर, जनजाति अल्पसंख्यकको निगरानी र तालिमको कार्यक्रमका कारण हुन सकेको हो । बीबीसी (BBC) ले जनजाति अल्पसङ्ख्यक दर्शकहरूको रुचिलाई महत्त्व दिने प्रतिबद्धता जनाएको छ । साथै बीबीसी (BBC)मा अल्पसङ्ख्यकको सहभागिता पनि वृद्धि भएको छ र जनसङ्ख्याको अनुपातमा पुऱ्याउने लक्ष्य पनि लिएको छ । यद्यपि बेलायती सञ्चारमाध्यममा जातीय द्वन्द्वका सवालमा सफल हुनसकेको भने छैन । बेलायतमा अल्पसङ्ख्यकको जनसङ्ख्या ६.७ प्रतिशत रहेको छ । बेलायती प्रेसले लगातार बेलायतलाई गोरा (Whites) को समाजका रुपमा मात्र प्रस्तुत गरिरहेको छ जहाँ अल्पसङ्ख्यक कालाहरू असहज देखिएका छन् ।। उनीहरूको प्रतिनिधित्व प्रसारण माध्यममा बढेको भएपनि कमै रहेकोले उल्लेख गरिएको पाइन्छ । अल्पसङ्ख्यकहरूको जातीय पत्रिकाका संस्थापक एवं अनुसन्धानकर्ता Elaire Sihera ले बेलायतमा ५ प्रतिशतबाहेक बेलायतका सञ्चारमाध्यमहरूले सबैजसो विषयहरूका काला जातिलाई नकारात्मक रुपमा चित्रण गर्ने गरेको टिप्पणी गरेका छन् , जबकि उनीहरू पनि टेलिभिजन र पत्रिकाका उपभोक्ता हुन् । पैसा तिरेर उनीहरूले आफ्नै विरुद्ध बहोर्नु परिरहेको छ । साथै पश्चिमी समाजमा दास प्रथादेखि वर्तमान समयसम्म पनि कालाहरूलाई शोषण गरी उनीहरूले पुऱ्याएको योगदानलाई अवमूल्यन गरी पत्रिकाहरूले गोराहरूका बारेमा जत्तिको नछाप्ने गरेको गुनासो पनि उनको छ (Jeffrey: 2003: 164)।

अमेरिकाको परिवेश पनि योभन्दा पृथक छैन । अमेरिकाको ४४ प्रतिशत पत्रिकाहरूमा अल्पसङ्ख्यकको उपस्थिति शुन्य छ । सन् १९७८ मो अमेरिकी मिडियाका समाचार कक्षमा ४ प्रतिशत जनशक्ति मात्र अल्पसङ्ख्यक समुदायका थिए । जुन सन् २००२ मा १२ प्रतिशत पुगेको थियो । अमेरिकामा सन् १८२७ देखि काला जातिले आफ्ना अधिकार प्राप्तिको अभियानमा बल पुऱ्याउन आफैंले पत्रिका चलाउन थालेका थिए । जुन विश्व पत्रकारिताको इतिहासमा कालो प्रेस अभियान (Black Press Movement)का रुपमा चिनिन्छ, सफल पनि मानिएको थियो ।[१२] सन् १८९८ सम्ममा अमेरिकामा १५० भन्दा बढी ब्ल्याक प्रेस (Black Press) सञ्चालन गरिएका थिए । यद्यपि तिनीहरूको अवस्था दयनीय छ । सन् १९८० ताका अमेरिकाका अफ्रिकन-अमेरिकन (African-American) र गोरा रिपोर्टरहरूबीच एक किसिमको तनाव पनि बढेको थियो । त्यत्तिखेर त्यसखाले द्वन्द्वलाई आवश्यक र पत्रिकाहरूमा काला जाति तथा अल्पसङ्ख्यकको सहभागिताका लागि सिर्जनात्मक विवाद भनी विश्लेषण गरिएको थियो । सन् १९७८ मा अमेरिरी पत्रपत्रिकाका सम्पादकहरूको समाज (American Society of Newspaper Editors, ASNE) ले सन् २००० सम्ममा अमेरिकाको जनसङ्ख्याको अनुपातमा अमेरिकी मिडियाका समाचार कक्षहरूमा अल्पसङ्ख्यकको जातिको उपस्थिति पुऱ्याउने अर्थात् बहुजातीय संरचना स्थापित गर्ने उद्देश्य तय गरियो । सो लक्ष्य अनुसार अल्पसङ्ख्यकको उपस्थिति २६ प्रतिशत र १३ प्रतिशत काला जातिको सहभागिता पुऱ्याउने थियो । तर त्यो लक्ष्य हासिल गर्न सकेन । तैपनि सो समाजले मिडियामा अल्पसङ्ख्यक तथा काला जातिको समानुपातिक सहभागिताका देखाएको सकारात्मक सोच अनुसार कार्यक्रमका कार्यक्रमहरूले कही सुधार निश्चित रुपमा ल्यायो । जसअनुसार सन् १९९८ मा कोलम्बिया जर्नलिजम रिभ्यु (Colombia Journalism Review) ले गरेको सर्वेक्षणमा के देखियो भने पत्रपत्रिकाका कर्मचारीहरूमध्ये काला जातिको उपस्थिति ५.४ प्रतिशत र अल्पसङ्ख्यकको सहभागिता ११.५ प्रतिशत पुग्यो । (Jeffrey: 2003 : 164) । हालै पनि उक्त समाजले आफ्ना कार्यक्रमहरूको पुनर्मूल्याङ्कन गरी सन् २०२५ सम्ममा अमेरिकी मिडियामा अल्पसङ्ख्यक

---

[१२] Successful Black newspaper lilk the *Atlanta World* and the Chicago *Defender* were businesses first and social crusaders second. Robert Sengstacke Abbott , founder of the *Defender*, "who had started out as a publisher with only his kitchen and parlour, became a millionaire". (Jeffrey: 2003: 164)

समुदामयको प्रतिनिधित्व उनीहरूको जनसङ्ख्याको प्रतिशतको हाराहारीमा पुऱ्याउने अठोट गरेको छ ।

दक्षिण एसियाली मुलुकहरूमा पनि मूलधारका सञ्चार माध्यममा पिछडिएका, अल्पसङ्ख्यक र जनजातिलाई सहभागिता गराउने सम्बन्धमा गत दशकदेखि आवाज उठेको भएपनि यस मामिलामा खासै वास्ता नगरिएको अध्ययनले देखाएको छ । (वन्त र पराजुली :२०५८: १३७)

प्रजातन्त्र बहुलवाद र पत्रकारिताको व्यावसायिकताप्रति झुकाव राख्ने विश्वका आमसञ्चार माध्यमहरूले आफ्नो साखका लागि भएपनि मिडियामा जनसङ्ख्याको संरचनाको आधारमा बहुजातीय संरचना ल्याउन पहल गर्न थालेका छन् । र, मिडियामा जातीय संरचना र सहभागिताले मिडियाको उत्पादनमा (Media Product or Output) पनि प्रभावकारी भूमिका राख्दछ भन्ने विश्वास प्रबल हुन थालेको छ । यसप्रकार मिडियामा जनजाति मुद्दाले प्राथमिकता पाउन उनीहरूको प्रतिनिधित्वमा जोड दिइएको छ तर साथसाथै आमसञ्चार माध्यमका सामग्री उत्पादन प्रसारण, प्रकाशन वा कभरेजमा व्यावसायिताको सन्तुलनको सिद्धान्त र जनउत्तरदायित्वको हिसाबले पनि जनजातिका विषयवस्तुहरूलाई न्यायोचित स्थान दिइनुपर्छ भन्ने पक्षमा ध्यान दिइएको पाइएन । जुन यस अध्ययनका लागि मूल अवधारणाका रुपमा लिइएको छ ।

## २.३ आदिवासीको परिभाषा र पहिचान

संयुक्त राष्ट्र सङ्घद्वारा गरिएको परिभाषा अनुसार आदिवासी समुदायहरू, जनताहरू र राष्ट्रहरू (जातिहरू) भनेका ती समुदायका सदस्य हुन् जो बाहिरी मानिसहरूले अतिक्रमण गर्नुपूर्व र उनीहरूको भूमिलाई उपनिवेश बनाउनुभन्दा पहिले ऐतिहासिक निरन्तरतासाथ त्यहाँ विकसित हुँदैआएको समाजका सदस्यहरू हुन्, आज सो स्थानमा रहेपनि बाहिरबाट आएका अन्य समुदायभन्दा जसले आफूलाई पृथक देख्दछन् । आजको अवस्थामा उनीहरू समाजमा प्रभुत्वविहीन सामाजिक समूहका रुपमा बाँचिरहेका छन् । जनसमुदमयका रुपमा आफ्नो अस्तित्व अहिले पनि निरन्तर रुपमा छ भन्ने प्रमाणका रुपमा मौलिक साँस्कृतिक ढाँचा, सामाजिक संस्था र कानुनी व्यवस्थाको मान्यताभित्र परम्परागत

क्षेत्र र जातीय पहिचानको संरक्षण संवर्द्धन गर्दै त्यसलाई नयाँ पुस्तालाई हस्तान्तरण गर्न प्रतिबद्ध छन् ।[१३]

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको स्वतन्त्र देशहरूका आदिवासी जनजाति सम्बन्धी महासन्धी, १९८९ (महासन्धी नं.१६९) का अनुसार आदिवासी भन्नाले [१४]-

- स्वतन्त्र मुलुकका ती जनताहरू जो अरुले विजय गर्नु वा उपनिवेश बनाउनुअघि वा वर्तमान राज्य सीमाको स्थापनाभन्दा अघिदेखि बसोबास गर्दै आएका वासिन्दाका सन्तति हुन् ।
- आफ्नो मौलिक सामाजिक, साँस्कृतिक र आर्थिक प्रणालीका कारण मुलुकमा रहेका अन्य समुदायभन्दा फरक छन् ।
- जसले आफ्नै परम्परागत कानुनी व्यवस्थासँगै सामाजिक आर्थिक, साँस्कृतिक र राजनीतिक संस्थाहरू कायम राखेका छन् ।
- जसले आफूलाई आदिवासी मान्दछ ।

महासन्धी नं १६९ आदिवासी जनजाति को हुन् भनी परिभाषित गरेको छैन तर यस महासन्धीले संरक्षण प्रदान गर्ने समुदायकाबारेमा यी कुराहरू उल्लेख गरेको पाइन्छ ।

यसैगरी विश्व बैंकले आदिवासी शब्दको विश्वव्यापी रुपमा स्वीकार्य परिभाषा नभएको र आदिवासीहरूको सन्दर्भमा विभिन्न मुलुकहरूमा विविधता भएको उल्लेख गर्दै आदिवासी जातिहरू भन्नाले आदिवासी अल्पसंख्यक जनजातिहरू, रैथानेहरू, पहाडी जनजातिहरू, सूचीकृत जाति वा कबिला समूहहरू हुन् । साथै बैंकले आदिवासी जनजाति भन्नाले संकटग्रस्त सामाजिक साँस्कृतिक समूहहरू जसका निम्न विशेषताहरू जनाएको छ-

- आदिवासी साँस्कृतिक समूहका सदस्यहरूको विशिष्ट स्वपहिचान भएको र अरुले पनि त्यसलाई स्वीकार गरेको,
- निश्चित भौगोलिक क्षेत्रमा बसोबास वा पुर्ख्यौली थलो भएको र ती क्षेत्र वा थलोका प्राकृतिक स्रोतहरूमा सामूहिक लगाव भएका,
- प्रभुत्वशाली समूहके समाज र संस्कृतिभन्दा छुट्टै परम्परागत संस्कृति, आर्थिक, सामाजिक वा राजनीतिक संस्थाहरू भएको,

[१३] संयुक्त राष्ट्र सङ्घको मार्टिनेज कोवो प्रतिवेदन १९८३

[१४] स्वतन्त्र देशहरूका आदिवासी जनजाति सम्बन्धी महासन्धी, १९८९ (महासन्धी नं.१६९), भाग १, अनुच्छेद १ ।

- मुलुकको वा क्षेत्रको सरकारी कामकाजको भाषाभन्दा बेग्लै मातृभाषा भएको

यस्तै किसिमले एसियाली विकास बैंकले आदिवासी समुदायलाई पहिचान गर्ने क्रममा निम्न आधारमा परिभाषित गरेको पाइन्छ -

- वर्तमानमा बसोबास गरिरहेको भूमिमा अहिलेको आधुनिक राज्य निर्माण वा सीमाना रेखाङ्कित हुनुभन्दा अगाडि वा राज्य सीमानाको आधुनिक व्याख्या हुनुभन्दा अघिदेखि बसोबास गर्दै आएका मानव समूहका सन्ततिहरू,
- राज्यको मूल प्रवाहमा रहेका वा प्रभुत्वशाली समूहभन्दा फरक संस्कृति र सामाजिक पहिचान तथा सामाजिक आर्थिक र राजनीतिक संस्थालाई सञ्चालन गरिरहेका छन् ,
- अलग्ग आदिवासी साँस्कृतिक समूहका हौं भन्ने आफ्नो आत्म-पहिचान भएका र अरुले पनि सोही अनुरुप चिनेको साथै त्यस साँस्कृतिक पहिचानलाई जीवित राख्न प्रतिबद्ध,
- प्रभुत्वशाली समूहभन्दा अलग्ग भाषिक पहिचान भएका,
- मूल प्रवाहको पद्दतिभन्दा उत्पादनको कार्यमा परम्परागत पद्दतितर्फ उन्मुख,
- आफ्नो भूमि वा परम्परागत सीमानाभित्र र त्यहाँका प्राकृतिक स्रोतसँग छुट्टै सम्बन्ध  र अनुराग भएका ।

आदिवासी जनताहरूका विरुद्ध हुने भेदभावका सम्बन्धमा संयुक्त राष्ट्र सङ्घका विशेष समाधिक्षक (र्‍यापोर्टीयर) होजे.आर.कोवोले आदिवासी जनताहरूसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय कार्य समूहले सन् १९९५ मा गरेको कार्यात्मक परिभाषा अनुसार आदिवासीहरूमा पितृभूमि, ऐतिहासिक निरन्तरता, मातृभाषालगायतका छुट्टै साँस्कृतिक पहिचान र शासित भएर रहनुपरेको जस्ता विशेषताहरूमध्ये केही वा सबै हुन्छन् ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित *नेपाली बृहत् शब्दकोश* (पाँचौं संस्करण २०५८) मा आदिवासी शब्दको यस्तो अर्थ दिइएको छ- कुनै भूभाग, देश वा स्थानमा पहिलेदेखिनै बसोबास गरिआएको जाति, आदिम निवासी, आदिम जाति ।

आदिवासी समुदायलाई अफ्रिकामा आदिमजाति (Tribs), ल्याटिन अमेरिकामा आदिवासी समुदायहरू (Indigenous Communities), उत्तर अमेरिकामा स्थानीय अमेरिकन इन्डियनहरू (Native Americian Indians), चीन र पूर्वी युरोपियन देशहरूमा नेसनालिटिज् (Nationalities), क्यानाडामा प्रथम राष्ट्रहरू(First Nations), अष्ट्रेलिया र

न्युजिल्याण्डमा मूल निवासी (Aborignines) र अहिले आएर विश्वमा चौथो विश्व (Fourth World) को उपमा दिने प्रचलन पनि अघि बढेको छ ।

## २.४ जनजातिको परिभाषा र पहिचान

नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) ले गठन गरेको राष्ट्रिय जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गर्न गठित कार्यदलले वि.सं. २०५३ वैशाखमा दिएको प्रतिवेदनमा जनजातिको परिभाषा र पहिचान निम्न बमोजिम गरेको छ-

"आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्ण हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन् ।"

जनजाति भन्नाले निम्न विशेषता भएको समुदायलाई जनाउँछ-

- जसको आफ्नो छुट्टै सामूहिक साँस्कृतिक पहिचान छ ।
- जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ ।
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।
- जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।
- जसको लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदायभित्र "हामी भावना" छ ।
- जुन समुदाय आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनम निर्णायक भूमिका छैन ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई जनजाति भन्दछ ।

त्यस्तै राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४ को धारा २ को उपधारा (ख) मा ***जनजाति*** भन्नाले सामान्यतया आफ्नै मौलिक भाषा र संस्कृति भएका, सामाजिक विकासका दृष्टिले अन्य जातिभन्दा पछि परेका परिशिष्ट-३[१५] मा संलग्न जनजातिहरू श्री ५ को सरकारले समयसमयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएका जाति वा समुदाय सम्झनुपर्दछ" भनेको पाइन्छ ।

---

[१५] हेर्नुहोस् परिशिष्ट-३

नेपाल आदिवासी जनजाति महासङ्घको विधान २०४७ (संशोधन २०६०) मा आदिवासी जनजाति भन्नाले साधारणतः हिन्दू वर्णाश्रमभित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, इतिहास, मातृभाषा, परम्परागत रीतिरिवाज, साँस्कृतिक पहिचान र सामाजिक संरचना इत्यादि भएको अनुसूची[१६] बमोजिमको जाति वा समुदायलाई बुझाउँदछ भनी परिभाषा गरिएको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित *नेपाली बृहत् शब्दकोश* (प्रथम संस्करण २०४० देखि चौथो संस्करण २०५५ सम्म ) को पृष्ठ ४६९ मा *जनजाति* शब्दको यस्तो अर्थ दिइएको थियो-जङ्गल फाँडेर खनीखोस्री खाने नागा, कोचे, कुसुण्डा जस्ता सभ्यता, शिक्षा आदिमा पछि परेका र नजिकको परिवेशसँग पनि प्रभावित नभएका पछौटे जाति ।

यसैगरी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित *नेपाली बृहत् शब्दकोश* ( संशोधित-परिवर्द्धित पाँचौं संस्करण २०५८) को पृष्ठ ४४४ मा चाहिँ *जनजाति* शब्दको यस्तो अर्थ दिइएको छ-आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने पछौटे जाति, सिकार खेली जीविका चलाउने आदिमजातिको समुदाय, आदिवासी ।

यसरी राष्ट्रिय अन्तराष्ट्रिय रुपमा आदिवासी जनजातिका विभिन्न परिभाषा गरिएपनि आदिवासी जनजातिहरूको विश्वव्यापी विविधतालाई समेट्ने विश्वस्तरीय परिभाषा भने अझै गर्न सकिएको छैन । (तामाङ २०५८: २)

आदिवासी र जनजाति शब्दहरू पर्यावाची होइनन् तर नेपालको सन्दर्भमा अधिकांश जनजातिहरू आदिवासी हुन् भन्ने ठहर गरिएको छ । आदिवासीको परिभाषा समयको हिसाबले कुनै ठाउँ विशेषमा सबैभन्दा पहिले आएर बसोबास गरेको आधारमा गर्ने गरिन्छ । (भट्टचन सन् २००५: १०५) त्यसैले नेपाल आदिवासी जनजाति शब्दसँगसँगै प्रयोग गरिने गरिएको पाइन्छ ।

---

[१६] अनुसूची भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा उल्लेख भएको अनुसूची र महासङ्घको विधानमा व्यवस्था गरिएको अनुसूचीसमेतलाई बुझाउँछ । (हेर्नुहोस् परिशिष्ट-३ )

## २.५ आदिवासी जनजातिका मुद्दाहरू[१७]

राज्यको स्रोतसाधन तथा सामाजिक, राजनीतिक, आर्थिक लगायत हरेक क्षेत्रमा प्रत्येक समुदायको समान हक स्वभाविक रुपमा रहन्छ । यही अधिकार प्रत्याभूति हुन नसकेको गुनासो नेपालका आदिवासी जनजाति समुदायको छ, जसको प्राप्तिका लागि विभिन्न आन्दोलनका कार्यक्रम चलाउँदै आएका छन् । यसै आफ्नो हक हासिल गर्ने अभियानमा आफ्ना मुद्दाहरूलाई प्रसार गर्न तथा सरकारलाई दबाब दिन आदिवासी जनजाति समुदायले आमसञ्चार क्षेत्रको सहयोगको अपेक्षा गरेका हुन् ।

डा. हर्क गुरुङका अनुसार नेपालमा जनजाति समस्या राज्य संरचनाबाट नै सिर्जित भएको छ । यो गोर्खाली राज्य विस्तारबाट भौगोलिक एकीकरणसँगै सुरु भएको हो (गुरुङ सन् २००४: ४३३) । पृथ्वीनारायण शाहको राष्ट्र एकीकरणका नाममा अगाडि बढाइएको गोर्खा राज्य विस्तार अभियानबाट वर्तमान राज्यको जन्मसँगै नेपालमा जनजाति समस्या सुरु भएको हो (तामाङ २०५८: ७६) । पृथ्वीनारायण शाहको एकीकरणलाई जनजाति अधिकारकर्मीहरूले 'हिन्दूकरण' पनि भन्ने गरेका छन् । एकीकरणअघि वर्तमान नेपाल थुप्रै ससाना राज्यहरूमा विभाजित थिए । जुन यहाँका आदिवासी जनजातिहरूका राज्य थिए । एकीकरणले यहाँका आदिवासी जनजातिहरूको शासकीय र भूमिमाथिको अधिकार खोसिनुका साथै उनीहरूलाई राज्यसत्तामा प्रवेश गर्न नदिने विभेदकारी नीति पनि विजयी शासनसत्ताले राख्यो । यही नीतिले गर्दा जनजातिहरूमाथि जातीय, भाषिक, धर्म, भौगोलिक क्षेत्र लगायतका आधारमा विभेद हुँदै आएको छ । फलस्वरुप आदिवासी जनजातिहरू राज्यसत्ताको मूलधारबाट बाहिऱ्याइए । यसैक्रममा आदिवासी जनजातिहरू परम्परागत आर्थिक स्रोत र मौलिक सामाजिक/साँस्कृतिक संरचनामाथि अक्रिमण र विभेदको शिकार हुँदै आएका छन् । त्यसैले पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण मात्र गर्न सकै, भावनात्मक एकीकरण र न्यायका आधारमा नभई आदिवासी जनजातिहरूमाथि दमन र विभेदको नीतिले शासन अघि बढाइएको तथ्य सिद्ध छ । यस पृष्ठभूमिमा नेपालको जनजाति सवाल मूलतः राजनीतिक सवाल  त्यसपछि आर्थिक र सामाजिक/साँस्कृतिक सवाल आउँछन् । आजको जनजाति सवाल भनेको एकाधिकारवादी शासनबाट सिर्जित असमानताको विरुद्धको मुक्ति आन्दोलन हो । "नेपालको सन्दर्भमा राज्य आफ्नो दायित्वबाट

[१७] नेपाल आदिवासी जनजाति महासङ्घका महासचिव डा. ओम गुरुङ (हाल महासङ्घका सल्लाहकार) द्वारा प्रस्तुत *आदिवासी जनजातिले उठाएका प्रमुख मुद्दाहरू र तिनका निराकरणका उपायहरू* शीर्षकको कार्यपत्रमा आधारित ।

च्युत हुन नै जनजाति समस्याको एउटा प्रमुख कारण रहेका छ । जनजातिका माग भनेको सामाजिक समानताको आकांक्षा मात्र होइन, अर्थ-राजनीतिक न्यायको मुद्दा हो" (गुरुङः सन् २००४: ४४२) ।

नेपालमा आदिवासी जनजाति समुदायले २००७ सालदेखि आफ्ना हक अधिकारका लागि आवाज उठाउन थालेका हुन् । तर प्रजाजतन्त्र स्थापनापछिका दिनहरूमा पनि राज्यका विभेदकारी नीति यथावत् छन् । यस पृष्ठभूमिमा आदिवासी जनजातिहरूको छाता सङ्गठन नेपाल आदिवासी जनजाति महासङ्घले आदिवासी जनजातिहरूमाथि राज्यबाट हुँदै आएको राजनीतिक, आर्थिक, साँस्कृतिक रुपले आदिवासी जनजाति समुदाय विभेदको शिकार हुँदै आएको जनाउँदै निम्न मुद्दा र मागहरू उठाउँदै आएको छ -

(क) राजनीतिक मुद्दाहरू

आदिवासी जनजाति समुदायले राजनीतिक विभेदका निम्न तथ्य अघि सारेका छन् ।

- नीति निर्माण/निर्णय तथा नीति कार्यान्वयन प्रक्रियाहरूमा आदिवासी जनजातिको प्रभावकारी सहभागिताको छैन ।

-कार्यपालिकामा आदिवासी जनजातिका प्रभावकारी उपस्थितिको अभाव छ ।

-व्यवस्थापिकामा आदिवासी जनजातिका समानुपातिक उपस्थितिको अभाव छ ।

-न्यायपालिकामा आदिवासी जनजातिका उपस्थितिको अभाव छ ।

-सरकारी सेवामा जनजाति उपस्थिति नगण्य छ ।

- नीति निर्माण निकाय र प्रक्रियाहरू विभेदकारी छन् ।
- वर्तमान संविधान[१८]का प्रावधानहरू विभेदकारी छन् ।
- थुप्रै कानुनी व्यवस्थाहरू विभेदकारी छन् ।
- स्थानीय स्वशासनका व्यवस्था विभेदकारी, अन्यायपूर्ण, विघटनकारी र आदिवासी परम्परा विरुद्ध छन् ।
- नागरिकताको अन्यायपूर्ण अवस्था छ ।

यी मुद्दाहरू समाधान गर्न निम्न मागहरू गरिएका छन्:

▶आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार

[१८] नेपालको अन्तरिम संविधान २०६३ आउनुभन्दाअघि प्रस्तुत डा.गुरुङको कार्यपत्रले २०४७ सालको संविधानलाई इंगित गर्दै लेख्नुभएको हो । अन्तररिम संविधान २०६३ का व्यवस्थाप्रति पनि महासङ्घ वा जनजाति समुदायले विरोध जनाइरहेका छन् ।

▶ सङ्घात्मक राज्य

▶ जातीय क्षेत्रीय स्वशासन/उपस्वायत्तता

▶ समानुपातिक प्रतिनिधित्व प्रणाली

▶ सरकारी नोकरी, राजनीतिक नियुक्ति, रोजगारीका अन्य क्षेत्र र शिक्षामा आरक्षण

▶ राज्यको संसाधनहरूमा समानुपातिक र सामाजिक न्यायका आधारमा साझेदारी

▶ संविधान निर्माण प्रक्रियामा पूर्ण सहभागिता । यसका लागि-

- जातीय, क्षेत्रीय, भाषिक र धार्मिक आधारमा संविधानसभामा प्रतिनिधित्व
- सबै जातिको प्रतिनिधित्व हुने प्रकारले सरोकारवालाहरूको सहमतिमा संविधान सभाको लागि नयाँ निर्वाचन क्षेत्रको निर्धारण
- संविधानसभामा अल्पसङ्ख्यक आदिवासी जनजातिहरूको प्रतिनिधित्वको विशेष व्यवस्था

▶ समावेशी लोकतन्त्रलाई मूर्त रुप दिन सर्वपक्षीय सरकारको गठन

(ख) <u>सामाजिक साँस्कृतिक मुद्दाहरू</u> [१९]

आदिवासी जनजाति समुदायले सामाजिक/साँस्कृतिक विभेदका निम्न तथ्य अघि सारेका छन् ।

- हिन्दूअधिराज्य हुनाको कारण अन्य धर्महरूप्रति विभेद/असमान व्यवहार कायम छ
- मातृभाषीहरूको भाषिक अधिकारको हनन भएका छन् ।
- मातृभाषामा शिक्षा पाउने अधिकारको अवहेलना भएको छ।
- हिन्दूहरूको चाडपर्वहरूलाई राष्ट्रिय पर्वको रुपमा सम्मान र आदिवासी जनजाति तथा अन्य जात-जातिका चाडपर्वको पूर्णतया उपेक्षा र अपमान भइरहेको छ ।
- हिन्दूहरूको पोशाकलाई मात्र राष्ट्रिय पोशाकको मान्यता दिइएको छ ।
- हिन्दूहरूको साँस्कृतिक एवं धार्मिक प्रतीकहरू (गाई, सिम्रिक, षटकोण आदि)

---

[१९] यी मद्दाहरूलाई केही हदसम्म लोकतन्त्र स्थापनापछिको नेपालको अन्तरिम संविधान २०६३ ले सम्बोधन गरेको छ ।

राष्ट्रको प्रतीकको रुपमा मान्यता र आदिवासी जनजाति तथा अन्य समुदायहरूको यस्ता प्रतीकहरूको पूर्ण उपेक्षा र अपमान भएको छ ।

- आदिवासी जनजातिहरूको पवित्र स्थल र भौतिक साँस्कृतिक सम्पदाहरूको विनास भइरहेका छन् ।
- आदिवासी जनजातिहरूको भाषा, साहित्य, कला र ज्ञानसीपको उपेक्षा भएको छ ।
- आदिवासी जनजातिहरूको इतिहासको विकृतिकरण (Distortion) भएको छ ।

यी मुद्दाहरू समाधान गर्न निम्न मागहरू गरिएका छन्:

- ▶ धर्मनिरपेक्ष राज्यको घोषणा र सबै धर्महरूमाथि समान व्यवहार हुनुपर्छ ।
- ▶ भाषिक अधिकारको मान्यता हुनुपर्छ ।
- ▶ स्थानीय कामकाजमा स्थानीय भाषाको प्रयोग हुनुपर्छ ।
- ▶ मातृभाषामा जुनसुकै तहसम्मको शिक्षा पाउने अधिकारको ग्यारेन्टी हुनुपर्छ ।
- ▶ सबै आदिवासी जनजातिहरूको चाडपर्वलाई राष्ट्रिय पर्वको रुपमा मान्यता दिइनुपर्छ ।
- ▶ नेपालका आदिवासी जनजाति लगायत सबै जातजातिको पोशाकलाई राष्ट्रिय पोशाकको मान्यता दिइनुपर्छ ।
- ▶ आदिवासी जनजाति लगायत सबै जातजातिको धार्मिक साँस्कृतिक प्रतीकहरूलाई राष्ट्रिय प्रतीकको रुपमा मान्यता दिइनुपर्छ ।
- ▶ आदिवासी जनजातिहरूको पवित्र स्थल लगायत भौतिक साँस्कृतिक सम्पदाहरूको संरक्षण हुनुपर्छ ।
- ▶ आदिवासी जनजातिहरूका भाषा, साहित्य, लिपि, कला र ज्ञान सीपको संरक्षण संवर्द्धन हुनुपर्छ ।
- ▶ आदिवासी जनजातिहरूको इतिहास पुनर्लेखनमा राज्यले विशेष सहयोग गर्नुपर्छ ।

(ग) आर्थिक मुद्दाहरू

आदिवासी जनजाति समुदायले आर्थिक विभेद तथा शोषणका निम्न तथ्य अघि सारेका छन् ।

- भूमिपुत्रहरूको भूमि हरण तथा क्रमशः तिनलाई भूमिबाट विस्थापित भएका छन्।

- प्राकृतिक स्रोत र संसाधनहरूमाथिको आदिवासी जनजातिहरूको परम्परागत हकभोगका अधिकार ओसिएको छ ।
- आदिवासी जनजातिहरूको सामूहिक स्वामित्वको खर्क, चरन,पाखा, वनजङ्गल, सन्धि-सर्पन, ताल-तलैया, नदी-नालाको बिना मुआब्जाको राष्ट्रियकरण भएको छ।
- राष्ट्रिय निकुञ्ज आदिको लागि आदिवासी जनजातिहरूको भूमि अधिग्रहण भएका छन् ।
- अत्याधिक कर, बेठ-बेगर, झारा, सूदखोरीद्वारा आदिवासी जनजातिमाथि अत्याधिक शोषण भएको छ ।
- कमैया व्यवस्था तथा कमलरी व्यवस्थाद्वारा शोषण भएका छन् ।
- पुनर्वास व्यवस्थामा विभेद गरिएको छ ।
- ठगी र प्रपञ्चद्वारा तराईका आदिवासीको भूमि हरण भएका छन् ।
- आदिवासी जनजातिहरू अत्याधिक गरिबी र बेरोजगारीको शिकार भएका छन् ।

<u>यी मुद्दाहरू समाधान गर्न निम्न मागहरू गरिएका छन्:</u>

- ▶ भूमिहिन आदिवासी जनजातिहरूको लागि उनीहरूले उपयुक्त ठानेको ठाउँमा बसोबासको व्यवस्था गर्नुपर्छ ।
- ▶ आर्थिक उत्थानका बिशेष कार्यक्रमहरू ल्याउनुपर्छ ।
- ▶ पुनर्वास गराउन छुटेका र उचित मुआब्जा नपाएकाहरूलाई उपयुक्त ठाउँमा बसोबास गराउने र समुचित मुआब्जा उपलब्ध गराउनुपर्छ ।
- ▶ मुक्त कमैयाहरूको समुचित बसोबास, रोजगार र उनीहरूका बालबालिकाहरूको शिक्षाको व्यवस्था मिलाउनुपर्छ ।
- ▶ कमलरीहरूलाई श्रम शोषणबाट मुक्त गरी उनीहरूको शिक्षा दीक्षाको विशेष व्यवस्था गरिनुपर्छ ।
- ▶ ठगी र प्रपञ्चमा परेका आदिवासी जनजातिहरूलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।
- ▶ बिपन्न आदिवासी जनजाति परिवारहरूलाई सहुलियतपूर्ण ऋण सहज ढंगले उपलब्ध गराउने तथा सीपमुलक तालिमहरूको व्यवस्था मिलाइनुपर्छ ।

- वैदेशिक रोजगारमा जान चाहने आदिवासी जनजातिहरूलाई रोजगारीमा जान आवश्यक पर्ने ऋण उपलब्ध गराउनुपर्छ ।
- परम्परागत ज्ञान, कला, सीप र प्रविधिको विकास, संरक्षण र संवर्द्धनमा जोड दिनुपर्छ ।
- परम्परागत ज्ञान, कला, सीप र प्रविधिमा आधारित उत्पादनको स्वामित्व सुरक्षित गरिनुपर्छ ।

अध्याय - तीन

# अध्ययन पद्दति

# (Research Methodology)

यस अध्ययनका लागि निम्न पद्दतिहरू अपनाइएका छन्-

## ३.१ तथ्याङ्क सङ्कलन

यो अध्ययनका लागि आवश्यक तथ्याङ्क दुई थरी स्रोतबाट प्राप्त तथ्याङ्क प्रयोग गरिएको छ ।

- अध्ययनको क्रममा सर्वेक्षण प्रश्नावली, अन्तर्वार्ता र पत्रिकाहरूको अनुगमन गरी सङ्कलन गरिएको सूचनालाई प्राथमिक (Primary) तथ्याङ्कका रुपमा प्रयोग गरिएको छ ।
- अध्ययनलाई थप विश्वसनीय र यथार्थपूर्ण बनाउन यसअघि भएका आदिवासी जनजाति तथा आमसञ्चार सम्बन्धी अध्ययन प्रतिवदेन र प्रकाशित पुस्तक, कार्यपत्र, पत्रिकाका तथ्याङ्क एवं यस क्षेत्रमा काम गरिरहेका व्यक्ति र संस्थाले राखेका तथ्याङ्कलाई सहायक (Secondary) तथ्याङ्कका रुपमा प्रयोग गरिएको छ ।

## ३.२ अन्तर्वार्ता

यो अध्ययनमा नेपालका आमसञ्चार माध्यमहरूले आदिवासी जनजातिका मुद्दाहरूलाई दिएको र पाउनुपर्ने स्थानका सम्बन्धमा धारणा तथा अनुभव बुझ्न आमसञ्चार क्षेत्रका विज्ञ, सञ्चारकर्मी तथा आदिवासी जनजातिका अधिकारका लागि क्रियाशील सङ्घ, सङ्गठनका प्रतिनिधि र जनजाति अधिकारकर्मीहरूसँग आवश्यतकता अनुसार अन्तर्वार्ता गरिएको थियो ।

## ३.३ सर्वेक्षण

आदिवासी जनजातिका सवालप्रति मिडियाले दिएको र पाउनुपर्ने महत्त्वबारे अभिमत सङ्कलन गर्न मूलधारका सञ्चारमाध्यममा क्रियाशील सञ्चारकर्मीमाझ सर्वेक्षण गरिएको थियो ।

## ३.४ पत्रिकाको अनुगमन

यस अध्ययनका क्रममा मूल रुपमा काठमाडौं उपत्यकाबाट नेपाली भाषामा प्रकाशित भइरहेका ठूला आकारका पाँचवटा दैनिक पत्रिका (गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी र अन्नपूर्ण पोष्ट) को एक महिनासम्म नियमित अनुगमन गरी ती पत्रिकामा प्रकाशित विषयवस्तु विश्लेषण पनि गरिएको छ। पत्रिकाको अनुगमनमा पत्रिकाले जनजातिका सवालहरूलाई दिएको स्थान, प्राथमिकता, प्रस्तुति, सङ्ख्या लगायतका आधारमा सङ्ख्यात्मक र गुणात्मक दृष्टिले विश्लेषण गरिएको छ। र, सङ्कलित तथ्याङ्कलाई आवश्यकता अनुसार व्याख्या, विश्लेषणसहित तालिका र चार्टमा प्रस्तुत गरिएको छ।

## ३.५ घटना अध्ययन

अध्ययनलाई बढी विश्वसनीय र यथार्यपरक बनाउन घटना अध्ययन (Case Study) विधि पनि प्रयोग गरिएको छ। घटना अध्ययन नेपालको मूलधारको पत्रकारितामा क्रियाशील दुई जना पत्रकारहरूले पत्रकारिता अभ्यासका क्रममा बटुलेका अनुभव तथा आदिवासी जनजाति सम्बन्ध उनीहरूमा रहेको धारणा र मिडियामा जनजातिका मुद्दाले पाएको महत्त्वका विषयलाई लिएर गरिएको कुराकानीमा आधारित रहेको छ। यसमा एक आदिवासी जनजाति समुदाय सञ्चारकर्मी र एक जना गैर जनजाति पत्रकारका कुराहरू समावेश छन्। आदिवासी जनजाति पत्रकारमा नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ ( अनिज) का अध्यक्ष तथा कान्तिपुर दैनिकका संवाददाता खिम घले र गैर जनजाति पत्रकारमा राजधानी दैनिकका संवाददाता डिल्ली आचार्य रहेका छन्।

## ३.६ तथ्याङ्क प्रस्तुति

अध्ययनका लागि आवश्यक सूचना सङ्कलन गर्न सर्वेक्षणलाई मूल स्रोतका रुपमा लिइएको छ। सर्वेक्षण प्रश्नावली सूचना सङ्कलन गर्ने एक सुव्यवस्थित पद्दतिका रुपमा स्वीकारिएको छ। तसर्थ अध्ययनकन क्रममा नेपालको मूलधारको पत्रकारिताको प्रमुख अङ्गका रुपमा रहेका राजधनीबाट प्रकाशित हुने ठूला आकारका समाचारपत्रहरूमा सर्वेक्षण गर्नु उपयुक्त हुने ठहर गरियो र सो अनुरुप अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र, द हिमालयन टाइम्स (अङ्ग्रेजी), द काठमाडौं पोस्ट (अङ्ग्रेजी), द राइजिङ नेपाल (अङ्ग्रेजी),

नेपाल समाचारपत्र, राजधानी र हिमालय टाइम्सका सञ्चारकर्मीहरूमाझ सर्वेक्षण गर्ने निश्चित गरिएको थियो ।

कुनै पनि गम्भीर विषयले आमसञ्चार माध्यममा स्थान पाउने सवालमा त्यस विषयप्रति सञ्चारकर्मीहरूको ज्ञान, संवदनशीलता, दृष्टिकोण, सञ्चार गृहको सम्पादकीय तथा समाचार नीति, सो विषयका सूचना स्रोतको उपलब्धता, सूचना बजारको माग तथा व्यावसायिक प्रतिस्पर्धा आदि विभिन्न पक्षहरूको प्रभाव प्रत्यक्ष/परोक्ष रहेको हुन्छ । त्यसकारण सञ्चारकर्मीमा सर्वेक्षण गर्नु यस अध्ययनको उद्देश्यका दृष्टिले महत्त्वपूर्ण देखियो । प्रारम्भमा अध्ययनमा छनौट गरिएका ९ वटा समाचारपत्रका सम्पादन शाखाको समाचार सङ्कलनमा कार्यरत संवाददाता र समाचार तथा विचार पृष्ठमा काम गर्ने विभिन्न तहका सम्पादकहरू गरी प्रत्येक समाचारपत्रमा १०/१० जना सर्वेक्षण प्रश्नावली भराउने तय गरिएको थियो । त्यसमध्ये सर्वेक्षण प्रश्नावली ५ जना संवाददाता र ५ जना सम्पादन कार्यमा संलग्न पत्रकारहरूलाई भराउने निर्णय गरियो । तर व्यवहारिक कठिनाई कारण यसो गर्न सम्भव भएन ।

त्यस्तै हिमालय टाइम्समा पत्रकारहरूको सर्वेक्षण लक्ष्यभन्दा न्यून रहेकाले सोको विकल्पमा *ट्याब्लोइड* आकारमा प्रकाशित नयाँ पत्रिका दैनिकलाई सर्वेक्षणमा लिइएको हो । अर्को कुरा ९ वटा दैनिक समाचारपत्रमा प्रत्येकमा १०/१० जना गरी कुल ९० जना पत्रकारहरूमा सर्वेक्षण गर्ने योजना बनाइएको थियो । त्यस अनुसार अध्यता स्वयं ती सञ्चार गृहमा गई सकेसम्म प्रत्येकलाई भेटेर प्रश्नावली भर्न लगाइएको थियो । त्यस्तै भेट हुन नसकेका तथा अध्यता जाँदा व्यस्त रहेका सञ्चारकर्मीहरूलाई चाहिँ भरेर फिर्ता गर्न अनुरोध गर्दै प्रश्नावली छोडिएको थियो । छोडिएका प्रश्नावलीमध्ये जम्मा १५ वटा प्रश्नावली पटकपटकको प्रयास र ताकेता गर्दा पनि फिर्ता भएनन् । त्यसैले कुल ७५ जना पत्रकारहरूले भरेको ७५ वटा सर्वेक्षण प्रश्नावलीमा व्यक्त प्रतिक्रिया वा अभिमतका आधारमा अध्ययन सर्वेक्षणको नतिजा निकालिएको हो । यो सर्वेक्षण २०६४ साल जेठ महिनाको पहिलो र दोस्रो साता सम्पन्न गरिएको हो ।

सर्वेक्षण आदिवासी जनजातिका विषयमा सञ्चारकर्मीहरूको बुझाइ, संवेदनशीलता, जनजातिका समस्याबारे सञ्चारकर्मीको दृष्टिकोण, सञ्चार गृहले जनजातिका विषयलाई दिएको महत्त्व, समाचारसम्बन्धी कार्यमा जातीयताको प्रभाव, आदिवासी जनजातिका सूचना सम्प्रेषणमा पत्रकारहरूको सक्रियता, पत्रकारहरूले भोगेका समस्या र समाधानका उपाय लगायतका विषयहरूको केन्द्रित गरिएको थियो ।

अध्ययनबाट सङ्कलित सूचनाहरूलाई पहिलो चरणमा तालिकीकरण (Tabulation) गरियो भने त्यसपछि कम्प्युटरको माइक्रोसफ्ट एक्सएल (Microsoft Excel) मा प्रशोधन गरी अधिकांश पाइ चार्ट (Pie Chart) मा प्रस्तुत गरियो । साथै आवशयकता र सुविधा अनुरुप कोलम चार्ट र तालिका (Table) पनि प्रयोग गरिएको छ ।

अध्याय - चार

# नतिजा


# (Findings)

## ४.१. मूलधारका छापा माध्यमका पत्रकारहरूको सहभागिता

यस अध्ययनका लागि नेपालको पत्रकारिता क्षेत्रमा मूलधारमा प्रभावशाली रुपमा देखिएका काठमाडौं उपत्यकाबाट प्रकाशित भइरहेका नौवटा दैनिक पत्रिकाका पत्रकारहरूमा प्रश्नावलीका आधारमा सर्वेक्षण गरिएको थियो । सर्वेक्षण गरिएका पत्रिकाहरू क्रमशः अन्नपूर्ण पोष्ट, कान्तिपुर, गोरखापत्र, द हिमालयन टाइम्स (अङ्ग्रेजी), द काठमाडौं पोस्ट ( अङ्ग्रेजी), द राइजिङ नेपाल (अङ्ग्रेजी), नेपाल समाचारपत्र, राजधानी र नयाँ पत्रिका रहेका छन् । अध्ययनमा यी पत्रिकाहरूमा कार्यरत सञ्चारकर्मीहरूमध्ये सम्पादन विभागमा कार्यरत समाचार सम्पादन गर्ने समूह र समाचार सङ्कलन गर्ने संवाददाता समूह गरी कुल ७५ जनालाई सर्वेक्षण प्रश्नावली भराइएको थियो । सर्वेक्षण प्रश्नावली भर्ने सञ्चारकर्मीहरूमध्ये ७३ प्रतिशत विभिन्न कार्यक्षेत्र (बिट)मा कार्यरत संवाददाता थिए भने २७ प्रतिशत समाचार तथा विचार संयोजन/सम्पादनमा सक्रिय पत्रकारहरू रहेका थिए ।

चार्ट नं.१

पत्रकारहरूको कार्यक्षेत्र





लैगिकताका दृष्टिले मूलधारका छापा माध्यममा महिला सञ्चारकर्मीको सहभागिता ज्यादै न्यून रहेको छ । सर्वेक्षण प्रश्नावली भर्ने सञ्चारकर्मीमध्ये जम्मा ८ प्रतिशत मात्र

महिला रहेका थिए भने ९२ प्रतिशत पुरुष रहेको थियो । यसरी नेपालको मूलधारका आमसञ्चारमा पुरुषको वर्चस्व पाइन्छ ।


उमेरका हिसाबले हेर्दा अध्ययनमा सहभागी सञ्चारकर्मीमध्ये ६४ प्रतिशत २० देखि ३० वर्ष उमेर समूहका थिए भने २७ प्रतिशत ३१ देखि ४० वर्ष उमेर समूहका थिए । त्यस्तै ४१ देखि ५० वर्ष उमेर समूहका ५ प्रतिशत थिए भने ४ प्रतिशत ५० वर्षमाथिका रहेका थिए ।

चार्ट नं. २


पत्रकारहरूको उमेर




सर्वेक्षणमा सहभागीमध्ये हालसालै पत्रकारिता अभ्यास थालेको प्रशिक्षार्थीदेखि ३० तीन दशकभन्दा लामो समयदेखि पत्रकारिता क्षेत्रमा पेशागत रुपमा सक्रिय सञ्चारकर्मीहरू पनि रहेका थिए । कार्य अनुभवका आधारमा १ वर्षभन्दा कम देखि १० वर्ष अनुभव भएका पत्रकारहरू ७९ प्रतिशत रहेको थियो । जुन सबभन्दा अधिक रहेको समूह दखिएको छ । त्यस्तै ११ देखि २० वर्ष पत्रकारितामा अनुभव भएका १६ प्रतिशत रहे भने ४ प्रतिशत २१ देखि ३० वर्ष अनुभव हासिल गरेका थिए । ३० वर्षभन्दा बढी अनुभव भएका १ प्रतिशत रहेको थियो । यसरी नेपालको मूलधारका छापामा माध्यममा युवा पुस्ताको सक्रियता उल्लेख्य देखिन्छ ।




शैक्षिक योग्यतामा चाहिँ पत्रकारिता तथा आमसञ्चार विषयमा नभएपनि अधिकाशं स्नातकोत्तर तह अध्ययन गरेका र त्यसपनि स्नातक पूरा गरेको सङ्ख्या बढी रहेको पाइयो । सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये प्रमाणपत्र तह पूरा गरेका ७ प्रतिशत, स्नातक तह पूरा गरेका ४६ प्रतिशत थिएर भने ४७ प्रतिशत स्नातकोत्तर पूरा गरेका थिए । यसले नेपालको पत्रकारिता क्षेत्रमा शिक्षित जनशक्तिको उपस्थिति केही हदसम्म भएपनि उत्साहजनक देखिन थालेको सङ्केत गरेको छ । यसबाट पत्रकारितामा व्यवसायिकताको विकासमा महत्त्वपूर्ण टेवा पुग्ने विश्वास गर्न सकिन्छ ।




## ४.२ पत्रकारहरूको जातीय विवरण

जातीयताका सन्दर्भमा ब्राम्हण जातिको बहुल्यता रहेको पाइन्छ । अध्ययन क्रममा सर्वेक्षणमा सहभागीमध्ये ब्राम्हण जातिका ४३ प्रतिशत ब्राम्हण जातिका थिए भने क्षेत्री ८ प्रतिशत थिए । त्यसैगरी जनजाति समुदायका जाति १० प्रतिशत रहेको थियो भने ३९ प्रतिशतले जातपातका विश्वास नगर्ने  लगायत उल्लेख गरी जाति जनाएनन् । जनजाति समुदायका जातिमा नेवार जातिको सङ्ख्या अधिक रहेको पाइयो । यसरी मिडियामा जनजातिको सहभागिता न्यून रहेको छ ।

चार्ट नं. ५

पत्रकारहरूको जातीय विवरण





## ४.३ धार्मिक हिसाबले पत्रकारहरू

धर्मका सवालमा हिन्दू धर्म मान्छु मान्नेको वर्चस्व देखियो । जसअनुसार सर्वेक्षणमा सहभागीमध्ये ६१ प्रतिशत हिन्दू थिए । त्यस्तै बौद्ध ११ प्रतिशत र ३ प्रतिशत किरात थिए भने धर्म नजनाउने सङ्ख्या २५ रहेको थियो ।


चार्ट नं. ६


धार्मिक हिसाबले पत्रकारहरू



## ४.४ आदिवासी जनजातिका विषयमा सञ्चारकर्मीहरूको ज्ञान

आदिवासी पहिचानको सवालमा सर्वेक्षण प्रश्नावलीमा दिइएका उत्तरहरूमा आधारित रहेर सर्वेक्षणमा सहभागी सञ्चारकर्मीहरू एक वा सोभन्दा बढी उत्तरहरूमा गरी कुल ९८ मत व्यक्त गरेका थिए । ती मतहरूमध्ये *कुनै भूभागमा सबभन्दा पहिले आएर बसेका र अहिले पनि बसोबास गरिरहेको जाति समुदाय* मा सबभन्दा बढी मत परेका छ । जुन मत सर्वेक्षणमा सहभागीमध्येको ७० प्रतिशतको साझा बुझाइ हो ।




क - कुनै भूभागमा सबभन्दा पहिले आएर बसेका र अहिले पनि बसोबास गरिरहेको जाति/समुदाय

ख - रैथाने बासिन्दा ।

ग - सामाजिक, आर्थिक तथा राजनीतिक रुपमा पिछडिएका जाति ।

घ - पहाडी जनजातिहरू ।

ङ - बाहिरी मानिसहरूले अतिक्रमण गरी उनीहरूको भूमिलाई उपनिवेश बनाउनुभन्दा पहिले ऐतिहासिक निरन्तरतासाथ त्यहाँ विकसित हुँदैआएको समाजका सदस्यहरू

च - मौलिक साँस्कृतिक ढाँचा, सामाजिक संस्था र कानुनी व्यवस्थाको मान्यताभित्र परम्परागत क्षेत्र र जातीय पहिचानको संरक्षण संवर्द्धन गर्दै आएको जाति ।

---


जनजाति पहिचानका सवालमा सर्वेक्षण प्रश्नावलीमा दिइएका उत्तरहरूमा आधारित रहेर सर्वेक्षणमा सहभागी सञ्चारकर्मीहरू एक वा सोभन्दा बढी उत्तरहरूमा गरी कुल ९२ मत व्यक्त भएका थिए । ती मतहरूमध्ये *आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज*

*भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने पछौटे जाति, सिकार खेली जीविका चलाउने आदिम जातिको समुदाय* मा सबभन्दा बढी मत परेको छ । जुन सर्वेक्षणमा सहभागी सञ्चारकर्मीमध्ये ४५ प्रतिशतको बुझाइका रुपमा रहेको छ ।

त्यसैगरी अध्ययनमा सहभागीमध्ये क्रमश: *हिन्दू वर्णाश्रमभित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, इतिहास, मातृभाषा, परम्परागत रीतिरिवाज, साँस्कृतिक पहिचान र सामाजिक संरचना इत्यादि भएको जाति वा समुदाय* मा ३७ प्रतिशतको सहमति रहेको छ भने २५ प्रतिशतले *आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्ण हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन्* मा पनि आफ्नो मत राखेका छन् । त्यस्तै *अल्पसंख्यक समुदाय* १४ प्रतिशतको सहमति परेको छ ।


**चार्ट नं. ९**

**जनजातिका सवालमा व्यक्त मतको स्थिति**




**चार्ट नं. १०**

**जनजातिका सवालमा व्यक्त मत प्रतिशत**




1 - आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने पछौटे जाति, सिकार खेली जीविका चलाउने आदिम जातिको समुदाय, आदिवासी ।

2 - हिन्दू वर्णाश्रमभित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, इतिहास, मातृभाषा, परम्परागत रीतिरिवाज, साँस्कृतिक पहिचान र सामाजिक संरचना इत्यादि भएको जाति वा समुदाय ।

3 - आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्ण हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन् ।

4 - अल्पसंख्यक समुदाय

आदिवासी जनजातिका विशेषताका विषयमा राखिएका मतहरूमा *जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ* मा सबैभन्दा अधिकको सहमति रहेको छ । सर्वेक्षणमा सहभागीमध्ये ७२ प्रतिशतले यसमा मत दिएका छन् । यो आदिवासी जनजातिका विशेषताका सवालमा व्यक्त कुल १९६ मतको भने २७ प्रतिशत रहेको छ । अन्य मतको स्थिति तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

| क.सं. | आदिवासी जनजातिका विशेषता | मत सङ्ख्या | मत प्रतिशत |
|---|---|---|---|
| क. | जसको आफ्नो छुट्टै सामूहिक साँस्कृतिक पहिचान छ । | ४९ | २४ |
| ख. | जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ । | ५४ | २७ |
| ग. | जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ । | १२ | ६ |
| घ. | जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ । | १६ | ८ |
| ङ. | जसको लिखित वा अलिखित इतिहास छ । | २३ | १२ |
| च. | असभ्य समुदाय | ३ | २ |
| छ. | जुन समुदाय आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा निर्णायक भूमिका छैन । | १३ | ७ |
| ज. | जो नेपालको आदिवासी हो । | ११ | ६ |
| झ. | जसले आफूलाई जनजाति भन्दछ । | १२ | ६ |
| ञ. | गरीब तथा अल्पसङ्ख्यक | ३ | २ |
| जम्मा | | १९६ | १०० |

*स्रोतः सञ्चार सर्वेक्षण २०६४*

आदिवासी जनजातिले गरेका मागको सवालमा *आत्मनिर्णयको अधिकारसहितको जातीय क्षेत्रीय स्वशासन* को अधिकांशको साझा बुझाइ रहेको छ । कुल व्यक्त मतमध्ये सो मागमा २२ प्रतिशत मत परेको छ । त्यसपछि *धर्म निरपेक्ष राज्यको घोषणा* र *सङ्घीय राज्य* मा १५/१५ प्रतिशत, *मातृभाषामा शिक्षाको व्यवस्था* र *राज्य सत्ता, नीतिनिर्माणको सबै तहमा, सरकारी नोकरी र शिक्षामा जनसङ्ख्याको आधारमा समानुपातिक आरक्षण* मा १४/१४ प्रतिशत, *संविधान निर्माण प्रक्रियामा समानुपातिक सहभागिता* मा १२ प्रतिशत , *जनजातिहरूको पुर्ख्यौली भूमि र प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकार* मा ६ प्रतिशत तथा *छुट्टै राज्य स्थापना* र *साम्प्रदायिक राज्य संरचना* मा पनि १/१ प्रतिशत मत रहेको छ ।

तालिका नं. २


| क.सं. | आदिवासी जनजातिले गरेका माग | मत सङ्ख्या | मत प्रतिशत |
|---|---|---|---|
| क. | धर्म निरपेक्ष राज्यको घोषणा | ३७ | १५ |
| ख. | आत्मनिर्णयको अधिकारसहितको जातीय क्षेत्रीय स्वशासन | ५२ | २२ |
| ग. | सङ्घीय राज्य | ३६ | १५ |
| घ. | मातृभाषामा शिक्षाको व्यवस्था | ३४ | १४ |
| ङ. | राज्य सत्ता, नीतिनिर्माणको सबै तहमा, सरकारी नोकरी, र शिक्षामा जनसङ्ख्याको आधारमा समानुपातिक आरक्षण | ३४ | १४ |
| च. | संविधान निर्माण प्रक्रियामा समानुपातिक सहभागिता | ३० | १२ |
| छ. | जनजातिहरूको पुख्यौली भूमि र प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकार | १४ | ६ |
| ज. | छुट्टै राज्य स्थापना | २ | १ |
| झ. | साम्प्रदायिक राज्य संरचना | २ | १ |
| जम्मा | | २४१ | १०० |

*स्रोत: सञ्चार सर्वेक्षण २०६४*

त्यसैगरी आदिवासी जनजातिले उठाएका समस्यालाई अधिकतम सञ्चारकर्मीहरूले राजनीतिक, आर्थिक तथा सामाजिक/साँस्कृतिक लगायत सबै खाले विषयका रुपमा बुझेको पाइयो । अध्ययन सर्वेक्षणका क्रममा सहभागी सञ्चारकर्मीहरूमध्ये २१ प्रतिशतले राजनीतिक विषय भएको जनाए भने ७ प्रतिशतले आर्थिक समस्या भएको उल्लेख गरेका थिए । त्यस्तै सामाजिक/साँस्कृतिक समस्या भएकोमा १७ प्रतिशत र सबै खाले समस्या

चार्ट नं. ११

**आदिवासी जनजातिले उठाएका समस्याका विषय**



रहेको मान्ने ५५ प्रतिशत रहेका छन् ।


यसरी आदिवासी जनजातिको पहिचान, उनीहरूले उठाएका समस्या र मागहरूमा विषयमा मूलधारका आमसञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीहरूमा आधारभूत अवधारणगत चेतना सन्तोषजनक रहेको पाइन्छ

## ४.५ आदिवासी जनजातिका समस्याबारे सञ्चारकर्मीहरूको दृष्टिकोण

अध्ययनले आदिवासी जनजातिले गरेका मागप्रति सञ्चारकर्मीहरूको धेरै हदसम्म सकारात्मक रहेको पाइयो । सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ७६ प्रतिशतले आदिवासी जनजातिले गरेका माग जायज रहेको जनाएका छन् । त्यस्तै ६ प्रतिशतले जायज छैनन् भन्ने प्रतिक्रिया दिए भने ५ प्रतिशतले थाहा नभएको बताए । साथै ३ प्रतिशतले बेला नभएको उल्लेख गरेका छन् भने अन्य १० प्रतिशत रहेका छन् ।

चार्ट नं. १२


आदिवासी जनजातिले उठाएका मागप्रति सञ्चारकर्मीको दृष्टिकोण



यसैगरी आदिवासी जनजातिले गरेका माग पूरा गरिनुपर्छ भन्ने दृष्टिकोण अत्याधिक सञ्चारकर्मीहरूको रहेको छ । अध्ययनका क्रममा ८७ प्रतिशत सञ्चारकर्मीहरूले आदिवासी जनजातिका माग पूरा गरिनुपर्ने जनाएका थिए । उनीहरूका माग पूरा गर्नुपर्दैन भन्ने जम्मा ३ प्रतिशत रह्यो भने थाहा छैन भन्ने ७ प्रतिशत र अन्य ३ प्रतिशत रहेका छन् ।

चार्ट नं. १३

आदिवासी जनजातिका मागबारे सञ्चारकर्मीको दृष्टिकोण





## ४.६ आदिवासी जनजातिका विषयलाई सञ्चार संस्थाले दिएको महत्त्व

आफू कार्यरत सञ्चार गृहले आदिवासी जनजातिका विषयलाई दिएको महत्त्वका सन्दर्भमा सोधिएको प्रश्नमा ९१ प्रतिशतले महत्त्व दिएको बताएका छन् । त्यसमध्ये अधिकांशले सामान्य महत्त्व दिएको जनाएका छन् । जसअनुसार सञ्चार संस्थाले कत्तिको महत्त्व दिएको छ त भन्ने सवालमा धेरै महत्त्व दिएको भन्ने ३२ प्रतिशत पाइयो भने सामान्य महत्त्व दिएको बताउने ६२ प्रतिशत रह्यो । त्यस्तै ६ प्रतिशतले कम महत्त्व दिएको जनाएका छन् ।

चार्ट नं १४


सञ्चार संस्थाले दिएको महत्व




त्यस्तै छापा माध्यमका सामग्रीहरूमा दिइने प्राथमिकताका सवालमा ३७ प्रतिशतले समाचारमा प्राथमिकता दिइएको जनाए भने ८ प्रतिशतले लेखमा, १ प्रतिशतले सम्पादकीय, ८ प्रतिशतले फोटोमा र सबैमा प्राथमिकता दिएको बताउने ४७ प्रतिशत रहेका छन् । यसबाट नेपाली मूलधारका छापा माध्यमले आदिवासी जनजातिका विषयलाई कदरसम्म गरेको मान्न सकिन्छ ।

चार्ट नं. १५


छापामा प्राथमिकता




आफू कार्यरत मिडियाले आदिवासी जनजाति समस्यालाई बुझेर समाचार दिएको छ कि छैन भन्ने प्रश्नमा ६६ प्रतिशत सञ्चारकर्मीले बुझेर दिएको बताए भने १० प्रतिशतले नदिएको जनाए । साथै २४ प्रतिशतले भन्न नसक्ने उल्लेख गरेका थिए ।

चार्ट नं. १६

आमसञ्चार माध्यमले आदिवासी जनजातिका समस्यालाई बुझेर समाचार दिएको छ ?





## ४.७ सञ्चार संस्थामा समाचारसम्बन्धी कार्यमा जातीयताको प्रभाव

सञ्चार संस्थामा समाचारमूलक सामग्री उत्पादनका कार्य विभाजनमा जातीयतालाई आधार मानिने/नमानिने विषयमा सर्वेक्षणमा सहभागी सञ्चारकर्मीमध्ये १५ प्रतिशतले मात्र जातीयता हेरेर जिम्मेवारी दिइने जनाए भने ८५ प्रतिशतले जातीयता नहेरिने बताए । सबै जातजाती समान हुन् र व्यावसायिक कार्यमा जातीयताभन्दा कार्यक्षमता महत्त्वपूर्ण कुरा हो भन्ने उनीहरूको साझा धारणा रहेको पाइयो । त्यस्तै एक मत यस सम्बन्धी नीतिको अभावका कारण पनि जातीयताका आधारमा जिम्मेवारी नदिइने उल्लेख गरिएको छ । एक अर्को महत्त्वपूर्ण तथ्य के पनि हो भने यस सवालमा जनजाति समुदायका पत्रकार होऊन् या गैर जनजाति सबैको प्रायः समान अभिमत पाइन्छ ।


चार्ट नं. १७

जातीयताका आधारमा जिम्मेवारी



## कस्तोमा दिइन्छ ?

जातीयताका आधारमा पनि जिम्मेवारी दिइन्छ भन्ने १५ प्रतिशत सञ्चारकर्मीमध्ये ७० प्रतिशतले समाचार सङ्कलनको कार्यमा हुने गरेको बताए भने १२ प्रतिशतले सम्पादकीय लेखन र लेख-रचना लेखन, समाचार सम्पादन र व्यवस्थापनामा पनि जातीयता हेरिने मत ६/६ प्रतिशतको रहेको थियो ।





## ४.८ आदिवासी जनजातिका सूचना सम्प्रेषणमा सञ्चारकर्मीको सक्रियता

विभिन्न कार्यक्षेत्र (बिट)मा कार्यरत सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ५३ प्रतिशतले आदिवासी जनजातिका विषयमा रिपोर्टिङ गरेका थिए भने ४७ प्रतिशतले कहिल्यै रिपोर्टिङ नगरेको बताए ।

यस्तै आदिवासी जनजातिका विषयलाई महत्त्व दिन पत्रकारहरूले गरेको कार्यमा सवालमा सर्वेक्षणमा सहभागीमध्ये अधिकांशले समाचार लेखेको जनाए । सर्वेक्षणमा ४१ प्रतिशतले आदिवासी जनजातिका विषयमा समाचार लेखेको बताए भने ११ प्रतिशतले लेख लेखेको, १ प्रतिशतले सम्पादकीय लेखेको र अध्ययन गरेको जनाउने ३७ प्रतिशत रहेका छन् । साथै १० प्रतिशत अन्य छन् ।

चार्ट नं. १९

<u>आदिवासी जनजातिका सूचना सम्प्रेषणमा सञ्चारकर्मीको सक्रियता</u>





## ४.९ सञ्चार संस्थामा जातीय सहभागिताको महत्त्व

अध्ययनका क्रममा सञ्चार संस्थामा जातीय उपस्थितिले त्यस समुदायका विषयवस्तुको कभरेज बढ्ने मत ३२ प्रतिशत पत्रकारहरूको रह्यो भने उचित कभरेज पाउन मद्दत गर्ने धारणा ५३ प्रतिशतको पाइयो । र, १५ प्रतिशतले जातीय उपस्थितिलाई महत्त्व दिएनन् । निश्चय पनि कुनै पनिमा आफु जन्मेको समुदायप्रति भावनात्मक सम्बन्ध

चार्ट नं. २०

<u>सञ्चार संस्थामा जातीय सहभागिताको महत्व</u>




रहेको हुन्छ । साथै आफ्नो समुदायप्रति उसका नैतिक खायित्व पनि रहेको हुन्छ । त्यसैले यस तथ्यले मिडियामा आदिवासी जनजाति समुदायको उपस्थितिले त्यस समुदायका कुरा पनि मिडियामा स्थान पाउन अहम् भूमिका खेल्नसक्छ । मिडियामा जातीय उपस्थिति आवश्यक छ । यद्यपि जातीय सङ्कीर्णताबाट भने मुक्त चाहिँ हुनुपर्छ ।

## ४.१० आदिवासी जनजातिका आमसञ्चार माध्यममा नउठेका मुद्दा

आदिवासी जनजातिका आमसञ्चार माध्यममा नउठेका मुद्दाका विषयमा राखिएको सवालमा व्यक्त कुल मतहरूमध्ये २५ प्रतिशत मत जातीय विभेदका पक्षमा रहे भने २० प्रतिशत शोषण, जनजातिका मागहरूका पक्षमा १९ प्रतिशत र अधिकार हनन तथा जनजातिका मुद्दाहरू मिडियामा नउठेका छैनन् , सबै उठेका छन् साथै बढी उठेका छन् बरु गहिराइमा गएर बुझेर उठेका छैनन् भन्ने मत १८/१८ प्रतिशत रह्यो ।

चार्ट नं. २१

आमसञ्चार माध्यममा नउठेका मुद्दा




## ४.११ आदिवासी जनजातिका विषयमा सूचना सङ्कलन/सम्प्रेषणमा सञ्चारकर्मीले अनुभव गरेका समस्या

अध्ययनका आधारमा आदिवासी जनजातिका विषयमा रिपोर्टिङमा सञ्चारकर्मीहरूले निम्न समस्या रहेको अनुभव गरेका छन्-

(१) जनजाति आफैं आफ्नोबारेमा धेरै कुराबाट अनभिज्ञ छन् । जसलाई थाहा छ ती बताउन चाहनन् र मागी खाने भाँडो बनाएर बसिरहेका छन् ।

(२) पर्याप्त समाचार स्रोतको अभाव ।

(३) तथ्याङ्क र जानकारीहरू व्यवस्थित छैनन् ।

(४) कार्यकर्ताहरू भित्री जानकारी दिन नचाहने ।

(५) एक आपसको मनमुटावले राम्रो समाचार नआउने ।

(६) जनजातिबारेमा तथ्य तथ्याङ्क खोज्न परेमा राज्यको आधिकारिक निकाय नहुनु।

(७) स्पष्ट धारण नआउने ।

(८) जनजातिहरू मिडियाका विषयमा गम्भीर छैनन् ।

(९) जनजाति संस्थामा प्रचारप्रसार सम्बन्धी प्रवृत्ति छैन ।

(१०) प्रकाशन गर्ने निर्णायक ठाउँमा गैर जनजाति छन् ।

(११) समाचार माध्यमले आदिवासी जनजातिका विषयलाई कम महत्त्व दिने ।

(१२) स्वयं जनजाति संस्थालाई समाचार सम्प्रेषणबारे ज्ञानको अभाव ।

(१३) जनजातिहरू खुलेर सूचना दिन हिच्किचाउँछन् ।

(१४) प्रायःजसो जनजातिहरूले गैर जनजाति (खासगरी बाहुन, क्षेत्री) पत्रकारहरूलाई अविश्वास गर्ने वा पूर्वाग्रही दृष्टिले हेर्ने प्रवृति हावी छ ।

## ४.१२ आमसञ्चार माध्यममा आदिवासी जनजातिका समस्याले उचित स्थान पाउने उपाय

आदिवासी जनजातिका विषयवस्तुले मिडियामा उचित स्थान पाउने वातावरण सिर्जना गर्न गर्न सकिने कार्यका सवालमा व्यक्त मतको तालिकामा निम्नानुसार रहेका छन् ।

**तालिका नं. ३**

| क.सं. | उपायहरू | मत सङ्ख्या | मत प्रतिशत |
|---|---|---|---|
| क. | मिडियामा जनजाति सञ्चारकर्मीको सङ्ख्या बढाउनुपर्छ । | २६ | १३ |
| ख. | सञ्चारमाध्यममा जनजाति बिट छुट्याउनुपर्छ । | २७ | १३ |
| ग. | सञ्चारकर्मीलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउने तालिम दिनुपर्छ । | ३४ | १८ |
| घ. | सम्पादकलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउनुपर्छ । | २७ | १३ |
| ङ. | प्रकाशकलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउनुपर्छ । | १५ | ७ |
| च. | आदिवासी जनजातिहरूमा शैक्षिक, राजनीतिक तथा सामाजिक चेतना विकास गर्नुपर्छ । | ३२ | १६ |
| छ. | आदिवासी जनजाति आफैंले मिडियामा लगानी गर्नुपर्छ । | ३२ | १६ |
| ज. | जनजाति सङ्गठनहरूले मिडियालाई दबाब दिनुपर्छ । | ४ | २ |
| झ. | जनजाति सङ्गठनहरूले मिडियासँग सम्झौता गर्नुपर्छ । | ४ | २ |
| जम्मा | | १६९ | १०० |

*स्रोत: सञ्चार सर्वेक्षण २०६४*

## घटना अध्ययन - १

# मिडियासँग सम्बन्ध विस्तार नै उपयुक्त उपाय

नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) का अध्यक्ष खिम घले पत्रकारिता गर्न थालेको ७ वर्ष भयो । पत्रकारितामा प्रवेश गर्नुभन्दा पहिले आदिवासी जनजातिबारे उहाँलाई कुनै जानकारी थिएन, मात्र केही जातिगत नाम थाहा थियो । *जनजाति*को अर्थ, परिभाषा वा विशेषता आदिबारे सामान्य ज्ञान पनि थिएन । रत्नराज्यलक्ष्मी क्याम्पसमा स्नातक तह पढ्दा *युग संवाद* मा प्रशिक्षार्थीका रुपमा पत्रकारिता अभ्यास थालेका घलेले सुरुमा *खुलामञ्च* साप्ताहिकमा एक वर्ष र दुई महिना *खुलाबजार* साप्ताहिकमा संवाददाताका भई काम गर्नुभयो । त्यसपछि २०५७ वैशाखदेखि *कान्तिपुर* दैनिकमा संवाददाताका रुपमा प्रवेश गर्नुभएको हो । साप्ताहिक पत्रिकामा काम गर्दा उहाँले जनजाति सम्बन्धी कुनै रिपोर्टिङ गर्नुभएन । *कान्तिपुर*मा चाहिं उहाँले जनजाति बिटबाटै रिपोर्टिङ थाल्नुभयो । युवा पत्रकार घले भन्नुहुन्छ- “मैले सुरु गरेको जनजाति बिटबाटै हो, तर ‘मेजर’ बिटको रुपमा थिएन । अझै पनि त्यस्तै छ । अझै पनि ‘माइनर’ बिट हो ।”

त्यत्तिबेला पनि जनजातिबारे उहाँमा कुनै सोच वा चेतना थिएन । त्यसैले सम्पादकद्वारा समाजशास्त्रीय पुस्तकहरू पढ्न प्रेरित गरिएको उहाँ सम्झनुहुन्छ- “म जनजाति समुदायको भएकोले पनि मलाई जनजाति बिटमा लगाएको हुनसक्छ ।” साथै आफू जनजाति भएकोले जनजातिसम्बन्धी सूचना स्रोतसँगको परिचय, पहुँच वा रिपोर्टिङमा केही सहजता ल्याउन मद्दत गरेको उहाँ अनुभव छ भने जनजातिसम्बन्धी रिपोर्टिङ जातीयताको भूमिका पनि महत्त्वपूर्ण हुने मत उहाँको छ । “यो एउटा समाजशास्त्रीय दृष्टिकोण पनि हो कि जनजातिको ‘इस्यु’ लाई हामी जति छिटो अरुले अलिक धेरै मिहिनेत गर्नैपर्छ ।”

घलेका अनुसार मिडियाले आदिवासी जनजातिका विषयलाई प्राथमिकता दिएको छैन । जनजातिका विषयलाई ‘एजेन्डा सेटिङ’ को रुपमा उठाएन । त्यसैले जनजातिका मुद्दा मिडियामा ओझेलमा परेको देखिएको हो । यसमा मुख्य तीन कारण छन्:-

(क) स्वामित्वका हिसाबले मिडियामा जनजातिको पहुँच छैन ।

(ख) जनजाति सञ्चारकर्मीहरूको सङ्ख्या न्युन छ ।

(ग) आदिवासी जनजातिका विषयमा मिडियाको समर्थन छैन ।

त्यसकारण मिडियाले दिने जनजाति सम्बन्धी रिपोर्टिङ मात्र घटना केन्द्रित भएको छ । साथै यसमा जनजातिको पनि कमजोरी छ । जनजातिले मिडियामा पहुँच बढाउन खोजेन भन्ने पत्रकार घलेको मूल्याङ्कन छ । त्यसैगरी जनजातिका अगुवाहरूले मिडिया र सञ्चारकर्मीप्रति नकारात्मक धारणा राख्ने प्रवृत्ति पनि केही हदसम्म प्रभाव पारेको छ ।

घलेले लेख्नुभएको छ -

> २०५७ सालमा कान्तिपुर दैनिकले मलाई जनजाति क्षेत्रमा रिपोर्टिङ गर्न भन्यो । त्यसका लागि सुरुवातमा परिचित हुनुपर्ने दुई संस्थाहरू थिए : राष्ट्रिय आदिवासी जनजाति विकास समिति र नेपाल आदिवासी जनजाति महासङ्घ । रिपोर्टिङका क्रममा समितिका तत्कालीन कार्यकारी निर्देशक डा. चैतन्य सुब्बा र महासङ्घका तत्कालीन महासचिव बालकृष्ण माबुहाङलाई भेटियो । तर पहिलोपटमै दुवै जनाको एउटै भनाइ थियो, "कान्तिपुर जनजाति विरोधी पत्रिका हो, त्यसैले भेट्नुको अर्थ छैन ।"
>
> प्रेसप्रति आदिवासी जनजाति अगुवाहरूको धारणा बुझ्न यो उदाहरण पर्याप्त छ । प्रभावकारी सञ्चारमाध्यमलाई शत्रु सम्झेर सम्पर्कबाहिर बस्न खोज्ने अवस्थामा प्रेसले आदिवासी जनजातिको सवाललाई प्राथमिकता नदिनु अनौठो पनि थिएन । नेपाली प्रेसमा आदिवासी जनजातिका सवालले मिडियामा उचित स्थान नपाउनुमा पत्रकारिताको माहोल दोषी छ । तर, आदिवासी जनजाति अगुवाहरू पनि दोष मुक्त छैनन् । पत्रकारितामा आदिवासी जनजातिको कुलमा वा सामाजिक/साँस्कृतिक वातावरणमा हुर्केकाहरूको प्रवेशसँगै उनीहरूको सामाजिक/साँस्कृतिक सवालदेखि राजनीतिक विषयवस्तुसम्मले केही मात्रमा भएपनि स्थान पाएको भने साँचो हो (घले २०६३: १९९) ।

"अरुले भए बिट छोड्थ्यो कि ?" - घले सम्झनुहुन्छ । "जनजाति अगुवा बाहुन क्षेत्री पत्रकारलाई गाली गर्ने अनि आफ्नो कुरा उठाएन भन्ने नमिल्ने कुरा हो ।"- उहाँ थप्नुहुन्छ ।

यसबाहेक राज्य संरचना र नीतिको प्रभाव पनि महत्त्वपूर्ण हुन्छ । त्यसलै राज्य समावेशी हुनुपर्‍यो, मिडियाले समावेशीको नीति लिनुपर्‍यो र जनजाति पनि समाविष्ट हुन तयार हुन सक्नुपर्ने विचार उहाँको छ ।

**नेपाल आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) को भूमिका**

यो आदिवासी जनजाति कुलमा जन्मेका पत्रकारितामा कार्यरत जनजाति पत्रकारहरूको सङ्घ हो । यसको उद्देश्य जनजातिको विषयलाई प्रचारप्रसारमा लाने, आदिवासी जनजाति सञ्चारकर्मीहरूलाई सङ्गठित गर्ने तथा जनजाति सञ्चारकर्मीहरूको सङ्ख्या बढाउने रहेको छ । अनिजका अध्यक्ष घलेका अनुसार मिडियामा जनजाति पत्रकारहरूका लागि प्रत्यक्ष विभेद कम छ । अनिज मिडियामा विभेद भयो भनेर होइन सकारात्मक हिसाबले नै जनजातिका मुद्दा मिडियामा स्थापित हुन सकेन, त्यसैले आदिवासी जनजातिका पक्षमा सञ्चार वकालत गर्ने क्रममा खुलेको हो । सुरुमा व्यावसायिकभन्दा जनजाति अधिकारका लागि सक्रिय अधिकारकर्मी पत्रकारहरूको पहलमा स्थापना भएको थियो । अनिज आदिवासी जनजाति अधिकारको पक्षमा वकालत गर्ने संस्था हो । त्यसैले यो जनजाति आन्दोलनको एउटा हिस्सा हो । अनिजको स्थापनापछि निम्न परिवर्तन भएको अध्यक्ष घले बताउनुहुन्छ -

(क) जनजाति पत्रकारहरू सङ्गठित भएका छन् ।

(ख) जनजाति पत्रकारहरूबीच अन्तरक्रिया बढेको छ ।

(ग) जनजाति पत्रकारहरूको प्रभाव बढेको छ ।

(घ) आदिवासी जनजातिका विषयमा मिडियामा कभरेज बढेको छ ।

जनजाति समुदायले मिडियासँग असन्तोष व्यक्त गरेर मात्र हुँदैन । मिडियाको पनि आफ्नो सीमा हुन्छ । त्यसैले मिडियासँग सम्बन्ध विस्तार, समन्वय र सहकार्य अहिलेको सबभन्दा उपयुक्त उपाय हो भन्ने अध्यक्ष घलेको निष्कर्ष रहेको छ ।

## घटना अध्ययन - २

# रिपोर्टिङमा तपाईंले न्याय गर्न सक्नुहुन्छ ?

पत्रकारिता अभ्यास थाल्नुअघि *आदिवासी जनजाति* भन्ने बित्तिकै पुरातन मान्यता बोकेको जाति होलान् भन्ने लाग्दथ्यो *राजधानी* दैनिकका संवाददाता डिल्ली आचार्यलाई । रुढीग्रस्त र अल्पविकसित समुदाय हुन् जनजाति भनेका भन्ने छाप उनमा थियो । पत्रकारिताको व्यवहारिक अभ्यास थालेपछि भने क्रमशः उनमा रहेको यो सोच गलत रहेछ भन्ने उनलाई अनुभव हुन थाल्यो । पहिलेका मान्यता सबै क्रमशः भत्किए ।

हाल पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्ययनरत डिल्ली आचार्य गत ४ वर्षदेखि नेपाली पत्रकारिता सक्रिय छन् भने करीब दुई वर्षदेखि *राजधानी* दैनिकको संवाददाताका रुपमा कार्यरत छन् । *राजधानी* दैनिकमा प्रवेश गर्दा सुरुका समयमा सम्पादकबाट उनले आदिवासी जनजातिसम्बन्धी रिपोर्टिङको जिम्मेवारी पाए । त्यसलाई उनले बाध्यताका रुपमा लिएका थिए । रिपोर्टिङ गर्दै गएपछि जनजातिका विषयमा बुझ्न थालेपछि भने रहरकै विषय भयो उनलाई । युवा पत्रकार आचार्य भन्छन् - “जनजाति सम्पादकबाट सुम्पिएको सो जिम्मेवारीलाई नाई भन्न मिलेन स्वीकार गरियो । सुरुमा बाध्यताले लेख्न सुरु गरेको पछि त रहर पो भयो । ”

सुरुमा जनजातिका विषयवस्तुको परिधि कति भन्ने नै उनलाई ठम्याउन गाह्रो भयो । र, अझ पनि आदिवासी जनजातिबारे हालसम्म पनि पूर्ण परिभाषा हुन नसकेको पत्रकार आचार्यलाई लाग्छ । उनको मूल्याङ्कनमा समाजमा शोषित समुदायका रुपमा रहेका जनजातिमा साँच्चिकै शोषित पक्षबाट नेतृत्व गर्ने कोही छैनन् ।

उनले जनजातिका विषयमा रिपोर्टिङका क्रममा कतिपय सहकर्मीबाट गैर जनजातिले जनजातिका ‘इस्यु’मा रुचि राखेकोमा हौसला पनि पाए भने जनजातिका अगुवा मानिएका व्यक्तिबाटै तीतो व्यवहार भएको अनुभव पनि सँगालेका छन् । पत्रकार आचार्य सुनाउँछन् - “जनजाति आन्दोलन चर्किरहेको थियो । सो सम्बन्धी एक पत्रकार सम्मेलनमा समाचार सङ्कलनका लागि गइयो । त्यस कार्यक्रम आयोजकमध्ये कै एकजनाले (अहिले ठ्याक्कै नाम याद भएन अनुहारले चिन्छु) मेरो नाकप्रति सङ्केत गर्दै भने यसले हाम्रो ‘इस्यु’ बुझ्दैन र बुझेपनि लेख्दैनसम्म भने । मैले उनको मानसिकता देखेर प्रतिवाद गर्ने जाँगर देखाइन र उनीमाथि उल्टो दया पलायो ।”

त्यस्ते उनको अर्को अनुभव यस्तो छ -"जनजातिकै रिपोर्टिङ गर्न चितवन गइयो । अहिलेका नेपाल आदिवासी जनजाति महासङ्घका महासचिव पासाङ दाई र नेता अमिक शेरचनसँगै एउटै गाडीमा यात्रा गर्ने अवसर मिल्यो । साथमा डा. कृष्ण भट्टचन पनि हुनुहुन्थ्यो । पासाङ दाईभन्दा भट्टचन र शेरचन मसँग बढी सशंकित देखिए । किनभने म जनजाति अनुहारको थिइन । डा. भट्टचनले यतिसम्म भन्न भ्याए 'नाक चुच्चोले हामीमाथि दया देखाएका जस्ता मात्र हुन् , रिपोर्टिङमा तपाईंले न्याय गर्न सक्नुहुन्छ ।' मैले उनलाई तटस्थताको चुनौती पनि दिएको थिएँ । जुन पछि पूरा गरें जस्तो लाग्छ । उनीहरूमा अझैपनि जनजातिको मुद्दा उठाउने गैर जनजाति छैनन् भन्ने भान छ । दलित, महिला आदिमा जस्तै । "

उनले रिपोटिङ क्रममा माया पनि पाए, धेरै जनजातिबाट हौसला पनि । तर सूचना दिने कुरामा जनजातिले आफूमाथि भेदभाव गरेको उनको अनुभव छ । पत्रकार आचार्य भन्छन् -"जनजाति संस्थाको कार्यालयमा जाँदा शंकाले हेर्ने परमपरा अझैपनि छ । जनजाति इत्तर भन्ने भान धेरैमा देख्छु ।"

मिडियाले आदिवासी जनजातिका हक अधिकारका विषयमाभन्दा संस्कृति रहनसहन र कमजोरी मात्र खोतलेको छ । कतिपय अवस्थामा उनीहरूका वास्तविक माग डेस्कले पनि नबुझेको छ । जनजातिले गरेको माग साम्प्रदायिक पनि देखिएको छ, जुन नेतृत्वले होइन भनेर बुझाउन सकेका छैनन् भन्ने पत्रकार आचार्य बताउँन् ।

आदिवासी जनजातिका विषयमा एक वर्ष जति रिपोर्टिङ गरेको उनको अनुभवमा मिडियामा जनजातिका मुद्दाले महत्त्व नपाउनुको कारण राजनीतिक विषयले प्रभुत्व जमाउनु पनि हो । तर समग्रमा समाचार सामग्री विश्लेषण गर्दा आदिवासी जनजातिका मुद्दाले महत्त्व नपाएको छैन ।

अध्याय पाँच

# विषयवस्तु विश्लेषण

# (Content Analysis)

## ५.१ मूलधारका छापा माध्यममा आदिवासी जनजातिका मुद्दा

मूलधारका आमसञ्चार माध्यमले आदिवासी जनजातिका मुद्दालाई दिएको स्थान वा प्राथमिकता मापन गर्न मूलधारमा रहेका पत्रिकाहरूले प्रकाशन गरेका सामग्रीहरूको अनुगमन तथा विश्लेषण गरिएको थियो । अध्ययनमा २०६४ वैशाख १ देखि ३१ गतेसम्ममा प्रकाशित र लोकतान्त्रिक आन्दोलनअघिको २०६२ फागुन १ देखि २९ गतेको समयावधिमा छापिएका ठूला आकारका पाँच वटा राष्ट्रिय दैनिक पत्रिकाहरूलाई लिइएको थियो । जसमा गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी र अन्नपूर्ण पोष्ट रहेका थिए । मिडियाले कुनै विषयवस्तुलाई विभिन्न सामग्रीमा प्रस्तुत गर्न सक्दछ । त्यसैले यी पत्रिकाहरूको प्रत्येकको ३१/३१ अङ्क अर्थात् वैशाख एक महिनाभित्र प्रकाशित आदिवासी जनजाति समुदायसँग सम्बन्धित समाचार, लेख, सम्पादकीय, चिठी-पत्र/प्रतिक्रिया, तस्वीर लगायतका सामग्रीहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरिएको थियो । साथै लोकतान्त्रिक आन्दोलनअघि यी पत्रिकाहरूमा छापिएका आदिवासी जनजाति समुदायसँग सम्बन्धित सामग्रीहरूको मूल्याङ्कन तथा तुलनात्मक अध्ययन पनि गरिएको थियो ।

अनुगमनका क्रममा अध्ययनमा समावेश गरिएका मूलधारका पत्रिकाहरू आदिवासी जनजातिका समस्याप्रति गम्भीर नरहेको देखियो । छापिएका सामग्रीहरूको विश्लेषण गर्दा मूलधारका मिडियाले आदिवासी जनजातिका मुद्दालाई स्थान दिने सन्दर्भमा औपचारिकता मात्र पूरा गर्ने प्रवृत्ति रहेको पाइयो ।

सङ्ख्याको हिसाबले हेर्दा अध्ययन अवधिमा छानिएका ५ वटा पत्रिकामा कुल १३१ वटा सामग्री छापिएका थिए । जसमध्ये समाचार सामग्री ८६ वटा, लेख ३ वटा, १ वटा सम्पादकीय, चिठी ६ वटा, तस्वीर २३ वटा र फिचर लेखन १२ वटा रहेका थिए । प्रकाशित समाचारमूलक सामग्रीहरूमा ५० प्रतिशतभन्दा बढी सामग्री औपचारिक कार्यक्रम, विज्ञप्तिका आधारमा बनाइएका र अधिकांश हरेक साल नियमित आउने मौसमी समाचार (Routine News) थिए (यहाँ मौसमी समाचारमा हरेक वर्ष आउने साँस्कृतिक चाडपर्व, जात्रा जस्ता गतिविधिका समाचारलाई मानिएको हो) । यसरी आदिवासी जनजाति

समुदायले बेलाबेलामा आयोजना गर्ने कार्यक्रमबाहेक उनीहरूले उठाइरहेका गम्भीर समस्याप्रति मिडियाको सक्रियता चिसो रहेको पाइन्छ .

तालिका नं. १

पत्रिकामा छापिएका सामग्रीको विवरण

| पत्रिका | समाचार | लेख | सम्पादकीय | चिठी | तस्वीर | फिचर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| गोरखापत्र | २९ | १ | १ | १ | १ | - | ३३ |
| कान्तिपुर | १४ | - | - | ५ | ११ | ९ | ३९ |
| नेपाल समाचारपत्र | १६ | - | - | - | २ | १ | १९ |
| राजधानी | ११ | - | - | - | ५ | - | १६ |
| अन्नपूर्ण पोष्ट | १६ | २ | - | - | ४ | २ | २४ |

*स्रोतः २०६४ वैशाख १ देखि ३१ गते सम्म गरिएको अनुगमन*

त्यस्तै एक महिना अवधिको ५ वटा पत्रिकाका कुल १५५ वटा अङ्कमा जम्मा ५ वटा समाचार प्रथम पृष्ठमा छाएिका थिए भने ३ वटा विचारमूलक लेख छापिएको थियो । प्रथम पृष्ठमा प्रकाशित समाचारहरू सरकार आदिवासी जनजाति महासङ्घबीचको वार्ता ( कान्तिपुर, नेपाल समाचारपत्र), मच्छिन्द्रनाथ जात्रा (अन्नपूर्ण पोष्ट, गोरखापत्र), र चेपाङ बस्तीमा जन्डिस फैलियो (अन्नपूर्ण पोष्ट) लगायतका विषयमा रहेका थिए । त्यसैगरी छापिएका लेखहरू संविधानसभामा समान प्रतिनिधित्व, नेपालको राजनीतिमा आदिवासी जनजाति (अन्नपूर्ण पोष्ट) र लोकतान्त्रिक व्यवस्थामा समावेशीकरण (गोरखापत्र) का विषयमा थिए । यसबीच सम्पादकीय जम्मा एउटै मात्र लेखियो जुन सरकारद्वारा मधेशी जनअधिकार फोरम र आदिवासी जनजाति महासङ्घलाई वार्तामा आमन्त्रण गरिएको विषयमा (गोरखापत्र वैशाख ४ गते) लेखिएको थियो ।


चिठी चाहिँ ६ वटा छापियो, जसमध्ये ३ वटा समावेशीकरण, एउटा राज्य पुनःसंरचना, एउटा टेलिभिजन कार्यक्रममा नेपालमा रहेका विभिन्न भापाभाषीमा पनि महत्त्व दिई कार्यक्रम निर्माण गर्नु पर्ने कुरा उठाएका प्रतिक्रिया र एउटा तामाङ सेलोबारे थियो । यसरी पाठकले मौलिक लेखेको पत्रभन्दा कुनै छापिएको लेख-सामग्रीप्रति व्यक्त गरिएको प्रतिक्रिया मात्र छापिनुलाई एक अर्थमा मिडियाले आदिवासी जनजातिका विषयबारे पाठकलाई सुसूचित वा जानकार गराउन नसकेको मान्न सकिने ठाउँ छ भने अर्कातिर

मुलुकको एक ताजा विषय आदिवासी जनजातिले उठाइरहेका विषयमा पाठक पनि त्यत्ति उत्सुक नभएको वा चासो राख्दैनन् भन्न सकिन्छ ।

त्यसैगरी एक महिनामा अध्ययनमा समावेश पाँचवटा दैनिक पत्रिकामा गरी कुल २३ वटा तस्वीर छापिए । तर ती तस्वीरहरू कुनैले पनि पृष्ठ सजाउने र केही हदसम्म जनजातिका साँस्कृतिक वैभवलाई प्रचारप्रसार गर्ने सिवाय कुनै पनि हिसाबले जनजाति मर्कालाई उजागर गर्ने खालका थिएनन् । नेपालको मिडिया क्षेत्रमा आदिवासी जनजातिका कुरा आउने सन्दर्भमा यही प्रवृत्ति हाबी छ कि जनजातिका साँस्कृतिक सौन्दर्यलाई पस्केर पृष्ठ भर्ने/पृष्ठ सजाउने तर गम्भीर मुद्दाहरूलाई बेवास्ता गरेर जनजातिका विषयलाई महत्त्व दिएको छ भनी मिडियाले दावा गर्छ । प्रकाशित तस्वीरहरू सबैजसो साँस्कृतिक उत्सवका थिए । पत्रकार राजेन मानन्धर भन्छन्- "मिडियामा सतही गतिविधि मात्र आएको छ । खाली कार्यक्रम गतिविधि केन्द्रित छन् । खै आदिवासी ज्ञान, उनीहरूको परम्परागत प्रविधि, परम्परागत थलो लोप भएका विषयहरूमा मिडियामा आएको ?" त्यसैले मिडिया जनजातिका सुन्दर दृश्यप्रति आकर्षित छ नकि उनीहरूका पीडालाई अभिव्यक्त गर्न चासो राख्दछ भन्ने अहिलेको आम निष्कर्ष पाइन्छ ।

लेखकको नामसहित छापिएका सामग्रीहरू (समाचार, लेख, चिठी/प्रतिक्रिया र तस्वीरसमेत) हेर्दा जम्मा २३ जनाको नाम (संवाददाता, लेखक, फोटो पत्रकार र चिठी लेख्ने पाठकसमेत) पाइएको थियो । यसरी आदिवासी जनजातिको कुरालाई पत्रिकामा छाप्न सामग्री तयार गर्ने २३ जनामध्ये आधाभन्दा बढी अर्थात् १५ जना जनजाति समुदायका थिए । यस तथ्यले लेखनमा जातीय झुकाव हुन्छ भन्ने कुरालाई बल दिएको छ भन्न सकिन्छ ।

**चार्ट नं. १**
**जनजातिका विषयका समाचार सामग्रीका सञ्चारकर्मी**



अध्ययनका समयावधिमा आदिवासी जनजातिसम्बन्धी सामग्री छापिएका पृष्ठका आधारमा हेर्दा कुल ८६ समाचारमूलक सामग्रीहरूमध्ये जम्मा १२ वटा प्रथम पृष्ठमा छापिएको थियो । प्रथम पृष्ठमा प्रकाशित ती समाचारहरू ४ वटा जनजाति महासङ्घ र सरकार वार्ता विषयमा (कान्तिपुर, नेपाल समाचारपत्र), एउटा चेपाङ बस्तीमा जन्डिस फैलिएको (अन्नपूर्ण पोष्ट) बारे थियो भने अन्य चाडपर्व र जात्रासम्बन्धी संक्षिप्त समाचार थिए । आदिवासी जनजातिसम्बन्धी समाचार प्रकाशनमा यही अनुपात अन्य पृष्ठहरूमा पनि पाइन्छ । अर्थात् जनजातिका विषयमा सञ्चारमाध्यमले सबैभन्दा बढी साँस्कृतिक कार्यक्रमका समाचार सजावटसहित दिने गरेका छ भने त्यसपछि घटना र औपचारिक कार्यक्रम, गतिविधिका सूचना दिने गरेको पाइन्छ । त्यसैगरी मिडिया आफैं वा सञ्चारकर्मी स्वयंको सक्रियतामा जनजातिका गम्भीर राजनीतिक, आर्थिक वा सामाजिक विषयमा सूचनासामग्री तयार गर्न कार्य ज्यादै कम पाइन्छ । यो नै मूल समस्याको रुपमा रहेको छ ।

**तालिका नं. २**

**प्रथम पृष्ठमा छापिएका समाचारका विषय**

| क.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | जनजाति महासङ्घ र सरकार वार्ता | ४ |
| २. | चेपाङ बस्तीको समस्या | १ |
| ३. | साँस्कृतिक चाडपर्व र महोत्सवसम्बन्धी | ७ |
| जम्मा | | १२ |

*स्रोतः २०६४ वैशाख १ देखि ३१ गते सम्म गरिएको अनुगमन*

जबसम्म सञ्चारकर्मी स्वयं जनजातिका समस्या र मुद्दाहरूप्रति चासो देखाउँदैनन् तबसम्म जनजातिका आवाजले मिडियामा न्यायोचित स्थान पाउने सम्भावना रहँदैन । यही प्रवृत्ति अहिले देखिएको हो । यसमा सञ्चार गृहको नीति र प्रोत्साहन पनि निर्णायक रहेको हुनसक्छ ।

त्यसैगरी कुन आकारमा समाचार सामग्री छापियो भन्ने दृष्टिले पनि मूल्याङ्कन गरिएको थियो । यस हिसाबले कुल ८६ समाचार सामग्रीमध्ये अधिकांश (५६ वटा समाचार) बढी एक वा दुई कोलमको संक्षिप्त समाचारका रुपमा छापिएका थिए । दुई कोलमभन्दा लामो लेखिएका समाचार पनि खोजमूलकभन्दा विवरणात्मक मात्र रहेका थिए । प्रस्तुति भने सबै पत्रिकामा फिचर लेखनबाहेक समाचारमा औपचारिक हार्ड न्युज (Hard News) रह्यो ।

### तालिका नं. ३

### पत्रिकामा छापिएका समाचार सामग्रीका शीर्षक

| क्र.सं. | गोरखापत्र | कान्तिपुर | नेपाल समाचारपत्र | राजधानी | अन्नपूर्ण पोष्ट |
|---|---|---|---|---|---|
| १. | चेपाङको पेशा संकटमा | -जीविकाका लागि गाउँतिर राउटे<br>-चेपाङ बस्तीमा मावि | -बनकरिया बसोवास क्षेत्रमा हाइस्कुल खुल्ने | -मातृभाषा शिक्षामा निराश | -चेपाङ बस्तीमा जन्डिस फैलियो |
| २. | चेपाङ बस्तीका घरघरमा शौचालय बन्न थाले | | | | |
| ३. | माझी परम्परागत पेशाबाट विस्थापित | | | | |
| ४. | चेपाङ बस्तीमा अनिकाल | | | | |
| ५. | चर्पीमा सुँगुर र कुखुरा कान्लामा दिसापिसाब | | | | |

*स्रोतः २०६४ वैशाख १ देखि ३१ गते सम्म गरिएको अनुगमन*

छनौट गरिएका पाँच वटा पत्रिकाहरूमध्ये सङ्ख्यात्मक रुपमा कान्तिपुर दैनिकमा सबभन्दा बढी सामग्री प्रकाशित भएको पाइयो । त्यस्तै अध्ययन अवधिमा संक्षिप्त नै भएपनि गोरखापत्र दैनिकमा छापिएका समाचार तुलनात्मक रुपमा गुणात्मकताका दृष्टिले अगाडि थिए । यद्यपि ती अधिकांश चेपाङ समुदायबारे थियो । (हेर्नुहोस् तालिका नं. ३)

## लोकतान्त्रिक जनआन्दोलनअघि

आदिवासी जनजातिका मुद्दाहरूलाई उठाउने वा महत्त्व दिने सन्दर्भमा लोकतान्त्रिक जनआन्दोलनअघि पनि यहाँका आमसञ्चार माध्यमहरू प्रायः निस्क्रिय रहेको पाइन्छ । यस अध्ययनका लागि लोकतान्त्रिक जनआन्दोलअघि नेपाली आमसञ्चार माध्यमले जनजातिका विषयलाई दिएको स्थान/प्राथमिकता मूल्याङ्कन गर्न २०६२ फागुन १ देखि २९ गतेसम्म एक महिनाभरको पत्रिकामा छापिएका सामग्रीहरू अध्ययन गरिएको थियो । अध्ययनमा माथि उल्लेखित  गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र, राजधानी र अन्नपूर्ण पोष्ट लगायतका पाँचवटा ठूला आकारका तथा मूलधारका दैनिक पत्रिकाहरूलाइ लिइएको थियो ।

अध्ययनले वि.सं. २०६२ फागुन महिनामा ती पाँच वटा दैनिकका कुल १४५ अङ्कमा आदिवासी जनजाति समुदायसँग सम्बन्धित ६७ वटा सामग्री छापिएका थिए । जसमध्ये समाचार ४७ वटा, लेख ८ वटा, सम्पादकीय २ वटा, १ वटा चिठी, तस्वीर १४ वटा र फिचर लेखन ७ वटा रहेका थिए । छापिएका अधिकांश (६१ प्रतिशत) समाचारमूलक

समागीहरू औपचारिक कार्यक्रम, गतिविधि र नियमित मौसमी समाचार थिए । यसले आदिवासी जनजातिका समस्यालाई उजागर गर्ने सवालमा मिडियाले चासो नदिइरहेको अवस्थालाई झल्काउँदछ ।

**तालिका नं. ४**

**पत्रिकामा छापिएका सामग्रीको विवरण**

| पत्रिका | समाचार | लेख | सम्पादकीय | चिठी | तस्वीर | फिचर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| गोरखापत्र | १३ | २ | - | - | १ | - | १६ |
| कान्तिपुर | ५ | - | - | - | ३ | ३ | ११ |
| नेपाल समाचारपत्र | ९ | ५ | - | १ | ४ | २ | २१ |
| राजधानी | १२ | १ | १ | - | २ | २ | १६ |
| अन्नपूर्ण पोष्ट | ८ | - | - | - | ४ | - | १३ |

*स्रोतः २०६२ फागुन १ देखि २९ गतेसम्म प्रकाशित सामग्रीहरूको विश्लेषण*

सो समयावधिमा जम्मा ४ वटा समाचारमूलक सामग्री प्रथम पृष्ठमा छापिएको थियो । प्रथम पृष्ठमा छापिएका सो समाचारहरू लोपोन्मुख वनकरियालाई पहिलोपटक नागरिकता ( राजधानी), चेपाङ बस्तीमा अनिकाल, ललितपुरको एतिहासिक ढुङ्गेधारामा पानी आउन बन्द भयो (अन्नपूर्ण पोष्ट), र तोरन्ह पर्व सुरु (गोरखापत्र) लगायतका विषयका थिए । पत्रिकाका भित्री पृष्ठमा छापिएका कुनै पनि समाचारहरू आदिवासी जनजातिका हक अधिकारका मुद्दा तथा समस्यालाई उजागर गर्ने खालका थिएनन् । अधिकांश औपचारिक गतिविधि र त्यसपछि विकासमूलक जानकारी दिने सामग्री रहेको थिए । जस्तैः केही समाचार शीर्षक निम्न थिए-

- रजौराका थारुहरू माछापालनतर्फ (गोरखापत्र)
- मादले मारुनी नाच लोप हुने अवस्थामा (गोरखापत्र)
- निरक्षर थामीको जीवनस्तरमा सुधार (गोरखापत्र)
- माझीले बनाउन थाले औजार (कान्तिपुर)
- थारु बस्तीमा परम्परागत बीउ प्रदर्शन (नेपाल समाचारपत्र)

त्यस्तै लेखकको नामसहित छापिएका सामग्रीहरूमध्ये जम्मा २४ जनाको नाम रहेको

थियो । ती २४ जनामा आधाजसो जनजाति समुदायका थिए धने प्रकाशित ८ वटा लेखहरूमध्ये ८७ प्रतिशत (७ वटा) लेख जनजाति समुदायका लेखकद्वारा लेखिएका थिए । यस तथ्यले मिडियामा जातीय सहभागिताको महत्त्व र जातीय लगावको भूमिकालाई प्रष्ट्याउँछ (हेर्नुहोस् तालिका नं. ५) ।

**तालिका नं. ५**

**प्रकाशित लेख र लेखक**

| क्र.सं. | लेखको शीर्षक तथा विषय | लेखक |
|---|---|---|
| १. | दलित र आदिवासी/जनजाति जिल्ला समन्वय समितिको संरचना (गोरखापत्र) | त्रिभुवनचन्द्र वाग्ले |
| २. | ज्याः जङ्कु अर्थात् भीमरथारोहण (गोरखापत्र) | श्रीओम रोदन |
| ३. | खम्बू-किराँतीहरूको ऐतिहासिकता (नेपाल समाचारपत्र) | प्रकाश कुलुङ 'दीनदुःखी' |
| ४. | लोपोन्मुख किराँती बाअ्युङ भाषा (नेपाल समाचारपत्र) | लाल-श्याँकारेलु रपचा |
| ५. | मल्लकालीन कर्णाली प्रदेशमा बुद्धधर्म (नेपाल समाचारपत्र) | तिलकमान गुभाजु |
| ६. | समावेशी अन्तरिम सरकारको आवश्यकता (नेपाल समाचारपत्र) | हर्कराज चोङबाङ |
| ७. | कुलुङ जातिको मौलिकता (नेपाल समाचारपत्र) | प्रकाश कुलुङ 'दीनदुःखी' |
| ८. | जातीय मुक्ति आन्दोलनमा मौलिकताको खाँचो (राजधानी) | सूर्य सम्बाहाम्फे |

प्रकाशित दुईवटा सम्पादकीय चेपाङ बस्तीको अनिकालका विषयमा लेखिएको थियो भने चिठी चाहिँ एउटा मात्र छापिएको पाइयो । जुन पूर्व प्रकाशित एक समाचारमा प्रयोग गरिएको उखान (अनुहार न दनुवार पाण्डव सुनुवार)ले जनजाति समुदायलाई हेपेको भन्ने प्रतिक्रिया थियो ।

लोकतान्त्रिक जनआन्दोलनअघिको उक्त एक महिनामा पाँच वटा दैनिकमा गरी जम्मा १४ वटा तस्वीरहरू अधिकांश जनजातिको साँस्कृतिक जातीय पहिरन र झाँकी तथा केही परम्परागत पेशा झल्काउने थिए । फिचर लेखहरू आदिवासी जनजातिका मुद्दालाई उजागर गर्नेतर्फ नभई विवरणात्मक लेखको प्रभुत्व पाइन्छ ।

यसरी लोकतान्त्रिक जनआन्दोलनअघि र पछि पनि नेपाली मिडिया क्षेत्रले आदिवासी जनजाति समुदायप्रतिको दृष्टिकोण तथा व्यवहारमा तात्त्विक भिन्नता वा सुधार पाइन्न ।

अध्याय - छ

# निष्कर्ष र सुझाव

## (Conclusion & Recommendation)

### ६.१ निष्कर्ष

नेपालमा व्यावसायिक पत्रकारिताको नारा सुनिन थालेको २०४७ सालपछि हो । त्यस यताको समयावधिमा सबैभन्दा फस्टाएको क्षेत्रमध्ये निश्चय पनि आमसञ्चार क्षेत्रको गणना अग्रपंक्तिमा गरिन्छ । साथै यसबीचको डेढ दशकमा नेपालका मूलधारका आमसञ्चार माध्यमहरूले पत्रकारिताको व्यावसायिक अभ्यासप्रति प्रतिबद्धता जनाउँदै आएका पनि हुन् । तर विकासक्रमलाई नियाल्दा पत्रकारिताको व्यावसायिकताको अवधारणालाई सञ्चार संस्थाले आफूलाई आदर्शवादी र जनमुखी देखाउने आभूषणका रुपमा मात्र केन्द्रीत गरेर पूर्णतः व्यापारिक अभीष्टतर्फ उन्मुख रहेको महसुस गरिएको छ । लोकतान्त्रिक शासन पद्दतिमा आमसञ्चार जगत्ले जनआवाजलाई मुखरित गर्ने महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने विश्वास गरिन्छ भने त्यसरी जनआवाजलाई प्रकाशमा ल्याउने क्रममा राज्य समाजका सबै वर्ग, तह, जाति, समुदाय तथा समप्रदायका पीरमर्कालाई तथ्यगत, निष्पक्ष रुपमा र सन्तुलित स्थान मिडियाले दिनुपर्दछ भन्ने पत्रकारिताको व्यावसायिक आदर्श रहेको छ । यसैमा मिडियाले जनसमुदायप्रति देखाउने प्रतिबद्धता, उत्तरदायित्व र न्याय निहित रहेको छ । तर विभिन्न कारणले मूलधारका आमसञ्चार माध्यमहरूले न्यायोचित व्यवहार गरेको छैन । अध्ययनका क्रममा मूलधारको पत्रकारितामा एक जाति, एक धार्मिक समुदायको वर्चस्व, सञ्चारमाध्यमको असमावेशी संरचना, नीतिगत स्पष्टको कमजोरी, सञ्चारकर्मीमा आदिवासी जनजातिले उठाएका सवालहरूप्रति गम्भीरता र जिम्मेवारीपनको कमी, सञ्चार संस्थाको उदासिनता, सञ्चारकर्मीप्रति आदिवासी जनजाति समुदायको अविश्वास, मिडिया उद्योगका रुपमा विकास हुने क्रममा बढ्दो व्यापारिक/व्यावसायिक प्रतिस्पर्धा/द्वन्द्व लगायतका पक्षहरूले गर्दा आदिवासी जनजाति समुदायका आवाज सम्प्रेषणमा मिडियाले न्याय गर्न सकेको छैन ।

यिनै मूल कारणसँगै मूलधारका आमसञ्चार माध्यमको वर्तमान वस्तुस्थिति र आदिवासी जनजातिका मुद्दालाई दिइएको महत्त्वका सन्दर्भमा निम्न निष्कर्ष निकाल्न सकिन्छः-

- नेपालको मूलधारका छापामा माध्यममा युवापुस्ताको सक्रियता रहेको छ ।

- नेपालको पत्रकारिता क्षेत्रमा शिक्षित जनशक्तिको उपस्थिति उत्साहजनक देखिन थालेको संकेत गरेको छ । स्नातक तह पूरा गरेका ४६ प्रतिशत र स्नातकोत्तर तहसम्म पढेका सञ्चारकर्मीहरूको उपस्थिति ४७ प्रतिशत पाइनु निश्चय पनि सकारात्मक सङ्केत हो । यसबाट नेपालको पत्रकारिता अभ्यासमा गुणात्मक प्रभाव पार्ने विश्वास गर्न सकिन्छ ।
- जातीयताका सन्दर्भमा मूलधारका आमसञ्चार माध्यममा ब्राम्हण जातिको बहुल्यता रहेको पाइन्छ भने धर्मका सवालमा हिन्दू धर्म मान्छु भन्नेको वर्चस्व देखियो ।
- आदिवासी जनजातिको पहिचान, उनीहरूले उठाएका समस्या र मागहरूमा विषयमा मूलधारका आमसञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीहरूमा आधारभूत अवधारणगत चेतना सन्तोषजनकसम्म रहेको मान्न सकिन्छ तर पर्याप्त छैन ।
- आदिवासी जनजातिले गरेका मागप्रति सञ्चारकर्मीहरूको धेरै हदसम्म सकारात्मक रहेको पाइयो । अध्ययनका क्रममा ८७ प्रतिशत सञ्चारकर्मीहरूले आदिवासी जनजातिका माग पूरा गरिनुपर्ने जनाएका थिए । उनीहरूका माग पूरा गर्नुपर्दैन भन्ने जम्मा ३ प्रतिशत रह्यो भने ७ प्रतिशत अनभिज्ञता जनाएका थिए ।
- मूलधारका सञ्चार गृहहरू आदिवासी जनजातिका सवालप्रति उदासिन रहेका छन् । आफू कार्यरत सञ्चार गृहले आदिवासी जनजातिका विषयलाई दिएको महत्त्वका सन्दर्भमा सोधिएको प्रश्नमा अधिकांशले सामान्य महत्त्व दिएको जनाएका छन् भने आफू कार्यरत संस्थाले आदिवासी जनजाति समस्यालाई बुझेर समाचार दिएको छ कि छैन भन्ने प्रश्नमा ६६ प्रतिशत सञ्चारकर्मीले बुझेर दिएको बताए भने १० प्रतिशतले नदिएको जनाए । साथै २४ प्रतिशतले भन्न नसक्ने उल्लेख गरेका थिए ।
- सञ्चार क्षेत्रमा पत्रकरिता शिक्षा लिएका पुस्ताको जमात बढ्दो छ र जातीयताभन्दा कार्यक्षमता विश्वास राख्ने तथा जातीय भेदभाव विरुद्ध सारा सञ्चारकर्मी एकमत छन् । यद्यपि सञ्चार संस्थामा समाचारमूलक सामग्री उत्पादनका कार्य विभाजनमा जातीयतालाई आधार मानिने अभ्यास पनि प्रचलित छ । यस विषयमा सर्वेक्षणमा सहभागी सञ्चारकर्मीमध्ये १५ प्रतिशतले जातीयता हेरेर जिम्मेवारी दिइने अनुभव गरेको तथ्यलाई भुल्न सकिन्न । ८५ प्रतिशतले व्यावसायिक कार्यमा जातीयताभन्दा कार्यक्षमता महत्त्वपूर्ण कुरा हो भन्ने साझा धारणा रहेको थियो । त्यस्तै यस सम्बन्धी नीतिको अभावका कारण पनि जातीयताका आधारमा जिम्मेवारी नदिइने पनि मत पाइयो । एक अर्को महत्त्वपूर्ण तथ्य के पनि हो भने यस सवालमा जनजाति समुदायका पत्रकार होऊन् या गैर जनजाति

सबैको प्रायः समान अभिमत पाइन्छ । जातीयताका आधारमा पनि जिम्मेवारी दिएको महसुस गरेका अधिकांश सञ्चारकर्मीहरूले समाचार सङ्कलनको कार्यमा हुने गरेको बताए भने केहीले सम्पादकीय र लेख-रचना लेखन, समाचार सम्पादन र व्यवस्थापनामा पनि जातीयता हेरिने बताए ।

- आदिवासी जनजातिका मुद्दाहरूलाई गम्भीर रुपमा सञ्चार माध्यममा ल्याउने सन्दर्भमा सञ्चारकर्मीहरूको उत्साह चिसो छ । विभिन्न कार्यक्षेत्र (बिट)मा कार्यरत सर्वेक्षणमा सहभागी पत्रकारहरूमध्ये ५३ प्रतिशतले आदिवासी जनजातिका विषयमा रिपोर्टिङ गरेका थिए भने ४७ प्रतिशतले कहिल्यै रिपोर्टिङ्ग नगरेको बताए । यस तथ्यले पनि आदिवासी जनजातिका समस्याबारे सञ्चारकर्मीमा पाइएको उदासिनतामा भूमिका खेलेको छ । यस्तै आदिवासी जनजातिका विषयलाई महत्त्व दिन पत्रकारहरूले गरेको कार्यमा सवालमा सर्वेक्षणमा सहभागीमध्ये अधिकांशले समाचार लेखेको जनाए । सर्वेक्षणमा ४१ प्रतिशतले आदिवासी जनजातिका विषयमा समाचार लेखेको बताए भने ११ प्रतिशतले लेख लेखेको, १ प्रतिशतले सम्पादकीय लेखेको र अध्ययन गरेको जनाउने ३७ प्रतिशत रहेका छन् ।
- सञ्चार संस्थामा जातीय उपस्थितिले त्यस समुदायका विषयवस्तुको कभरेजमा सकात्मक प्रभाव पार्छ । जातीय उपस्थितिले त्यस समुदायको कभरेज बढ्ने तथा आफ्नो समुदायका समस्याले उचित कभरेज पाउन मद्दत गर्छ भन्ने धारणा सञ्चारकर्मीमाझ प्रबल रहेको पाइयो । साथै प्रतिशतले जातीय उपस्थितिलाई महत्त्व नदिने पक्ष पनि नभएका होइनन् ।
- मुलुकको कुल जनसङ्ख्याको एक ठूलो समुदायका रुपमा रहेको आदिवासी जनजातिले उठाएका समस्या राजनीति, आर्थिक तथा सामाजिक/साँस्कृतिक सबै खाले सवाल हुन् । तैपनि मिडियामा प्रकाशमा आएका सामग्री मूल्याङ्कन गर्दा सञ्चार माध्यमले आदिवासी जनजाति समुदायका साँस्कृतिक कार्यक्रम, चाडपर्व, उत्सव र झाँकीहरूलाई समाचारपत्रको पृष्ठ सजाउने तस्वीर र जानकारीमूलक लेख सामग्रीका रुपमा प्रकाशन गर्नेबाहेक गम्भीर विषयहरूलाई यथोचित स्थान दिएको छैन ।
- विगत डेढ दशकयता आदिवासी जनजातिका मुद्दाहरू मिडियामा नउठेका छैनन् तर सही र यथार्थ रुपमा कतिको उठे भन्ने कुरा बहसकै विषय हो । मुद्दाका विषयमा राखिएको सवालमा व्यक्त कुल मतहरूमध्ये २५ प्रतिशत मत जातीय विभेदका पक्षमा रहे भने २० प्रतिशत शोषण, जनजातिका मागहरूका पक्षमा १९ प्रतिशत र अधिकार हनन तथा

जनजातिका मुद्दाहरू मिडियामा नउठेका छैनन् , सबै उठेका छन् साथै बढी उठेका छन् बरु गहिराइमा गएर बुझेर उठेका छैनन् भन्ने मत १८/१८ प्रतिशत रह्यो ।

- आदिवासी जनजाति सम्बन्धी सूचना स्रोतका रुपमा रहेका पक्षहरू (सङ्घ-संस्था, आन्दोलनकर्मी, कार्यकर्ता, विशेषज्ञ) सञ्चारकर्मीहरूबीच सहकार्यमा कमजोरी छ ।सर्वेक्षणमा सञ्चारकर्मीहरूले आदिवासी जनजातिका विषयमा रिपोर्टिङमा निम्न समस्या रहेको उल्लेख गरेका छन्-

(१) जनजाति आफैं आफ्नोबारेमा धेरै कुराबाट अनभिज्ञ छन् । जसलाई थाहा छ ती बताउन चाहनन् र मागी खाने भाँडो बनाएर बसिरहेका छन् ।

(२) पर्याप्त समाचार स्रोतको अभाव ।

(३) तथ्याङ्क र जानकारीहरू व्यवस्थित छैनन् ।

(४) कार्यकर्ताहरू भित्री जानकारी दिन नचाहने ।

(५) एक आपसको मनमुटावले राम्रो समाचार नआउने ।

(६) जनजातिबारेमा तथ्य तथ्याङ्क खोज्न परेमा राज्यको आधिकारिक निकाय नहुनु ।

(७) स्पष्ट धारण नआउने ।

(८) जनजातिहरू मिडियाका विषयमा गम्भीर छैनन् ।

(९) जनजाति संस्थामा प्रचारप्रसार सम्बन्धी प्रवृत्ति छैन ।

(१०) प्रकाशन गर्ने निर्णायक ठाउँमा गैर जनजाति छन् ।

(११) समाचार माध्यमले आदिवासी जनजातिका विषयलाई कम महत्त्व दिने ।

(१२) स्वयं जनजाति संस्थालाई समाचार सम्प्रेषणबारे ज्ञानको अभाव ।

(१३) जनजातिहरू खुलेर सूचना दिन हिच्किचाउँछन् ।

(१४) प्रायःजसो जनजातिहरूले गैर जनजाति (खासगरी ब्राम्हण, क्षेत्री) पत्रकारहरूलाई अविश्वास गर्ने वा पूर्वाग्रही दृष्टिले हेर्ने प्रवृति हाबी छ ।

## ६.२ सुझावहरू

(क) **समावेशीकरण**

- आमसञ्चार माध्यममा समावेशीकरणको प्रक्रिया थालिनुपर्छ ।
- सञ्चारकर्मीहरूको पेशागत सङ्गठन नेपाल पत्रकार महासङ्घमा समावेशीकरणको नीति अपनाइनुपर्छ ।
- प्रेस काउन्सिलमा जनजाति प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।

(ख) **समझदारी विकास**

- आदिवासी जनजातिका हकहितका लागि कार्यरत गैर सरकारी सङ्घ-संस्था वा जनजाति समुदायले सञ्चारमाध्यम तथा सञ्चारकर्मीप्रति पूर्वाग्रहको दृष्टिकोणबाट मुक्त भई सहकार्यका लागि अग्रसर हुनपर्छ ।
- सञ्चारकर्मीलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउन अन्तरक्रिया, छलफल तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- आदिवासी जनजातिका विषयवस्तुबारे सम्पादक समुदायसँग अन्तरक्रिया गरी जनजाति समुदायले आफ्ना धारणा प्रष्ट्याउनुपर्छ ।
- आदिवासी जनजातिका विषयवस्तुबारे प्रकाशक वा सञ्चालक वर्गसँग छलफल गरी जनजाति समुदायले आफ्ना मुद्दाहरूबारे प्रष्ट्याई सहयोगी सम्बन्ध विकास गर्नुपर्छ ।
- गैरजनजाति पत्रकारलाई जनजातिका विषयमा सूचना सम्प्रेषणमा जनजाति समुदायले पूर्ण सहयोग गरी हौसला र विश्वासको वातावरण विकास गर्नुपर्छ ।

(ग) **आमसञ्चारको प्रक्रियाबारे ज्ञान र सूचना व्यवस्थापन**

- जनजाति गैरसरकारी संस्थाहरूले पनि सञ्चारमाध्यमको कार्यविधि र सञ्चारकर्मीका आवश्यकताहरूबारे ज्ञान राख्नुपर्छ । मिडियाको कार्यसीमा अनुसार सूचना सम्प्रेषणमा जनजाति सङ्गठनहरूले सहयोग गर्नुपर्छ ।
- आदिवासी जनजातिका विषयमा सम्पूर्ण र आधिकारिक सूचना केन्द्र स्थापना गरिनुपर्छ ।
- जनजाति सङ्गठनहरू जनजातिका मुद्दाहरूबारे सञ्चारकर्मीहरूसँग बेला-बेलामा नियमित अन्तरक्रियाका कार्यक्रम राखी नयाँ विकासक्रमबारे जानकारी गराउनुपर्छ ।
- आदिवासी जनजाति समुदाय आफैं पनि आफूले उठाएका मुद्दाहरूको उद्देश्य र विषयवस्तुबारे स्पष्ट र जागरुक हुनुपर्छ । साथै आमजनसमुदायमा कसरी प्रस्तुत गर्ने भन्ने विषयमा अध्ययन गरी तयार रहनुपर्छ ।
- आदिवासी जनजाति आन्दोलनकर्मी समुदायले आमसञ्चार क्षेत्रसँग सहकार्यका लागि सञ्चार नीति तयार गरी सो अनुरुप व्यवहार गर्नुपर्दछ ।

(घ) **मिडियामा पहुँच**

- आदिवासी जनजाति आफैंले पनि मिडियामा लगानी गर्न पहल गर्नुपर्छ ।
- आदिवासी जनजाति सञ्चारकर्मीहरूको व्यावसायिक कार्य क्षमता वा सीप विकास गर्ने कार्यक्रम सञ्चालन गरिनुपर्छ ।
- मिडियामा जनजाति सञ्चारकर्मीको सङ्ख्यात्मक सहभागिता बढाउनुपर्छ ।

(ङ) **व्यावसायिकताप्रतिको प्रतिबद्धता**

- सम्पादक, प्रकाशक वा मिडियाका संचालक आदिवासी जनजातिका विषयमा संवेदनशील बन्नुपर्छ, कुनै पनि निहुँमा पूर्वाग्रह राख्नुहुँदैन ।
- सञ्चारमाध्यममा जनजाति बिट छुट्याउनुपर्छ ।
- मिडियाले व्यावसायिकताप्रतिको प्रतिबद्धता व्यवहारमा देखाउन सक्नुपर्छ । यस हिसाबले आदिवासी जनजातिका विषयहरूलाई सन्तुलित स्थान दिई समाचार, विचारप्रधान लेख प्रकाशन/प्रसारण गर्नुपर्छ । साथै प्रेस काउन्सिलले पत्रपित्रकाको व्यावसायिकता यस आधारमा  मूल्याङ्कन गरी प्रतिवेदनमा जनाउनुपर्छ ।

(च) **पुरस्कार/प्रोत्साहन**

- जनजातिका विषयमा लेख्न अभिप्रेरित गर्न जनजातिका विषयमा उत्कृष्ट लेख, लेखक र सञ्चारकर्मीलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ ।
- आदिवासी जनजातिका विविध विषयहरूमा अध्ययन गरी लेख्न सरकारी तथा गैर सरकारी संस्थाबाट लेखनवृत्तिको  प्रदान गर्ने नियमित कार्यक्रम हुनुपर्छ ।

## आगामी अध्ययन

- आमसञ्चार माध्यममा समावेशीकरण किन र कसरी ?
- मिडियामा जनजाति लगानी: सम्भावना र चुनौती
- नेपालको आदिवासी जनजाति आन्दोलनमा मिडियाको भूमिका
- प्रसारण माध्यममा आदिवासी जनजातिका मुद्दा
- अनलाइन माध्यममा आदिवासी जनजातिका मुद्दा
- मिडियामा जनजाति सञ्चारकर्मीको स्थान र प्रभाव

## सन्दर्भ सामग्रीहरू (References)


अधिकारी, राधेश्याम, संयोजक। २०६३। *उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन, २०६३*। काठमाडौंः उच्चस्तरीय मिडिया सुझाव आयोगको सचिवालय, सूचना विभाग।

अहिराज, राजेश; *साम्प्रदायिक सञ्चार र मधेशी पत्रकार*, कार्यपत्र। मंसिर १८, २०६२।

आदित्य, आनन्द। २०५३। *जनसञ्चार र प्रजातान्त्रीकरणः नेपालको सन्दर्भमा एक अध्ययन*। काठमाडौंः सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडीएस)

उप्रेती, टङ्क। २०६३। मिडियामा जनजातिको सहभागिता किन र कसरी ?। *टेलिआवाज* नेपाल टेलिभिजन कर्मचारी सङ्घद्वारा प्रकाशित टेलिपत्रिकाको सहप्रकाशन पृ. ५४-५५।

काफ्ले, कपिल (ले.) , ध्रुवहरि अधिकारी र तपनाथ शुक्ल (सं.)। २०६३। *पत्रकारिता डट खोज*। मदरल्याण्ड अफ नेपालका लागि अनिल पाण्डे।

खनाल, चिरञ्जीवी, लालदेउसा राई, प्रबलराज पोखरेल र बद्री पौड्याल। सन् १९९७। *बहुलवादी नेपाली समाजमा आमसञ्चार*। काठमाडौं : पत्रकारिता विभाग त्रि.वि. र फ्रेडरिक इवर्ट स्टिफ्टुङ्ग।

गुरुङ, डा. हर्क। सन् २००४। राष्ट्रियता र जनजाति। *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*। डेशेन, मेरी र प्रत्युष वन्त, सं., पृ. ४१८-४४६। काठमाडौंः सोसल साइन्स बहाः।

गुरुङ, डा. ओम। २०६३। *आदिवासी जनजातिले उठाएका प्रमुख मुद्दाहरू र तिनका निराकरणका उपायहरू,* नेपाल आदिवासी जनजाति महासङ्घ। कार्यपत्र।

गुरुङ, चुनबहादुर। २०६२।*सञ्चारमाध्यममा आदिवासी जनजातिका सवाल समस्या र समाधान*। नेपाल आदिवासी जनजाति पत्रकार सङ्घद्वारा असार ४ गते राजधानीमा आयोजित छलफलमा प्रसतुत कार्यपत्र।

घले, खिम। सन् २००७। मधेश र जनजाति आन्दोलनमा नेपाली प्रेस। *प्रेस स्वतन्त्रता लोकतन्त्रको एक वर्ष*। गाउँले, शिव र बलराम बानियाँ, सं., पृ.१०३-११८। काठमाडौंः नेपाल पत्रकार महासङ्घ।

घले, खिम। २०६३। बहुलवादी मिडियाका लागि अनिज। *मिडिया अध्ययन १*। हुमागाई,

देवराज, प्रत्युष वन्त, शेखर पराजुली, कोमल भट्ट र कृष्ण अधिकारी सं., पृ. १९९ । काठमाडौंः मार्टिन चौतारी ।

तामाङ, सीताराम । २०५८ । *विश्व आदिवासी आन्दोलन* । काठमाडौंः निरन्तर प्रकाशन प्रा. लि. ।

देवकोटा, गृष्मबहादुर । २०२३ । *नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास* । केशवप्रसाद लम्साल ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान । २०५८ । *नेपाली बृहत् शब्दकोश* (पाँचौं संस्करण ) ।

थापा, सूर्य । २०६२ । *नेपालमा राजतन्त्र र दलहरूबीचको सङ्घर्ष* । काठमाडौंः नवयुग प्रकाशन प्रा.लि. ।

प्रेस काउन्सिल नेपाल । ०६३ । *प्रेस काउन्सिल नेपाल ३१ औं वार्षिक प्रतिवेदन* । काठमाडौं : प्रेस काउन्सिल नेपाल, मंसिर ।

भट्टचन, डा. कृष्णबहादुर । सन् २००५ । *प्रशिक्षक प्रशिक्षण निर्देशिका आदिवासी जनजातिका सवालमा कानुनी सचेतना, नेतृत्व विकास र जनवकालत* । नेपाल आदिवासी जनजाति महासङ्घ, जनजाति सशक्तीकरण परियोजना ।

मल्ल, के. सुन्दर । ने.सं. ११२५ । *आदिवासी अधिकार व जनपैरवी* । यें : नेवाः देय् दबू ।

रेग्मी, शिव र पी. खरेल । २०५८ । *नेपालमा आमसञ्चारको विकास* । काठमाडौंः नेपाल आमसञ्चार प्रशिक्षक सङ्घ ।

लामा, मोहनसिंह । २०६३ । *सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था* । अप्रकाशित प्रतिवेदन । काठमाडौंः फ्रिडम फोरम ।

लिम्बु, युवराज । २०६३ । सञ्चारमा जनजातिका कुरा । *राजधानी,* १३ फागुन, पृ. २ ।

वन्त, प्रत्युष । २०६१ । रेडियो नेपालभन्दा पहिलेको युगमा नेपालीको रेडियो अनुभव । *रेडियो नेपालको सामाजिक इतिहास* । वन्त, प्रत्युष, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ.४० । मार्टिन चौतारी ।

वन्त, प्रत्युष र शेखर, पराजुली, सं । २०५८ । *नेपाली मिडियामा दलित र जनजाति* । काठमाडौं : एकता बुक्स ।

वन्त, प्रत्युष, कुमार यात्रु र भास्कर गौतम सं. । २०५८ । *छापामा जनजाति* । काठमाडौं : एकता बुक्स ।

शिल्पकार, शुभराज । २०६२ ।*नेपालमा पुस्तक प्रकाशनको इतिहास र विकासक्रम* । त्रि.वि. पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग । कार्यपत्र ।

शर्मा, पंचप्रसाद, कपिल लामिछाने र ऋषिराम भुसाल । २०५३ । *पत्रकारिताको रुपरेखा* । काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

हुमागाई, देवराज, प्रत्युष वन्त, शेखर पराजुली, कोमल भट्ट र कृष्ण अधिकारी सं. । २०६३ । *मिडिया अध्ययन १* । काठमाडौंः मार्टिन चौतारी ।

Gurung, Chun Bahadur . 2007 . *An Assessment & Analysis of Ethnic Media in Nepal* . Unpublished Report, Janajati Empowerment Project/ National Federation of Indigenous Nationalities (JEP/NEFIN).

Harcup, Tony. 2005. *Journalism Principles and Practice*, New Delhi : Vistaar Publications.

Jeffrey, Robin ,2003 . *India's Newspaper Revolution,* Second Edition, Oxford University Press.

Kharel, P., Dev Raj Dahal, Sushil Raj Pandey and Krishna B. Bhattachan. 2002. *Media and Society*. Kathmandu: Nepal Press Institute (NPI).

Kharel, P., ed. 2000. *Media Practices in Nepal*. Kathmandu: NAME

Upreti, Tanka, 2003. *Ethnicity and Media: Representation of Ethnic Minorities in Nepal Television, Master's Degree Dissertation,* London Metropolitan University.

# परिशिष्ट - १

# सर्वेक्षण प्रश्नावली

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहको *आमसञ्चार माध्यममा आदिवासी जनजातिका मुद्दा* विषयमा यो अध्ययन गर्न लागिएको हो । यस अध्ययनको सफलतामा यहाँले उपलब्ध गराइदिने सूचना ज्यादै महत्त्वपूर्ण हुनेछ । यहाँ उपलब्ध गराइएका सम्पूर्ण सूचना शैक्षिक प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ । साथै यहाँको परिचय गोप्य रहने भएकोले सत्य/तथ्य सूचना उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु ।

-शुभराज शिल्पकार, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं ।

नाम (ऐच्छिक):

संस्थाको नामः

लिङ्गः उमेरः धर्मः जातः

पदः

कार्य क्षेत्र(बिट): शिक्षाः कार्य अनुभवः

१. आदिवासी भनेको के हो ? (कृपया ✔ चिन्ह लगाइदिनुहोस्)

☐ कुनै भूभागमा सबभन्दा पहिले आएर बसेका र अहिले पनि बसोबास गरिरहेको जाति/समुदाय ।

☐ रैथाने बासिन्दा ।

☐ सामाजिक, आर्थिक तथा राजनीतिक रुपमा पिछडिएका जाति ।

☐ पहाडी जनजातिहरू ।

☐ बाहिरी मानिसहरूले अतिक्रमण गरी उनीहरूको भूमिलाई उपनिवेश बनाउनुभन्दा पहिले ऐतिहासिक निरन्तरतासाथ त्यहाँ विकसित हुँदैआएको समाजका सदस्यहरू हुन् ।

☐ मौलिक साँस्कृतिक ढाँचा, सामाजिक संस्था र कानुनी व्यवस्थाको मान्यताभित्र परम्परागत क्षेत्र  र जातीय पहिचानको संरक्षण संवर्द्धन गर्दै आएको जाति ।

☐ असभ्य समुदाय

२. जनजाति भनेको के हो ?

☐ आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने पछौटे जाति, सिकार खेली जीविका चलाउने आदिम जातिको समुदाय, आदिवासी ।

☐ हिन्दू वर्णाश्रमभित्र नपर्ने आफ्नो परम्परागत भौगोलिक बसोबास क्षेत्र, धर्म, संस्कृति, इतिहास, मातृभाषा, परम्परागत रीतिरिवाज, साँस्कृतिक पहिचान र सामाजिक संरचना इत्यादि भएको जाति वा समुदाय ।

☐ आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्ण हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन् ।

☐ अल्पसङ्ख्यक समुदाय

☐ असभ्य समुदाय

३. आदिवासी जनजातिका विशेषता के के हुन् ?

☐ जसको आफ्नो छुट्टै सामूहिक साँस्कृतिक पहिचान छ ।

☐ जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र संस्कृति छ ।

☐ जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।

☐ जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।

☐ जसको लिखित वा अलिखित इतिहास छ ।

☐ असभ्य समुदाय

☐ जुन समुदाय आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनम निर्णायक भूमिका छैन ।

☐ जो नेपालको आदिवासी हो ।

☐ जसले आफूलाई जनजाति भन्दछ ।

☐ गरीब तथा अल्पसङ्ख्यक

४. आदिवासी जनजातिले के-के माग गरेका छन् ?

☐ धर्म निरपेक्ष राज्यको घोषणा

☐ आत्मनिर्णयको अधिकारसहितको जातीय क्षेत्रीय स्वशासन

☐ सङ्घीय राज्य

☐ मातृभाषामा शिक्षाको व्यवस्था

☐ राज्य सत्ता, नीतिनिर्माणको सबै तहमा, सरकारी नोकरी, र शिक्षामा जनसङ्ख्याको आधारमा समानुपातिक आरक्षण

☐ संविधान निर्माण प्रक्रियामा समानुपातिक सहभागिता

☐ जनजातिहरूको पुख्यौली भूमि र प्राकृतिक स्रोतमाथिको परम्परागत अधिकार

☐ छुट्टै राज्य स्थापना

☐ साम्प्रदायिक राज्य संरचना

५. आदिवासी जनजातिले उठाएका समस्याहरू कस्ता विषय हुन् ?

(क) राजनीतिक (ख) आर्थिक (ग) सामाजिक/साँस्कृतिक (घ) सबै

६. आदिवासी जनजातिले उठाएका सवालहरू तपाईंलाई कस्तो लाग्छ ?

(क) जायज छन् (ख) जायज छैनन् (ग) मलाई थाहा छैन (घ) बेला भएको छैन

७. के उनीहरूका माग पूरा गरिनुपर्छ ?

(क) पर्छ (ख) पर्दैन (ग) थाहा छैन

८. तपाई कार्यरत संस्थाले आदिवासी जनजातिका विषयलाई महत्त्व दिएको छ ?

(क) छ (ख) छैन

▶ महत्त्व दिएको छ भने कत्तिको महत्त्व दिएको छ ?

(क) धेरै (ख) सामान्य (ग) कम (घ) छैन

▶ के-केमा ?

(क) समाचार (ख) लेख (ग) सम्पादकीय (घ) फोटो (ङ) सबै

९. तपाई कार्यरत संस्थामा काम गराईका क्रममा जातीयता हेरेर जिम्मेवारी दिइन्छ कि दिइन्न ?

(क) दिइन्छ (ख) दिइन्न

▶ यदि दिइन्छ भने कस्तो कस्तोमा दिइन्छ ?

(क) समाचार सङ्कलन (ख) सम्पादकीय लेखन (ग) लेख-रचना लेखन

(घ) समाचर सम्पादन (ङ) व्यवस्थापन

▶ दिइँदैन भने किन ?

.....................................................................................................

...................................................................................

१०. तपाईको अनुभवमा समाचार सङ्कलनका लागि सम्वाददाता छनौट गर्ने प्रक्रियामा जातीयतालाई ध्यान दिइन्छ ?

(क) दिइन्छ (ख) दिइन्न

११. तपाईंले अहिले कुन बिटमा रिपोर्टिङ गर्नुहुन्छ ?

(क) राजनीति (ख) अर्थ/वाणिज्य (ग) सामाजिक

(घ) कला/मनोरञ्जन/साहित्य (ङ) अपराध (च) खेलकुद

(छ) अन्य.............

१२. तपाईंले जनजातिका विषयमा रिपोर्टिङ गर्नुभएको छ ?

(क) छ (ख) छैन

▶ छ भने जनजातिका विषय(बिट)मा रिपोर्टिङ गर्दा के कस्ता समस्या वा अप्ठ्यारा के-के छन् ? (कृपया बुँदामा लेख्नुहोस्)

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

१३. मिडियामा जातीय उपस्थितिले त्यस समुदायका विषयवस्तुको कभरेजमा के फरक पार्छ ?

(क) कभरेज बढ्छ (ख) उचित महत्त्व पाउँछन् (ग) केही फरक पार्दैन

१४. के तपाई कार्यरतं मिडियामा आदिवासी जनजातिका समस्यालाई बुझेर समाचार दिएको छ ?

(क) छ (ख) छैन (ग) भन्न सक्दिन

▶ छ/छैन भने किन ?

..............................................................................................................

..............................................................................................................

१५. आदिवासी जनजातिका कस्ता-कस्ता मुद्दा मिडियामा उठेका छैनन् ?

(क) शोषण (ख) जातीय विभेद (ग) अधिकार हनन (घ) आदिवासी जनजातिका मागहरू(ङ) अन्य (कृपया उल्लेख गर्नुहोस्)

..............................................................................................................

१६. आदिवासी जनजातिका विषयवस्तुलाई महत्त्व दिन तपाईंले के गर्नुभएको छ ?

(क) समाचार लेखेको छु (ख) लेख लेखेको छु (ग) सम्पादकीय लेखेको छु

(घ) अध्ययन गरेको छु (ङ) अन्य

१७. समाचार माध्यममा आदिवासी जनजातिका समस्याहरूलाई उचित स्थान दिन के गर्नुपर्ला ?

(क) मिडियामा जनजाति सञ्चारकर्मीको सङ्ख्या बढाउनुपर्छ ।

(ख) सञ्चार माध्यममा जनजाति बिट छुट्याउनुपर्छ ।

(ग) सञ्चारकर्मीलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउने तालिम दिनुपर्छ ।

(घ) सम्पादकलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउनुपर्छ ।

(ङ) प्रकाशकलाई आदिवासी जनजातिका विषयवस्तुबारे प्रष्ट्याउनुपर्छ ।

(च) आदिवासी जनजातिहरूमा शैक्षिक, राजनीतिक तथा सामाजिक चेतना विकास गर्नुपर्छ ।

(छ) आदिवासी जनजाति आफैंले मिडियामा लगानी गर्नुपर्छ ।

(ज) जनजाति सङ्गठनहरूले मिडियालाई दबाब दिनुपर्छ ।

(ञ) जनजाति सङ्गठनहरूले मिडियासँग सम्झौता गर्नुपर्छ ।

(ट) अन्य (कृपया उल्लेख गर्नुहोस्)

.............................................................................................................

१८. यस अध्ययनको विषयमा यहाँका थप केही कुरा छन् ? (कृपया बुँदागत रुपमा उल्लेख गरिदिनुहोस्)

(क) ......................................................................................................

(ख) ......................................................................................................

(ग) ......................................................................................................

सहयोगका लागि धन्यवाद ।

# परिशिष्ट - २

## अध्ययनमा समावेश पत्रिका र सञ्चारकर्मीहरूको विवरण

| क.सं. | पत्रिकाको नाम | सञ्चारकर्मीको सङ्ख्या |
|---|---|---|
| १ | अन्नपूर्ण पोष्ट | १० |
| २ | कान्तिपुर | ५ |
| ३ | गोरखापत्र | १० |
| ४ | द राइजिङ नेपाल (अङ्ग्रेजी) | १० |
| ५ | द काठमाडौं पोस्ट (अङ्ग्रेजी) | ५ |
| ६ | द हिमालयन टाइम्स (अङ्ग्रेजी) | ८ |
| ७ | नेपाल समाचारपत्र | १० |
| ८ | राजधानी | ७ |
| ९ | नयाँ पत्रिका | १० |
| जम्मा | | ७५ |

# परिशिष्ट - ३

## नेपालका आदिवासी जनजातिहरू

| | | | |
|---|---|---|---|
| १. किसान | २१. थारु | ४१. मार्फाली | ६१. ह्याल्मो |
| २. कुमाल | २२. थुदुम | ४२. मुगाली | |
| ३. कुसवाडिया | २३. दनुवार | ४३. मेचे | |
| ४. कुसुन्डा | २४. दराई | ४४. राई | |
| ५. गनगाई | २५. दुरा | ४५. राउटे | |
| ६. गुरुङ | २६. धानुक | ४६. राजवंशी (कोच) | |
| ७. चिमतन | २७. धिमाल | ४७. राजी | |
| ८. चेपाङ्ग | २८. नेवार | ४८. लेप्चा | |
| ९. छन्त्याल | २९. पहरी | ४९. लार्के | |
| १०. छेरोतन | ३०. फ्रि | ५०. लिम्बू | |
| ११. जिरेल | ३१. वनकरिया | ५१. ल्होपा | |
| १२. झाँगड | ३२. बराम | ५२. ल्होमी (सिङसाबा) | |
| १३. ठिमतन | ३३. बाह्रगाउँले | ५३. सतार (सन्थाल) | |
| १४. डोल्पो | ३४. बोटे | ५४. सियार | |
| १५. ताङवे | ३५. व्याँसी | ५५. सुनुवार | |
| १६. ताजपुरिया | ३६. भुजेल (घर्ती) | ५६. सुरेल | |
| १७. तामाङ | ३७. भोटे | ५७. शेर्पा | |
| १८. तोप्केगोला | ३८. मगर | ५८. स्याङ्गतन | |
| १९. थकाली | ३९. मनाङ्गे | ५९. होलुङ | |
| २०. थामी | ४०. माझी | ६०. हायु | |

परिशिष्ट - ४

# नेपालको अन्तरिम संविधान २०६३ का प्रावधानप्रति आपत्ति तथा असन्तोष जनाउँदै नेपाल आदिवासी जनजाति महासङ्घले प्रधानमन्त्रीसमक्ष बुझाएको

## ज्ञापन पत्र :

**नेपालको अन्तिरिम संविधान २०६३ मा भएका आदिवासी जनजाति हक अधिकार विपरितका धारा-उपधाराहरू र संविधानले सम्बोधन गर्न नसकेका मूलभुत विषयहरू**

(विभिन्न जातीय संस्था, कानुनविद् तथा सांसदहरूबाट प्राप्त सुझावहरू समेत समावेश गरी तयार पारिएको)

जनआन्दोलनद्वारा पुनःस्थापित प्रतिनिधिसभाद्वारा पारित तथा विधायिका संसदद्वारा २०६३ माघ १ गते अनुमोदन र जारी गरेको नेपालको अन्तरिम संविधान २०६३ ले आदिवासी जनजातिहरूले उठाउँदै आएको प्रमुख माग राज्यको नीति निर्माण, निर्णय अधिकार र कार्यन्वयनका सबै तहहरूमा सहभागिता र समानुपातिक प्रतिनिधित्व, आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा राज्यको पुनःसंरचना, सङ्घात्मक स्वरूपको लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीका आधारमा समुदायगत समानुपातिक प्रतिनिधित्व जस्ता मुलभूत पक्षहरूलाई अन्तरिम संविधानले सम्बोधन गर्न नसकेकोले,

आदिवासी जनजातिहरूले लामो समयदेखि उठाउँदै आएको र जनआन्दोलनद्वारा पुनःस्थापित प्रतिनिधिसभाद्वारा घोषणा गरिएको धर्मनिरपेक्ष राज्यको भावना र आदिवासी जनजातिहरूको

हित विपरित राष्ट्रिय जनवार र रङका साथै सामाजिक विविधतासँग बाझिने र मेल नखाने राष्ट्रिय निशाना छाप र झण्डालाई संविधानले व्यवस्था गरेको छ । अर्को पक्ष नेपाल बहुभाषिक देश भएको संबिधानले स्वीकार गरे पनि एक मात्र भाषा नेपालीलाई नै सरकारी कामकाजको भाषा बनाएर पञ्चायत कालदेखि दिदै आएको एक भाषाको विशेषाधिकारलाई नेपालको अन्तरिम संविधान २०६३ ले पनि रिन्तरता दिएकोले,

अन्तरिम संविधान पारित र जारी गर्ने जुन प्रक्रिया र तरीका अवलम्वन गरियो । त्यसले लोकतन्त्रको उपहास गर्नुका साथै राजतन्त्रको निरंकुश अधिनायकत्वको ठाउँमा अर्को प्रकारको अधिनायकता कायम हुने खतराप्रति लोकतन्त्रका पक्षधरहरू र हामी आदिवासी जनजातिहरू गम्भीर हुनुपर्ने आवश्यकतामा जोड् दिदै,

आदिवासी जनजातिहरूले प्रतिगमन, निरंकुश राजतन्त्रका साथै राजतन्त्रको समुल अन्त्यको लागि ऐतिहासिक जनआन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाएको व्यहोरा सबै राजनैतिक दलहरूलाई जगजाहेर हुँदाहुँदै पनि जनआन्दोलनद्वारा निर्मित सरकारले आदिवासी जनजातिहरूको योगदानप्रति आँखा चिम्लदै र अवमूल्यन गर्दै र आदिवासी जनजातिहरूलाई पूरै उपेक्षा र उनीहरूले दिएको सुझावहरूलाई बेवास्ता गर्दै अन्तरिम संविधान निर्माण, पारित र जारी गर्ने बेलामा आदिवासी जनजातिहरूप्रति अपनाइएको रवैया र अन्तरिम संविधानमा आदिवासी जनजातिहरूले उठाएको मुलभूत मागहरूलाई सम्बोधन गर्नुको सट्टा उनीहरूको हित र भावना विपरित संवैधानिक व्यवस्थाहरू गरिएकाले,

आदिवासी जनजातिहरूको ५४ वटा सङ्गठन आबद्ध नेपाल आदिवासी जनजाति महासङ्घ र राजनैतिक दलहरूसँग सम्वद्ध नेपाल आदिवासी जनजाति संयुक्त सङ्घर्ष समिति, नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था गरिएका निम्न धारा उपधाराहरूलाई सोही संविधानको भाग २१ धारा १४८ को उपधारा २ (१) बमोजिम विधायिका-संसदबाट आदिवासी जनजातिहरूले उठाएको मूलभूत मागहरूलाई सम्बोधन र समावेश गर्न र उनीहरूको हित र भावनासँग बाझिएका व्यवस्थाहरूको थपघट, संशोधन र परिमार्जन तथा खारेज गर्न विशेष जोड दिंदै यो माग-पत्र प्रस्तुत गर्दछौं ।

## अन्तरिम संविधान २०६३ मा रहेको आदिवासी जनजातिको मर्म र भावना विपरितका

### धारा, उपधारा एवं व्यवस्थाहरू

**प्रस्तावनाः** प्रस्तावनामा लोकतान्त्रिक गणतन्त्र, ..राज्यको संरचना सङ्घात्मक ढाँचामा र...क्रान्तिको सट्टा सङ्घर्ष भनी थप्नुपर्ने ।

### भाग- १

१ धारा ३ **राष्ट्रः** बहुजातीय ................ आस्थावान भएका नेपालका सबै जाती जनजातिहरू नेपालका राष्ट्र हुन् ।

२. धारा ४ **नेपाल राज्यः** नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक स्वाधीन, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र सङ्घीय लोकतान्त्रिक गणतन्त्र राज्य हो ।

३ धारा ५ (२) **राष्ट्रभाषा** : नेपालमा बोलिने सबै राष्ट्रभाषाहरू सरकारी कामकाजको भाषा हुनेछन् ।

४ धारा ५ (३) त्यसरी प्रयोग गरिएका भाषालाई राज्यले सरकारी प्रयोजनको लागि सबै भाषामा अभिलेखन गरी राख्ने व्यवस्था गर्नेछ ।

५. धारा ६ **राष्ट्रिय झण्डाः** हाल विद्यमान नेपालको राष्ट्रिय झण्डाले एकल हिन्दू जाति तथा धर्मको मात्र प्रतिनिधित्व गर्ने हुँदा नेपालको सामाजिक साँस्कृतिक विविधता झल्कने खालको नयार राष्ट्रिय झण्डाको निर्माण गर्नुपर्ने ।

६. धारा ७ (२) **राष्ट्रिय जनावर र रङको व्यवस्था**

धर्म निरपेक्ष राज्यको भावना र मर्म विपरित गाईलाई राष्ट्रिय जनावर र सिम्रीक रङलाई राष्ट्रिय रङको रूपमा अन्तरिम संविधानले मान्यता दिएकोले सो खारेज गरी सबै जाति जनजातिहरूको सहमतिमा राष्ट्रिय जनावर र राष्ट्रिय रङको किटान गर्ने साथै राष्ट्रिय निशाना छापमा अंकित १४ वटा लालीगुराँसको फुलले एकात्मक र केन्द्रीकृत राज्य संरचनालाई निरन्तरता दिने उद्देश्य बोकेकोले सो खारेज गर्नुपर्ने । त्यसै गरी व्याकुल माइलाद्वारा रचित राष्ट्रिय गानलाई अनुसुचिमा राख्नुपर्ने ।

### भाग-२

७. धारा ५ **नागरिकताः** नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकता सम्बन्धि गरेको व्यवस्थाले नेपालको राष्ट्रियता तथा सार्वभौमिकता माथि आच पुऱ्याउन सक्ने हुदा सो

व्यवस्था खारेज गरी सरल र सुलभ तरिकाबाट नागरिकता उपलब्ध गराउन सम्बन्धित व्यक्तिको जातीय संस्थाको सिफारिसमा नागरिकता उपलब्ध गराउने तथा थर सच्याउने व्यवस्था गर्नुपर्ने ।

## भाग ३

८. धारा १२ (३) (च) **स्वतन्त्रताको हक:** व्यापार, पेशा वा रोजगारी गर्न कुनै सर्त वा योग्यता तोक्ने गरी कानुन बनाउने रोक लगाएको मानिने छैन भनी आदिवासी जनजातिका परम्परा र संस्कार संस्कृतिजन्य खानपिन तथा अन्य सीप साधनलाई प्रतिवन्ध लगाएको छ यसर्थ यसलाई सशोधन गरी आदिवासी जनजातिका संस्कार र संस्कृतिसाग सम्बन्धित कुराहरूलाई रोक लगाउने गरी कुनै कानुन निर्माण गरिने छैन भनी व्यवस्था गर्नुपर्ने ।

९. धारा १७ **शिक्षा तथा संस्कृति सम्बन्धि हक** (१) आफ्नो मातृभाषामा आधारभूत शिक्षा मात्र नभै उच्च शिक्षा हासिल गर्ने समेत पाउने सुविधा मौलिक अधिकारको रूपमा थप्नुपर्ने ।

१०. धारा १८ **रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धि हक**: आदिवासी जनजातिलाई हरेक रोजगारीका अवसरमा जातीय जनसङ्ख्याको आधारमा प्राथमिकता दिईनेछ  भन्ने कुरा सुनिश्चित गर्नुपर्ने ।

११. धारा १९ (३) **बैज्ञानिक भूमिसुधारको कार्यक्रम लागु गर्ने सम्बन्धमा** सार्वजनिक हितको लागि भन्ने बहानाले आीदवासी जनजातिका सभ्यता पूराना बस्ती, पैतृक भूमि एवं ऐतिहासिक महत्त्वका स्थल उजाड पार्ने र उनीहरूलाई सुकुम्वासी वनाउने गरी कानुन बनाइने छैन भन्ने कुराको ग्यारेन्टि गर्नुपर्ने । अधिकरण गर्नुपर्ने अवस्था आएमा सम्बन्धित व्यक्ति/समुदायको पूर्व सुचना र पूर्व सहमति लिएर मात्र गर्नुपर्ने । आदिवासी जनजातिहरूको परम्परागत भूमि तथा प्राकृतिक श्रोत साधनका साथै उनीहरूको परम्परागत ज्ञान र सीपलाई विशेष संरक्षण गर्ने र ती स्रोत साधन र ज्ञान सीपको प्रथम आधिकारी उनीहरू नै हुनेछन भनी थप्नुपर्ने । राष्ट्रिय तथा स्थानीय तहमा प्राकृतिक स्रोत र साधन बाँडफाँड र उपयोग गर्दा जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CBD 1992) बमोजिम तहमा आदिवासी जनजातिहरूको प्रत्यक्ष सहमति र सहभागिमा गर्नुपर्ने ।

१२. धारा २१ **सामाजिक न्यायको हक:** आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले मात्रै हैन राजनैतिक दृष्टिले पनि पछि पारेका आदिवासी जनजाति समुदाय भन्नुपर्ने ।

१३. धारा २७ **सूचनाको हक**: प्रत्येक समुदायलाई आफ्नै मातृभाषामा सुचना माग्ने र पाउने हक हुनेछ भनि थप्नुपर्ने ।

## भाग- ४

## <u>राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू</u>

१४. धारा ३३ (घ) **<u>राज्यको अग्रगामी पुनःसंरचना</u>**को भाषा अस्पष्ट भएकोले स्पष्टसाथ आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा सङ्घात्मक ढाँचासहितको राज्यको पुनसंरचना गर्ने भन्ने स्पष्ट वाक्य राख्ने ।

१५. **<u>थप्नुपर्ने</u>**: आदिवासी जनजाति, दलित, तराई समुदाय र महिलाहरूलाई जातीय जनसङ्ख्याको आधारमा नीति निर्माण गर्ने, नीति निर्णय लिने तथा कार्यान्वयन गर्ने तह लगायत राज्य संरचनाको सबै तहहरूमा समानुपातिक प्रतिनिधित्व र सहभागिता बनाउने । त्यसैगरी अल्पसङ्ख्यक समुदायहरूलाई राज्यको नीतिनिर्माण, नीतिनिर्णय तथा कार्यान्वयनको तहमा सहभागी बनाउन विशेष संवैधानिक व्यवस्था गर्नुपर्ने ।

१६. धारा ३४ **<u>राज्यका नीतिहरू</u>**

आर्थिक, सामाजिक, शैक्षिक, लैङ्गिक, क्षेत्रीय तथा राजनैतिक दृष्टिकोणले राज्यले पछि पारेका आदिवासी जनजाति, महिला दलित, हिमाली, तराइवासी, धार्मिक, अपाङ्ग, अल्पसङ्ख्यक अन्य पिछडा र उपेक्षित जाति एवं समूहलाई निःशुल्क शिक्षा र कानुनी सहायता प्रदान गर्ने राज्यको नीति हुनेछ भन्ने र आजसम्म राज्यले पछाडि पारेको वर्ग क्षेत्र आदिवासी जनजाति र समुदायलाई राज्यका हरेक तहमा सहभागिमूलक प्रतिनिधित्व गराउन राज्यले विशेष नीति अवलम्बन गर्नेछ भन्ने बुँदा थप्ने ।

१७. धारा ३६. **<u>अदालतमा प्रश्न उठाउन नसकिने</u>**: "यस भागमा लेखिएका विषयहरू कार्यन्वयन भए नभएका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिनेछैन" भन्ने व्यवस्थाले राज्यले यस भागको नीतिहरूलाई नैतिक एवं स्वेच्छिक दायित्व (Obligatory) भनेर राज्यले सम्झेको छ तर यो बाध्यात्मक (Mandatory) बनाउनु पर्छ र यस विषयमा अदालतमा विषय उठाउन पाउनुपर्छ भन्ने व्यवस्था गर्नुपर्ने ।

## भाग -५

१८. धारा ३८. **<u>मन्त्री परिषदको गठन</u>**

मन्त्रीपरिषदको गठन गर्दा सहमतीय र समावेशी रुपमा गरिनुपर्छ ।

## <u>व्यवस्थापिका/संसद</u>

१९. भाग-६. (४५) **<u>व्यवस्थापिका/संसदको गठन</u>**: व्यवस्थापिकामा एक जातिको १ जना र बाँकी सिटहरूमा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न

समानुपातिक निर्वाचन प्रणालीको पद्धति अपनाउनु पर्छ ।

२०. धारा ४९ **सपथः** सार्वभौम जनताले चुनेर पठाएका सदस्यहरूले ईश्वरको नाममा होइन सार्वभौम जनताको नाममा सपथ लिने व्यवस्था गर्नुपर्छ ।

२१. धारा ५० **व्यवस्थापिका/संसद/संविधानसभाको** सभामुख र उपसभामुख मध्ये कुनै एक महिला र आदिवासी जनजाति मध्येबाट छनौट गर्नुपर्ने व्यवस्था हुनुपर्ने ।

२२. धारा ५८ **समितिः** व्यवस्थापिका- संसद -संविधानसभामा विभिन्न समिति बनाउँदा जातीय आधारमा समानुपातिक एवं सहभागितामूलक प्रकारको समिति बनाउनुपर्ने ।

२३. धारा ६१ (२) **व्यवस्थापिका- संसद-संविधानसभा**को काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक हुने कर्मचारी समानुपातिक एवं सहभागितामूलक आधारमा नियुक्ति गर्नुपर्ने ।

## भाग-७,

## संविधानसभा

२४. धारा ६३ (३) **संविधानसभाको गठन** : संविधानसभाको गठन गर्दा राजनैतिक र समुदायगत दुवै आधारमा प्रतिनिधित्व हुने व्यवस्था गर्ने । हरेक जातिको न्युनतम १ जना प्रतिनिधि सुनिश्चित गर्दै बाँकी अन्य सिटहरूमा जनसङ्ख्याको आधारमा समानुपातिक ढङ्गले प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने ।

२५. धारा ६३ (७) **मतदान गर्ने अधिकार**ः १६ वर्ष उमेर पुगेका नेपाली नागरिकलाई राज्यले वालिग भएको मान्यता प्रदान गरेको हुँदा संविधानसभाको निर्वाचनको लागि आमवालिग मताधिकारको सिद्धान्तको आधारमा १६ बर्ष उमेर पुगेका हरेक नेपाली नागरिकले आफुले निर्वाचन गरेको प्रतिनिधिलाई प्रत्याव्हान गर्ने अधिकार सहित मतदान गर्न पाउनुपर्ने व्यवस्था गर्ने । साथै विदेशमा विभिन्न व्यवसाय अपनाई बसोवास गर्ने प्रत्येक नेपाली नागरिकलाई मतदानको अधिकार प्रदान गर्ने व्यवस्था मिलाउने ।

## भाग १०

## न्यायपालिका

२६. धारा १०३, १०९ र ११८ **न्यायधिशको नियुक्तिको व्यवस्थाः** सबै तहका अदालतहरूमा न्यायधीशहरूको नियुक्ति गर्दा सहभागितामूलक आधारमा हुनुपर्ने ।

२७. धारा ११३ **न्याय परिषदः** न्याय परिषद गठन गर्दा जातीय सहभागितामूलक आधारमा सदस्यहरू रहनेगरी गठन गर्ने

२८. धारा ११४ (२) न्याय सेवा आयोगको गठन गर्दा सहभागितामूलक आधारमा गठन गर्ने ।

२९. **थप्नुपर्ने:** सबै अदालतहरूमा अदालतका काम कार्यवाही एवं निर्णयहरू लाई सबै जाति र भाषीहरूले बुझ्ने गरी विभिन्न भाषाका दोभाषेहरूको व्यवस्था गर्नु पर्ने ।

### भाग-११, १२, १३, १४, १५ र १६ को विभिन्न धाराहरूसँग सम्बन्धित

३०. **थप्नुपर्ने:** संवैधानिक आयोग र समितिहरू निर्माण गर्दा ती आयोग तथा समितिहरूका अध्यक्ष तथा सदस्यहरू नियुक्ति गर्दा जातीय सहभागिमूलक आधारमा नियुक्त गर्ने ।

३१. **थप्नुपर्ने:** संवैधानिक अङ्गमा कर्मचारीहरूलाई नियुक्ति गर्दा पनि जातीय आधारमा समानुपातिक र सहभागितामूलक आधारमा नियुक्त गर्ने ।

### भाग १७

### राज्यको ढाँचा र स्थानीय स्वायत्त शासन

३२. धारा १३८ (ख) **राज्यको ढाँचा र स्वायत्त शासन:** आत्मनिर्णयको अधिकारको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा राज्यको स्वरुप सङ्घात्मक ढाँचामा हुनेछ भन्ने स्पष्ट गरिनुपर्ने । साथै स्थानीय निकाय देखि नै समावेशीय आधारमा राज्यको पुन:संरचना गर्नपर्ने ।

### भाग १८

### राजनैतिक दल

३३. धारा १४२ (४) **राजनैतिक दल** आदिवासी जनजाति, अल्पंख्यक, क्षेत्र आदिको हक अधिकार प्राप्तिको लागि राजनैतिक उद्देश्य बोकी स्थापना भएको पार्टीले मान्यता पाउनुपर्ने ।

३४. धारा १४२ (५) दल दर्ता गर्न १०,००० मतदाताहरूको हस्ताक्षरको व्यवस्था अव्यवहारिक, अलोकतान्त्रिक र अवैज्ञानिक भएकोले सो खारेज गर्नुपर्ने ।

### भाग २०

३५. धारा १४४, **नेपाली सेनाको गठन:** नेपाली सेनाको गठन गर्दा नेपाली सेनालाई व्यवसायिक र आधुनिकीकरण गर्दै जातीय जनसङ्ख्याको आधारमा समानुपातिक ढंगबाट गर्ने ।

३६. धारा १४५ राष्ट्रिय सुरक्षा परिषदको गठन: राष्ट्रिय सुरक्षा परिषदको गठनमा समावेशीय संरचना झल्कीनु पर्ने ।

### भाग २२

### विविध

३७. धारा १४९ **संवैधानिक परिषद: सबैधानिक परिषदको गठन** जातिय समानुपातिक र समावेशीय सिद्धान्तको आधारमा गरीनुपर्ने ।

३८. धारा १५० नेपाली राजदुत र विशेष प्रतिनिधिः सरकारले राजदुत र प्रतिनिधिहरू नियुक्ति गर्दा आदिवासी जनजाति, क्षेत्र, लिङ्ग, उपेषित र उत्पीडित वर्गलाई सहभागितात्मक बनाउँदै नियुक्ति गर्ने ।

३९. धारा १५१ माफीः मन्त्रिपरिषदले जुनसुकै ............. सक्नेछ भन्ने धारामा तर कुनै सबुत प्रमाण र आधार विना मन्त्री परिषदको निर्णयले मात्रै कुनै पनि सजायमा माफी मूल्तवी, परिवर्तन वा सजाय कम गर्न सक्नेछैन भन्ने वाक्यांश थप्नुपर्ने ।

४०. धारा १५२ (२) उपाधि विभूषण, नेपाली नागरिकले विदेशी सेना तथा अन्य क्षेत्रमा उल्लेखनीय काम गरी पाउने पदक तथा विभुषण प्राप्त गर्न सरकारबाट स्वीकृति लिई रहनु पर्ने व्यवस्था खारेज गर्ने ।

४१. धारा १५३ र १५४: सरकारी सेवाको गठनः कुनै पनि आयोग र समितिको गठन गर्दा सहभागितामूलक आधारमा आयोगको गठन गर्नु पर्ने ।

४२. धारा १५५ (२) संवैधानिक निकायका पदाधिकारीको सुनुवाईः संवैधानिक तथा अन्य महत्त्वपूर्ण पदहरूमा नियुक्त हुनेको लागि अंगीकृत नागरिक योग्य नहुने ।

४३. भाग २३, धारा १५९ (३) राजा सम्बन्धि व्यवस्थाः राजा राख्ने वा नराख्ने विषय राष्ट्रिय महत्त्वको विषय भएकोले राजनैतिक सहमति कायम गरी त्यसको निर्णय सार्वभौमसत्ता सम्पन्न विधायिका संसदले गर्नुपर्ने ।

## नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था हुनैपर्ने विषयहरू

१. प्रधानमन्त्री, सभामूख, उपसभामूखलाई पदमुक्ति गर्ने व्यवस्था नभएकोले विधायिका संसदको दुई तिहाई सदस्यको बहुमतले पदमुक्त गर्ने व्यवस्था गर्नुपर्ने ।

२. अन्तरिम संविधानमा विधायिका संसदको बैठकको आव्हान गर्ने कुनै व्यवस्था नभएकोले एक तिहाई सदस्यहरूले लिखित माग गरेमा विधायिका संसदको बैठकको आव्हान गर्ने व्यवस्था हुनुपर्ने ।

३. विधायिका संसद र अन्तरिम सरकारमा आदिवासी जनजाति महिला, दलित, तराई एवं अन्य उपेषित वर्ग र समुदायहरूको समानुपातिक प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गर्नुपर्ने ।

४. राष्ट्रिय झण्डा निर्माणको लागि आयोग वा कार्यदल गठन गर्नुपर्ने ।

५. कुनै पनि संवैधानिक आयोग, समिति तथा कुटनैतिक नियोगहरूमा आदिवासी जनजातिहरूको तर्फबाट नियुक्ति वा मनोनयन गर्दा आदिवासी जनजातिहरूको प्रतिनिधिमूलक साझा सङ्गठन नेपाल आदिवासी जनजाति महासङ्घसँग परामर्श गरी त्यसको सिफारिसलाई आधार मानेर गर्नुपर्ने ।

६. छुवाछुतलाई व्यवहारतः अन्त गर्नुपर्ने ।

७. जनजातिहरूको परंपरागत कानुनलाई मान्यता दिदै उनीहरूको जातीय पहिचान सहितको राजनैतिक दल खोल्न पाउने व्यवस्था गर्नुपर्ने ।

८. राष्ट्रियता सम्बन्धी कुनै पनि कुरो टुङ्गो लगाउन जनमत संग्रह गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।

९. धारा ३८ अन्तर्गत ४८ सिटको बाँडफाँडको लागि व्यवस्था गरिएको स्पष्टिकरण हटाउनुपर्ने ।

१०. जातीय धर्म संस्कार-संस्कृति र परंपरामा आधारित मूल्य मान्यता र प्रचलनलाई कानुनले मान्यता दिनुपर्ने ।

परिशिष्ट - ५

# नेपाल आदिवासी जनजाति महास ्घका सदस्य सङ्गठनहरू

| क.सं. | आदिवासी जनजाति | संस्थाको नाम |
|---|---|---|
| १ | बाह्रगाउ | बाह्रगाउ समाज सेवा समिति |
| २ | बराम | नेपाल बराम सङ्घ |
| ३ | भोटे | नेपाल भोटे जनजाति सेवा समिति |
| ४ | भुजेल | भुजेल समाज सेवा समिति |
| ५ | बोटे | नेपाल बोटे समाज सेवा |
| ६ | छन्त्याल | नेपाल छन्त्याल सङ्घ |
| ७ | चेपाङ | नेपाल चेपाङ (प्रजा) सङ्घ |
| ८ | दनुवार | दनुवार जागरण समिति |
| ९ | दराई | नेपाल दरै उत्थान समाज |
| १० | धानुक | नेपाल धानुक समाज |
| ११ | धिमाल | धिमाल जाति बिकास केन्द्र |
| १२ | डोल्पो | नेपाल डोल्पो जनजाति विकास केन्द्र |
| १३ | दुरा | दुरा सेवा समाज |
| १४ | गन्गाई | नेपाल गनगाई (गणेश) कल्याण परिषद |
| १५ | गुरुङ | तमु बौद्ध सेवा समिति |
| १६ | हायू | वायु गुखाता कोलु पंदाक्मी (हायु) |
| १७ | झांगड | नेपाल झाँगड (उरावं) कोड्रेम सुधारा |
| १८ | जिरेल | जिरेल सङ्घ नेपाल |
| १९ | किसान | किसान समुदाय क्लव |
| २० | कुशवाडिया | कुचबाडिया उत्थान सङ्घ |
| २१ | कुमाल | नेपाल कुमाल समाज सुधार समिति |
| २२ | लाप्चा | रोङ सेजुम ठी (लाप्चा उत्थान मञ्च) |
| २३ | लार्के | लार्के समाज कल्याण केन्द्र |
| २४ | ह्योल्मो | नेपाल ह्योल्मो समाज सेवा सङ्घ |
| २५ | लिम्वु | किराात याक्थुङ चुम्लुङ |
| २६ | मगर | नेपाल मगर सङ्घ |
| २७ | माझी | नेपाल माझि उत्थान सङ्घ |

| | | |
|---|---|---|
| २८ | मार्फाली | मार्फा थकाली सेवा सदन |
| २९ | मेचे | मेचे समाज सिवीयारी अफात |
| ३० | मुगाल | मुगाल जनजाति समाज कल्याण केन्द्र |
| ३१ | नेवार | नेवाः देय दवु |
| ३२ | पहरी | नेपाल पहरि बिकास सङ्घ |
| ३३ | राई | किराात राई यायोक्खा |
| ३४ | राजवंशी | राजवंशी भाषा प्रचार समिति |
| ३५ | राजी | राजी शाल्म समाज |
| ३६ | सन्थाल | नेपाल संन्थाल आदिवासी उत्थान सङ्घ |
| ३७ | शौका | ब्याासी शौंका समाज |
| ३८ | शेर्पा | नेपाल शेर्पा सङ्घ |
| ३९ | शिंसावा(ल्होमी) | शिङ्सा कल्याण केन्द्र |
| ४० | सियार | सियार समाज कल्याण केन्द्र |
| ४१ | सुनुवार | सुनुवार सेवा समाज |
| ४२ | सुरेल | सुरेल जाति उत्थान संस्था |
| ४३ | ताजपुरिया | ताजपुरिया समाज कल्याण परिषद |
| ४४ | तामाङ | नेपाल तामाङ घेदुङ |
| ४५ | ताङ्वे | तांवे समाज सेवा सङ्घ |
| ४५ | थकाली | थकाली सेवा समिति |
| ४७ | तीन गाउँले थकाली | तीन  गाउाले थकाली सेवा समिति |
| ४८ | थामी | नेपाल थामी समाज |
| ४९ | थारु | थारू कल्याणकारी सभा |
| ५० | थुदाम | थुदाम समाज सेवा संस्था |
| ५१ | तोप्केगोला | तोक्पेगोला समाज सेवा समिति |
| ५२ | वालुङ | वालुङ सेवा समाज |
| ५३ | याक्खा | किराँत याक्खा छुम्मां |

*स्रोत:* नेपाल आदिवासी जनजाति महासङ्घ
सङ्घीय परिषदको सचिवालय

## परिशिष्ट - ६

## २०६२ साल फागुन मसान्तसम्म दर्ता भए का पत्रपत्रिको तथ्याङ्क

| **किसिम** | **सङ्ख्या** | **भाषा** | **सङ्ख्या** |
|---|---|---|---|
| दैनिक | ३१३ | नेपाली | २९५६ |
| अर्ध साप्ताहिक | १० | अङ्ग्रेजी | ३५५ |
| साप्ताहिक | १५०६ | नेपाली/अङ्ग्रेजी | ७३२ |
| पाक्षिक | ३०० | नेवारी | २५ |
| मासिक | १३१३ | संस्कृत | २ |
| द्वैमासिक | २६७ | हिन्दी | १३ |
| त्रैमासिक | ४१९ | मैथली | १३ |
| चौमासिक | २२ | भोजपुरी | २ |
| अर्ध साप्ताहिक | ६० | उर्दु | २ |
| अर्धवार्षिक | ७६ | तिब्बती | १ |
| वार्षिक | | थारु | ५ |
| | | लिम्बु | १ |
| | | डोटेली | १ |
| | | अन्य | १७८ |
| जम्मा | ४२८६ | जम्मा | ४२८६ |

स्रोतः सूचना विभाग